## बरेङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हुग्दिशिर, बागलुङ

४ नं. प्रदेश, नेपाल



# पार्श्वचित्र

२०७५, बैशाख



# दुई शब्द

यस गाउँपालिकामा साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समावेश गरी मिति २०७३/११/२२ गते संघिय संरचना अनुसार नयाँ गाउँपालिका गठन गरिएपछि गाउँपालिकाको समग्र वस्तुस्थिती झल्काउने पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँको विकासको वर्तमान अवस्थालाई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गाउँ विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुग्ने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भअनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाको सम्पूर्ण परिवार, सम्पूर्ण कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत तथा अन्य वडा तहमा महत्वपूर्ण जिम्मेवारी पुरा गर्ने कर्मचारी एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँको विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष



# मेरो दुई शब्द

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाका विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी गाउँ पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँवासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने अध्यक्ष ज्यू, निर्वाचित जनप्रतिनिधिहरु, सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, प्रमुख प्रशासकीय अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

दिल कुमारी पुन

उपाध्यक्ष



# मेरो भन्नु

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवंम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तत् सम्बन्धि तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुर्नसंरचित स्थानीय सरकारको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा जनताले स्थानीय सरकारबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो गाउँको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यसबाट हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, गाउँ कार्यपालिकाका सम्पूर्ण सदस्यहरु, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौं लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

बैकुण्ठ पौडेल

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची


**खण्ड १ : भूमिका** १

१.१ पृष्ठभूमि १

१.२ अध्ययनको उद्देश्य १

१.३ अध्ययनको महत्व २

१.४ अध्ययनको औचित्य २

१.५ अध्ययन विधी २

१.६ अध्ययनका सीमाहरु ३

**खण्ड २ : बरेङ गाउँपालिकाको परिचय** ४

२.१ संक्षिप्त परिचय ५

२.२ गाउँपालिकाको स्थापना ६

२.३ भौगोलिक अवस्थिति ८

२.४ भूक्षेत्र (टोपोग्राफी) ९

२.४.१ माटोको बनावट र उर्वराशक्ति ९

२.४.२ भू-आकृति तथा माटोको बनोट ९

२.४.३ हावापानी १०

२.५ भू-क्षेत्रको वर्गीकरण ११

२.६ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु १४

२.७ गाउँपालिकाको अवसर र सम्भावनाहरु १५

२.८ गाउँपालिकाको चुनौती तथा समस्याहरु १६

२.९ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध १६

२.१० नदी तथा ताल तलैयाहरु १७

२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २१

२.११.१. धार्मिक स्थलहरु २२

२.११.२ प्राकृतिक तथा पर्यटकीय स्थलहरुको २५

२.१२ मुख्य चाडपर्वहरु २८

२.१३ सँस्कृति, कला, भाषा र साहित्य ३२

२.१४ भेषभूषा तथा चालचलन ३३

**खण्ड ३ : जनसाङ्ख्यिक विवरण** ३४
३.१ जनसंख्याको विवरण ३४
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३६
३.३ उमेर समूहअनुसार जनसख्याको विवरण ४०
३.४ उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण ४१
३.५ पहिलो विवाह गर्दाको उमेरको विवरण ४३
३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ४४
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ४५
३.८ धर्मअनुसार जनसंख्याको विवरण ४७
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४८
३.१० घरमूलीको लैङ्गिक विवरण ४९
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५०
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ५१
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ५२
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ५३
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ५४
३.१६ जगको आधारमा घरको बनोटको विवरण ५५
३.१६.१ घर निर्माणका किसिमहरु ५६
३.१७ गाउँपालिकाको मतदाता संख्या विवरण ५६
**खण्ड ४ : भू-उपयोग** ५७
४.१ गाउँपालिकाको भू-उपयोगको विवरण ५७
४.२ वस्ती विकासको स्वरुप ५९
४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप ६१
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ६३
४.५ भू-क्षय सम्भावित क्षेत्र ६३
४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ६४
**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ६५
५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप ६५
५.१.१ गाउँपालिकाको चालु र पूँजिगत खर्च विवरण ६५
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ६६

५.३ आश्रित जनसंख्याको विवरण ६६
५.४ कृषि ६६
५.४.१ बाली सम्बन्धी विवरण ६८
५.४.२ कृषि बालीमा लाग्ने रोग ६८
५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण ६९
५.४.४ बाली पात्रो ७०
५.४.५ कृषि बजारीकरण ७०
५.४.६ कृषि पकेट क्षेत्रको विवरण ७१
५.४.७ जग्गाको उर्वराशक्ति ७१
५.४.८ माछा पालन सम्बन्धी विवरण ७२
५.४.९ बरेङ गाउँपालिकामा रहेका कृषक समूहहरु ७२
५.५ सिंचाई ७३
५.६ पशुपालन ७४
५.६.१ पशु सेवा केन्द्र ७४
५.६.२ पशु नश्ल ७५
५.६.३ पशुपंक्षीमा लाग्ने रोगहरु ७५
५.६.४ गाई/भैंसी/बाखा फार्महरुको विवरण ७५
५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण ७७
५.६.६ मासु बजारीकरण ७७
५.७ थोक तथा खुद्रा व्यापार ७७
५.७.१ निकासी पैठारी स्थिति ७८
५.७.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ७८
५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू ७९
५.९ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ८०
५.१० बैंकको विवरण ८०
५.११ सहकारी संस्थाको विवरण ८१
५.१२ संघ संस्था तथा विभिन्न समूहहरु ८१
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार** ८२
६.१ गाउँपालिकाका हालका भवनहरुको विवरण ८२
६.२ सामुदायिक भवनहरुको विवरण ८२
६.३ यातायात ८४

६.३.१ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रमा पुग्न लाग्ने समय ८६
६.३.२ गाउँपालिका केन्द्रबाट वडा केन्द्र सम्मको दुरी ८७
६.३.३ झोलुङ्गे पुलको विवरण ८७
६.४ संचार ८८
६.४.१ गाउँपालिकामा सेवा पुऱ्याइरहेका एफ.एम. रेडियोहरु ८९
६.४.२ हुलाक सेवा ८९
६.५ विद्युत ८९
६.५.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९०
६.५.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९२
खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ९३
७.१ शिक्षा ९३
७.१.१ साक्षरता स्थिति ९४
७.१.२ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ९६
७.१.३ शैक्षिक जनशक्तिको विवरण ९९
७.१.४ विषयगत शैक्षिक जनशक्तिको विवरण १००
७.१.५ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण १०१
७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू १०२
७.२ स्वास्थ्य १०३
७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) १०४
७.२.२ गाउँघर क्लिनीक र नियमित खोप १०५
७.२.३ एच. आई. भी./एडसको अवस्था १०५
७.२.४ परिवार नियोजन १०५
७.२.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०५
७.२.६ खोपको विवरण १०६
७.२.७ बाल्यकालमा हुने रोगका जोखिम १०६
७.२.८ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर १०६
७.२.९ बालपोषण सम्वन्धी विवरण १०६
७.३ खेलकुद तथा मनोरञ्जन १०७
७.४ सामाजिक सुरक्षा सेवा १०८
७.४.१ सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण १०८
७.४.२ बृद्धबृद्धाहरूको अवस्था १०९
७.५ महिला तथा बालबालिका १०९

७.५.१ महिला सम्बन्धी विवरण १०९
७.५.२ बालबालिका सम्बन्धी विवरण १११
७.५.३ बालश्रमको अवस्था ११२
७.५.४ बालक्लब ११२
७.६ शान्ति सुरक्षा ११३
७.७ अपाङ्गताको विवरण ११४
७.८ खानेपानी तथा सरसफाई ११६
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ११८
७.८.२ शौचालयको विवरण ११९
७.८.३ वडागत शौचालयको संख्याको विवरण १२०
७.८.४ खुल्ला दिशामुक्त क्षेत्र १२१
७.९ फोहोर मैला व्यवस्थापन १२१
७.१० शवदाह/ चिहानहरुको विवरण १२२
**खण्ड ८ : वन तथा वातावरण** १२३
८.१ प्राकृतिक वन तथा वनस्पती १२३
८.२ जैविक विविधता सम्वन्धी विवरण १२५
८.३ लघु वन पैदावार १२६
८.४ गाउँपालिकामा पाईने वन्यजन्तु १२६
८.५ वनजंगल १२७
८.५.१ सामुदायिक वन १२८
८.५.२ निजी वन १३०
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १३०
८.७ जडिबुटी सम्बन्धी विवरण १३०
८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १३०
८.९ खनिज १३१
**खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति** १३२
९.१ मानव विकास सूचकाङ्कको विवरण (HDI) १३२
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १३३
९.३ मानव विकास र गरीबी १३३
९.४ गरिबी न्यूनीकरण १३३
९.५ समग्र विकास स्थिति १३४

# तालिका सूची


तालिका नं. १ : गाउँपालिकाको वडा विभाजन ६
तालिका नं. २ : बागलुङ जिल्लाको २०१७ को तापक्रम १०
तालिका नं. ३ : गाउँपालिकामा रहेका खोलाहरुको विवरण १७
तालिका नं. ४ : गाउँपालिकामा रहेका पोखरीहरु सम्बन्धी विवरण १७
तालिका नं. ५ : धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २२
तालिका नं. ६ : प्राकृतिक तथा पर्यटकीय स्थलहरुको विवरण २७
तालिका नं. ७ : जनसंख्याको विवरण ३५
तालिका नं. ८ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण ३६
तालिका नं. ९ : उमेर समूहअनुसार जनसंख्याको विवरण ४०
तालिका नं. १० : उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण ४२
तालिका नं. ११ : पहिलो विवाह गर्दाको उमेरको विवरण ४३
तालिका नं. १२ : बरेङ गाउँपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण ४४
तालिका नं. १३ : मातृभाषा अनुसार जनसंख्याको विवरण ४५
तालिका नं. १४ : धर्मअनुसार जनसंख्याको विवरण ४८
तालिका नं. १५ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ४८
तालिका नं. १६ : घरमुलीको लैङ्गिक विवरण ४९
तालिका नं. १७ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ५०
तालिका नं. १८ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण ५१
तालिका नं. १९ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ५२
तालिका नं. २० : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण ५३
तालिका नं. २१ : छानाको आधारमा घरको बनोटको विवरण ५४
तालिका नं. २२ : जगको आधारमा घरको बनोटको विवरण ५५
तालिका नं. २३ : गाउँपालिकाको मतदाता विवरण ५६
तालिका नं. २४ : भू-उपयोग विश्लेषण ५८
तालिका नं. २५ : गाउँपालिकामा रहेको मुख्य वस्ती विवरण ६०
तालिका नं. २६ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ६४
तालिका नं. २७ : आ.व. २०७४/७५ को संघीय पूर्वाधार विकास कार्यक्रममा चालु र पूँजीगत खर्च विवरण ६५
तालिका नं. २८ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ६६
तालिका नं. २९ : बरेङ गाउँपालिकामा आश्रित जनसंख्याको विवरण ६६
तालिका नं. ३० : विभिन्न बालीमा लाग्ने रोग विवरण ६९
तालिका नं. ३१ : कृषि सेवा केन्द्र ६९
तालिका नं. ३२ : बाली पात्रो ७०
तालिका नं. ३३ : गाउँपालिका सञ्चालित कृषि कार्यक्रमहरुको विवरण ७१
तालिका नं. ३४ : खतीयोग्य जमिनको विवरण ७१
तालिका नं. ३५ : बरेङ गाउँपालिकामा रहेका कृषक समूहहरुको विवरण ७२
तालिका नं. ३६ : सिंचाई आयोजना सम्बन्धी विवरण ७३

तालिका नं. ३७ : पशु सेवा केन्द्रको विवरण ७४
तालिका नं. ३८ : व्यवसायिक पशुपंक्षी फार्महरुको विवरण ७६
तालिका नं. ३९ : व्यापारिक केन्द्रहरुको विवरण ७७
तालिका नं. ४० : सहकारी संस्थाहरुको विवरण ८१
तालिका नं. ४१ : सामुदायिक भवनहरुको विवरण ८२
तालिका नं. ४२ : सामुदायिक चौतारोहरुको विवरण ८३
तालिका नं. ४३ : गाउँपालिकामा भएको सडक सञ्जालहरुको विवरण ८५
तालिका नं. ४४ : सार्वजनिक यातायात सम्बन्धी विवरण ८६
तालिका नं. ४५ : वडा केन्द्रबाट टाढाको वस्ती ८६
तालिका नं. ४६ : गाउँपालिका केन्द्रबाट वडा केन्द्रको दुरी ८७
तालिका नं. ४७ : गाउँपालिकामा झोलुङ्गे पुल सम्बन्धी विवरण ८७
तालिका नं. ४८ : जलविद्युत परियोजना सम्बन्धी विवरण ८९
तालिका नं. ४९ : बत्ती बाल्न प्रयोग गरिने श्रोत ९१
तालिका नं. ५० : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९२
तालिका नं. ५१ : साक्षरता दर ९५
तालिका नं. ५२ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण ९६
तालिका नं. ५३ : तहगत विद्यालय, शिक्षक र विद्यार्थी संख्या विवरण ९७
तालिका नं. ५४ : गाउँपालिकामा रहेका बाल विकास केन्द्र सम्बन्धी विवरण ९८
तालिका नं. ५५ : शैक्षिक जनशक्तिको विवरण ९९
तालिका नं. ५६ : विषयगत शैक्षिक जनशक्तिको विवरण १००
तालिका नं. ५७ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण १०१
तालिका नं. ५८ : स्वास्थ्य संस्था र स्वास्थ्य संस्थामा रिक्त रहेका पदहरु सम्बन्धी विवरण १०४
तालिका नं. ५९ : खेलकुद मैदानहरुको विवरण १०७
तालिका नं. ६० : सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण १०८
तालिका नं. ६१ : महिला समूहहरु सम्बन्धी विवरण ११०
तालिका नं. ६२ : बालक्लबहरुको विवरण ११३
तालिका नं. ६३ : सूरक्षा निकायको विवरण ११४
तालिका नं. ६४ : बरेङ गाउँपालिकाको अपाङ्गताको विवरण ११५
तालिका नं. ६५ : खानेपानी आयोजना सम्बन्धी विवरण ११७
तालिका नं. ६६ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ११८
तालिका नं. ६७ : शौचालयको प्रकार ११९
तालिका नं. ६८ : वडागत शौचालय संख्याको विवरण १२०
तालिका नं. ६९ : शवदाह स्थलहरुको विवरण १२२
तालिका नं. ७० : सामुदायिक वन सम्बन्धी विवरण १२९
तालिका नं. ७२ : मानव विकास सूचकको विवरण (HDI) १३२
तालिका नं. ७३ : गरीबीको दरको विवरण १३३

# नक्सा सूची


नक्सा नं. १ : गाउँपालिकाको समग्र वस्तुस्थिती ४
नक्सा नं. २ : बरेङ गाउँपालिकाको वडा विभाजन ७
नक्सा नं. ३ : बरेङ गाउँपालिकाको उचाई वितरण ८
नक्सा नं. ४ : बरेङ गाउँपालिकाको भिरालोपन ११
नक्सा नं. ५ : बरेङ गाउँपालिकामा रहेका नदी संजाल २०
नक्सा नं. ६ : बरेङ गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु २१
नक्सा नं. ७ : गाउँपालिकाको जनसंख्या विवरण ३४
नक्सा नं. ८ : बरेङ गाउँपालिकाको वडा अनुसार क्षेत्रफल ३७
नक्सा नं. ९ : बरेङ गाउँपालिकाको वडाअनुसार जनसंख्या ३८
नक्सा नं. १० : बरेङ गाउँपालिकाको वडाअनुसार घरधुरी ३९
नक्सा नं. ११ : बरेङ गाउँपालिकाको भू-उपयोग ५७
नक्सा नं. १२ : बरेङ गाउँपालिकाको बसोबास क्षेत्र ५९
नक्सा नं. १३ : बरेङ गाउँपालिकाको सडक सञ्जाल ८४
नक्सा नं. १४ : गाउँपालिकाको वनजंगल क्षेत्र १२३

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

नेपालको संविधानको अनुसूची ८ अन्तर्गत स्थानीय सरकारको अधिकार सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख तयार गर्ने अधिकार स्थानीय सरकारलाई नै रहेको स्पष्ट उल्लेख गरेको छ। दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ । वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्क अपरिहार्य हुन्छ । त्यसैले विकासात्मक गतिविधिहरुको तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सहि तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले कुनै पनि स्थानीय सरकारमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ।

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्देशन गरेबमोजिम गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौँधौ योजना ( २०७३/०७४-२०७५/०७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि स्थानीयले भौगोलिक सूचना केन्द्र (GIS) स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो।

## १.२ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

क) गाउँपालिकाभित्र रहेका सेवा सुविधाहरुको बारेमा जानकारी गराउने।

ख) गाउँपालिकाका क्षेत्र भित्रको सम्भावना र समस्याहरुको अवगत गराउने।

ग) गाउँपालिकाको जनसंख्या तथा विकासात्मक वस्तुस्थिति औँल्याउने।

घ) गाउँपालिकाभित्र बसोवास गर्ने मानिसहरुको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिकाक्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचना उपलब्ध गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने।

झ) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्न सहयोग पुऱ्याउने।

ञ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

## १.३ अध्ययनको महत्व

सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमुना बमोजिम गाउँ कार्यपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको यो पार्श्वचित्रले गाउँपालिकाको वस्तुगत मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ। यसले आर्थिक, सामाजिक भौगोलिक, वातावरणीय, स्वास्थ्य जस्ता सूचनामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि बरेङ गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ। यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँ कार्यपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ। विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले गाउँ कार्यपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ। ती सूचकहरु मध्ये हरेक गाउँ कार्यपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधाारित Rural Municipality Profile तयार गर्नु एक हो। भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्ने हुँदा नविन रहेता पनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँ कार्यपालिकाले उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवं् अनुगमन मुल्यांकनका निम्ती मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ।

## १.५ अध्ययन विधी

यस गाउँ पार्श्वचित्र तयारी गर्दा प्रयोग गरिएका विधिहरु निम्नानुसार छन् –

- ✓ यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्याङ्कहरु समावेश गरिएको छ।
- ✓ राष्ट्रिय जनगणना, विभिन्न सर्वेक्षण आदिका नतिजाहरु समावेश गरिएको छ।
- ✓ यस अध्ययन प्रतिवेदनमा तथ्याङ्कको बिश्लेषणका क्रममा बिभिन्न तालिकाहरु तथा चित्रहरुको प्रयोग गरि बर्णनात्मक तथा तुलनात्मक रुपमा बिश्लेषण गरिएको छ।


पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ। भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरूबीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति

(Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ। यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, बुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ अध्ययनका सीमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँ पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरुको स्रोत र आधार वर्ष खुलाईएको छ। गाउँका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय, विभागहरु, सम्बन्धित गाउँ कार्यपालिका आदि स्रोतहरुबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ। पार्श्वचित्रको अवधारणा अनुसार यसले बरेङ गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ। अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ। तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सिमिततामा बाँधेको छ। यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ।

# खण्ड २ : बरेङ गाउँपालिकाको परिचय




नक्सा नं. १ : गाउँपालिकाको समग्र वस्तुस्थिती

## २.१ संक्षिप्त परिचय

बरेङ गाउँपालिका नेपालको ४ नं प्रदेश अन्तर्गत बागलुङ जिल्लामा रहेको छ। बरेङ गाउँपालिकाको स्थापना साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समावेश गरि भएको हो । यस गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ । बरेङ गाउँपालिकाको पूर्वमा जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्ला पर्दछन्।

बरेङ गाउँपालिकामा रहेको बरेङ भन्ने स्थानमा नियमित रुपमा मेला लाग्ने गरेको छ । उक्त मेलामा ढाडे खेल (कुस्ती) खेल्ने गरेको पाइन्छ। बरेङ भन्ने स्थान अग्लो डाँडामा रहेकोले भऱ्याङ्ग जस्तो भौगोलिक धरातल पार गरेर भङ्ज्याङ जानुपर्ने भएकोले "भरेङ्ग" नामबाट अपभ्रंस भई बरेङ भन्ने नाम रहन गएको भन्ने स्थानीय पाकाहरुको भनाई रहेको छ । त्यस्तै अर्को भनाई अनुसार यस गाउँपालिकामा एउटा ठूलो वरको रुख रहेको हुनाले उक्त स्थानलाई बरेङ भन्ने गरिएको भन्ने भनाई पनि रहेको छ।

यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी मगर जाति ५,०९९ जना (३५.१८ प्रतिशत), दोस्रोमा क्षेत्री ३,००० ( २०.७० प्रतिशत) र तेस्रोमा ब्राह्मण (पहाडी) २,२९० (१५.८० प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा ५ वडाहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत स-साना व्यापार व्यवसाय, साना घरेलु उद्योग, सेवामुलक व्यवसाय, नोकरी साथै विकल्पमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दाहरुमा त्रमश आधुनिकताको प्रभाव पर्न थालेको देखिन्छ। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ। यस गाउँपालिकामा माध्यामिक तह सम्म शिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरु रहेका छन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, साउने र माघे सक्रान्ति, तिज, महाशिवरात्री, चैते दशै, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।


## २.२ गाउँपालिकाको स्थापना

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका धुल्लुबाँस्कोट, हुग्दिशिर, बाटाकाचौर, सल्यान र सुखौरा गा.वि.स. समावेश गरि बरेङ गाउँपालिका घोषणा गरीएको हो। यस गाउँपालिकामा हाल ५ वडा कायम गरिएको छ।

तालिका नं. १ : गाउँपालिकाको वडा विभाजन


| वडा नं | समावेश भएका साविकका गा.वि.स./न.पाहरु | साविक का वडाहरु |
|---|---|---|
| १ | धुल्लुबाँस्कोट | १-९ |
| २ | हुग्दिशिर | १-९ |
| ३ | बाटाकाचौर | १-९ |
| ४ | सल्यान | १-९ |
| ५ | सुखौरा | १-९ |

*स्रोत : संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय*




नक्सा नं. २ : बरेङ गाउँपालिकाको वडा विभाजन

## २.३ भौगोलिक अवस्थिति




नक्सा नं. ३ : बरेङ गाउँपालिकाको उचाई वितरण

बरेङ गाउँपालिकाको पूर्वमा जैमिनी नगरपालिका, पश्चिममा गुल्मी जिल्ला, उत्तरमा गल्कोट नगरपालिका र दक्षिणमा गुल्मी जिल्ला पर्दछन् । भौगोलिक हिसाबले ८३ डिग्री २३ मिनेट ३१ सेकेण्ड देखि ८३ डिग्री ३३ मिनेट ३४ सेकेण्ड पूर्वी देशान्तर र २८ डिग्री ६ मिनेट ४६ सेकेण्ड देखि २८ डिग्री १० मिनेट ४४ सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित बरेङ गाउँपालिका ७५.२८ वर्ग.कि.मी. क्षेत्रफलमा फैलिएर रहेको छ । आधा भन्दा बढि क्षेत्र जंगल तथा केहि भू-भागमा जल क्षेत्र रहेको यस गाउँपालिका भएर सानाठूला गरी आधा दर्जन भन्दा बढी खोला तथा नदीहरु बग्ने गर्छन् । यो गाउँपालिका समुन्द्री सतह १०७१ देखि २७७३ मि. को उचाईमा अवस्थित छ ।

## २.४ भूक्षेत्र (टोपोग्राफी)

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

यस गाउँपालिकामा ३३.८९ वर्ग कि.मि. जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ । त्यस्तै ३९.३१ वर्ग कि.मि. जमिन वनजंगलले ओगटेको छ भने ०.८२ वर्ग कि.मि. जलक्षेत्रले ओगटेको छ । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा कोदो, धान, गहुँ, मकै, मास, आलु, आलस, तोरी आदी हुन् ।

### २.४.२ भू-आकृति तथा माटोको बनोट

गाउँपालिकाको केहि सिमित भू-भाग बेशी, केहि शिवालिक र मुख्यतया पहाडि क्षेत्र रहेको छ । भू-आकृतिमा भएको यस फरकअनुसार यस गाउँपालिकालाई तीन क्षेत्रमा विभाजन गर्न सकिन्छ ।

#### (क) बेशी :

नदिले बनाएका फाँटहरुका साथसाथै केहि ठूला खोलाहरुले बनाएको भाग नै यस क्षेत्रमा पर्दछन् । पहाडको फेदमा रहेको खुल्ला समथर खेति योग्य जमिन यस क्षेत्र अन्तर्गत पर्दछ । भौगर्भिक इतिहासको पछिल्लो चरणमा निर्मित भूभाग भएको हुँदा यो क्षेत्र कमजोर र भूस्खलनशील रहेको छ ।

#### (ख) शिवालिक क्षेत्र :

यस गाउँपालिकाको अधिकांश भू-भाग शिवालिक क्षेत्रमा पर्दछ । यहाँको भू-भाग पत्रे चट्टान एवं माटो ढुंगा को समिश्रणले भरिएको छ । यस भू-भागमा वनजङ्गलको मात्रा अत्यधिक छ । यो मानव वस्तीको प्रधानता रहेको क्षेत्र हो । समुद्री सतहबाट १००० देखि १५०० मिटर सम्मका मोडदार पहाडहरु यस क्षेत्र अन्तर्गत पर्दछन् ।

#### (ग) पहाडी भू-भाग :

समुन्द्री सतहबाट १,५०० मि. देखि २,७७३ मिटर सम्म उचाई रहेको यो भू-भाग कडा चट्टान कठिन धरातलीय स्वरुप भएका कारण मानव वस्ती यहाँ कम रहेको छ । उच्च पहाडी श्रृंखलाहरु र झाडि बुट्यानले यस क्षेत्रलाई ढाकेको छ ।


### २.४.३ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिकाको बेशी क्षेत्रमा उष्ण तथा पहाडि क्षेत्रमा समशितोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन। चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ। जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ। गर्मीयाममा यहाँको औषत ताफक्रम अधिकतम ३१ डिग्री सेल्सियससम्म पुग्छ भने न्यूनतम २ डिग्री सेल्सियससम्म पुग्न जान्छ। बागलुङ जिल्लाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।


तालिका नं. २ : बागलुङ जिल्लाको २०१७ को तापक्रम

| सि.नं. | महिना | औषत अधिकतम तापक्रम (°C) | औषत न्यूनतम तापक्रम (°C) | वर्षा (मि.लि.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनवरी | २० | २ | | |
| २ | फेब्रुवरी | २१ | ३ | | |
| ३ | मार्च | २४ | ७ | | |
| ४ | अप्रिल | २९ | १० | | |
| ७ | मे | ३० | १४ | | |
| ६ | जुन | ३० | १९ | | |
| ७ | जुलाई | ३१ | २१ | | |
| ८ | अगस्ट | २९ | २१ | | |
| ९ | सेप्टेम्बर | २८ | २० | | |
| १० | अक्टुबर | २७ | १६ | | |
| ११ | नोभेम्बर | २१ | ९ | | |
| १२ | डिसेम्बर | २० | ३ | | |

*स्रोत : AccuWeather, २०१७*



## २.५ भू-क्षेत्रको वर्गीकरण




नक्सा नं. ४ : बरेङ गाउँपालिकाको भिरालोपन

बरेङ गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृतिका आधारमा अध्ययन गर्दा भूमिको बर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृति भूबनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमीको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

### (क) भिरालो 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ। माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाई भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

### (ख) भिरालो $5^0$-$30^0$ (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी. सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरुपमा देखा परिरहन्छन्। त्यसैले जमिनलाई सामान्यरुपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रुपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाई प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

**(ग) भिरालो = $30^0$–$40^0$ माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकाससहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मी.) भन्दा बढी भएको, काठ दाउरा उत्पादन गर्न उपयुक्त।**

माटोको पत्र २० से.मी. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गह्रा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन। यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षती पुऱ्याउने ठूलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बनस्पतीहरू लगाउन, उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन्। यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ। जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा या त बोटविरुवालाई पुन: हुर्काउन सकिन्छ या त वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईवस्तुलाई चराउने चलन कडाईका साथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनुहुँदैन। यस प्रकारको क्षेत्रमा यस्तो वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक बिस्तारका विशेष र सुरक्षित योजना बनाउनु पर्दछ। यस्तो जमिन खेतिको लागि उपयुक्त हुँदैन।

**(घ) भिरालो >$40^0$ माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भइरहने पुनरुत्पादनको संभावना कम भएको**

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटोको पत्र (तह) २० से.मी. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पती खेतीका लागि अनुपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरुवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैं एकातिर यस्तो जमिनमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुन: अधिग्रहण (reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

## २.६ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरु

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत व्यवसायीक जडिबुटी उत्पादन, उन्नत जातका पशुपालन, पंक्षीपालन, व्यापार, व्यवसाय, नोकरी, पर्यटन, होमस्टे, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस बरेङ गाउँपालिका क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा केहि खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा व्यवसायीक जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाई वातावरणीय सन्तुलन कायम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित बस्न लायक स्थानको जोहो गर्न सकिन्छ।

ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुका लागि पशुपंक्षी पालन आदि गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ। गाउँपालिका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य सम्भाव्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने देखिन्छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरूमा जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो गाउँपालिका गहनाको रुपमा सत्यवती मन्दिर, भूमेस्थान, खड्गदेवी मन्दिर, खड्क देवता, बराह मन्दिर, शिव मन्दिर लगायत विभिन्न मठ मन्दिर तथा यहाँको लोक सँस्कृति आदि छन्। यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले गाउँपालिका भित्रै रोजगारी श्रृजना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यसले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त बरेङ गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो मार्फत् पानी सिंचाई गरी व्यवसायीक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ।
- तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- यस गाउँपालिका क्षेत्रमा साना घरेलु उद्योगको विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।
- सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ।
- गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.७ गाउँपालिकाको अवसर र सम्भावनाहरु

यस बरेङ गाउँपालिकाको विद्यमान अवसर र सम्भावनाहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ।

- वन, उर्वर कृषि जमिन, नदीनाला, समथर भौगोलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ।
- शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ।
- युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- पर्यटन क्षेत्रको विकास

## २.८ गाउँपालिकाको चुनौती तथा समस्याहरु

यस बरेङ गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- गाउँपालिकाको क्षेत्र भित्र रोजगारमुलक उद्योगधन्दा, कलकारखाना कमी हुनु ।
- सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- गाउँपालिका क्षेत्रमा अत्यावस्यक सुविधा जस्तै स्वास्थ्य सेवा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- व्यवसायिक खेतीको पर्याप्त विकास हुन नसक्नु ।
- आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- योजनाबद्ध वस्ती विकासको अभाव ।
- कृषियोग्य भूमि पूर्ण र वैज्ञानिक रुपमा प्रयोग बिहीन हुनु ।
- वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।

## २.९ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध

गाउँपालिकाहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले अन्तर गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी नगरपालिका/गाउँपालिकाका सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ । फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ । त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ । विशेषत यस बरेङ गाउँपालिकाले बागलुङ बजार तथा पाल्पा र बुटवलसँग आर्थिक तथा व्यापारिक किनमेल शिक्षा, स्वास्थ्य र अन्य दैनिक आवस्यकताका सेवा सुविधामा निर्भर भएको देखिन्छ ।

## २.१० नदी तथा ताल तलैयाहरु

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी तथा खोलाहरु र जलक्षेत्रले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता जलाधार क्षेत्रबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत सिंचाईको लागि पानीको प्रयोग गर्दछन्। जलवायू परिवर्तन सुख्खा वन विनास, भू-मण्डलिय तापक्रम बृद्धिको कारण साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक जलक्षेत्रहरु सुक्ने सम्भावना रहेको छ। यस गाउँपालिकामा सिमसार क्षेत्र छैन तर विभिन्न स्थानमा पोखरीहरु रहेका छन्। जहाँ माछापालनको सम्भावना रहेको छ। यस गाउँपालिकामा रहेका खोला तथा पोखरीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३ : गाउँपालिकामा रहेका खोलाहरुको विवरण

| क्र.सं. | नदि तथा खोलाको नाम | वडा नं | क्र.सं. | नदि तथा खोलाको नाम | वडा नं |
|---|---|---|---|---|---|
| १ | पालुङ खोला | १ | १० | लुड्दी खोला | १ |
| २ | हुग्दी खोला | २, ३ र ४ | ११ | तमु खोला | ५ |
| ३ | खाल्ले खोला | ३ | १२ | बुही खोला | ५ |
| ४ | झुले खोला | १ | १३ | छहरे खोला | ३ |
| ५ | ठूलो खोला | १ | १४ | पाहा खोला | ३ |
| ६ | ढाव खोला | १ | १५ | ठाडो खोला | ३ |
| ७ | रोहटे खोला | ३ | १६ | भण्डार खोला | २ |
| ८ | भैंसे खोला | ४ | १७ | भालु खोला | १ |
| ९ | रुषि खोला | ४ | | | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

तालिका नं. ४ : गाउँपालिकामा रहेका पोखरीहरु सम्बन्धी विवरण

| क्र.सं. | विवरण | वडा नं. | पोखरी संख्या | क्र.सं. | विवरण | वडा नं. | पोखरी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | खिरकटेरी | २ | २ | २३ | ठूलो दलेङ | २ | २ |
| २ | भयाथुम | २ | १ | २४ | साविकको वडा नं. ३ | २ | ६ |
| ३ | फेदी बराहकोट | २ | २ | २५ | गल्छीना पोखरी | ५ | |
| ४ | ल्याड | २ | १ | २६ | मालुङ्गे पोखरी | ५ | |
| ५ | पुनखोला | २ | १ | २७ | वुशर पोखरी | ५ | |
| ६ | सेनखर्क | २ | १ | २८ | हुलडाँडा पोखरी | ५ | |
| ७ | गजुरा | २ | १ | २९ | पिडालुबारी पोखरी | ५ | |
| ८ | डाँडाकटेरी | २ | ४ | ३० | धम्पु पोखरी | ५ | |
| ९ | तल्लो डाँडाकटेरी | २ | २ | ३३ | कालिका थान पोखरी | ५ | |
| १० | हाँडी पोखरी | २ | २ | ३४ | भित्रिवन पोखरी | ५ | |
| ११ | भेडीखोर | २ | १ | ३५ | आर्खुरे पोखरी | ५ | |
| १२ | पोखराचौर | २ | २ | ३६ | वास्कोटा पोखरी | ५ | |

| क्र.सं. | विवरण | वडा नं. | पोखरी संख्या |
|---|---|---|---|
| १३ | थाप्ले | २ | १ |
| १४ | सिग्धारा पानिपरी | २ | १ |
| १५ | सल्यान ठूलो पोखरी | ४ | |
| १६ | गोइम ठूलो पोखरी | १ | |
| १७ | पालेवन पोखरी | ४ | |
| १८ | डाँडा पोखरी | ४ | |
| १९ | उच्छा डाँडा पोखरी | ४ | |
| २० | ठूलो पोखरी | २ | |
| २१ | सता पोखरी | २ | |
| २२ | दोब्ता पोखरी | २ | |

| क्र.सं. | विवरण | वडा नं. | पोखरी संख्या |
|---|---|---|---|
| २७ | पारीपाखा पोखरी | ५ | |
| २८ | देउजी पोखरी | ४ | |
| २९ | डहरे पोखरी | ४ | |
| ३० | ठूलो स्वारा पोखरी | ४ | |
| ३१ | पाताल पोखरी | १ | |
| ३२ | चुरे पोखरी | ४ | |
| ३३ | खालीडाँडा पोखरी | ४ | |
| ३४ | छेडा पोखरी | २ | |
| ३५ | डारेगौडा पोखरी | २ | |
| | | | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७३*

## देउजी पोखरी

बरेङ गाउँपालिका वडा नं. ४ सल्यानमा पर्ने प्रमुख पोखरीमा पर्ने मध्यको एक पोखरी देउजी पोखरी एक हो। कालान्तरमा देवता पुज्ने एक मात्र ठाउँ सोहि स्थान भएकोले देवता पुज्ने ठाउँ भन्दै चिनिएको उक्त ठाउँ हाल आएर "देउपुजी" हुँदै "देउजी" हुन पुगेको सो स्थान साविक सल्यानकै सबैभन्दा मध्य भागमा रहेको छ। साबिकको वडा नं. ३, ५ र ६ को संगम स्थान रहेको सो ठाउँमा पर्ने सोहि पोखरीमा बाह्रै महिना पानी रहिरहने हुँदा त्यस वरपरका साविक का ३ वटै वडाका बासिन्दाले प्रत्यक्षरुपमा लाभ लिईरहेका छन्।

पहिले यस गाउँमा पानीको चरम अभाव रहेको र वर्षादको पानी संकलन गरी नजिकै रहेको देवथानमा जलार्पण गर्ने हुँदा सो पोखरीमा कुनै पनि समय (सोही देवताको सतले गर्दा) पानी नसुक्ने गरेको भन्ने यहाँका बृद्धाबृद्धाहरुको कथन रहेको पाईन्छ।

तर हाल सो स्थानमा पुरानो देवस्थल मात्र खाली रहेको र पोखरी पनि रहेको तर देवताको मठ मन्दिरको कुनै पनि भग्नावशेष नभएकोले कुन देवताको पुजा हुन्थ्यो भनि प्रष्ट खुल्न नसकेको पाईन्छ। साथै कुनै देवलको मन्दिर स्थापना गर्ने योजना निर्माण गरेमा प्रसस्त मात्रामा जमिन रहेको र सो स्थानलाई पुरानै नाममा फर्काउन चाहने सोही वरपरका बासिन्दाले बताएका छन्।

## सल्यान ठूलो पोखरी

बागलुङ जिल्ला बरेङ गाउँपालिकाको वडा नं. ४ मा पर्ने सल्यानको वडा कार्यालयको छेउमै पर्ने यस ठूलो पोखरी यस गाउँपालिकाकै अत्यन्तै गौरवशाली पोखरीमा पर्दछ। उक्त पोखरीको करिव १६० फिट लम्बाई ६५ फिट चौडाई


र १५ फिट गहिराई रहेको छ। स्थानीय बुढापाकाहरुको भनाईमा मानववस्तीको प्रारम्भमै दुई बढेलहरु एक आपसमा लड्दै गर्दा सोहि जनावरको खुरले खोर्सेर त्यस पोखरीको स्थापना भएको भन्ने पाईन्छ।

परापूर्वकाल देखिनै अत्यन्त सुन्दरताले भरिपूर्ण यो पोखरी सल्यानको मौलिक सम्पदाको रुपमा रहेको छ। नवआगन्तुकहरुले स्थानीयहरुको घरको ठेगाना सोध्दा सोहि पोखरीलाई आधार विन्दु मान्ने गर्दछन् । विगत केहि वर्ष अघि देखि यस पोखरीको राम्रो प्रर्वद्धन नभएको र पोखरीमा हिलो भरिएको कारण उक्त पोखरीमा हाल सुख्खा अवस्थामा रहेको र यसको सुरक्षामा कमी भएको कारण अत्यन्तै जिर्ण अवस्थामा छ। हाल यसको संरक्षण र प्रवर्धनको निम्ति केहि आर्थिक स्रोत जुटाएर यसको राम्रो प्रर्वद्धन गर्नुपर्नेमा सम्बन्धित निकायले अनिवार्य जोड दिनुपर्ने देखिन्छ।

## डहरे पोखरी


बरेङ गाउँपालिका वडा नं. ४ सल्यानमा रहेको प्रमुख प्राकृतिक सम्पदामध्ये एक डहरे पोखरी हो। सोही स्थानका करिब ५० भन्दा बढी घरधुरीले प्रत्यक्षरुपमा लाभ लिईरहेको सो पोखरीमा रहेको पानी स्थानीय बासिन्दाले पहिले पहिले पिउने तथा खाना पकाउन समेत प्रयोग गरेता पनि हाल, पिउने पानीको सुविधा बढेपछि सो पोखरीको पानी गाई वस्तुलाई खुवाउने र तरकारीमा सिंचाई गर्नेमा मात्र प्रयोग हुँदै आईरहेको पाईन्छ ।

तत्कालिन समयमा सल्यानमा स्थाई रुपमा कुनैपनि खानेपानीको मुल नभएको र हिँउद महिनामा पानीको अति नै अभाव हुने हुँदा वर्षादको पानी जम्मा गरिराख्ने र हिँउदमा पिउनको लागि प्रयोग गर्ने प्रयोजनको स्थानीयहरुले खाली चौरमा खनेर बनाईएको उक्त पोखरी करिब ६०० घनमिटरको क्षेत्रफलमा फैलिएको आयातकार आकारमा रहेको छ।




नक्सा नं. ५ : बरेङ गाउँपालिकामा रहेका नदी संजाल

## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




नक्सा नं. ६ : बरेङ गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु

## २.११.१. धार्मिक स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ। पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको बरदान हो। अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुन यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन्। यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ। तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ। बरेङ गाउँपालिका एक मध्य पहाडी श्रृङ्खलामा अवस्थित रमणिय स्थान मात्र नभएर यहाँको मौलिक मगर संस्कृति तथा सामाजिक, धार्मिक तथा जातिय विविधताले सिर्जना गरेको सुन्दरता पर्यटक आकर्षणको एक सबल पक्ष हो। यस बाहेक यहाँका ऐतिहासिक तथा धार्मिक स्थलहरुको प्रचारप्रसारका साथै भौतिक प्रर्वद्धन गरी यातायातको राम्रो सुविधा प्रदान गर्न सके विकासमा थप टेवा पुग्न जाने निश्चित छ। यस गाउँपालिकामा रहेका धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५ : धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

| क्र.सं. | धार्मिक तथा पर्यटकीय क्षेत्र | स्थान | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १ | सत्यवती मन्दिर | | ३ | |
| २ | भूमेस्थान | | १ | |
| ३ | खड्कदेवी मन्दिर | बरेङ | १ र २ को सिमानामा | |
| ४ | खड्क देवता | तङग्राम | २ | चैते दशै र वडा दशैमा पूजा हुने गरेको |
| ५ | बराह मन्दिर | ल्याङ | २ | |
| ६ | शिव मन्दिर | काफलठुटा | २ | |
| ७ | जिजुको थान | | १ | |
| ८ | देवी भगवती मन्दिर | पुलचोक | २ | |
| ९ | शिव मन्दिर | घट्टे, टारीकाचौर | ३ | |
| १० | हुग्दिशिर भैरमथान मन्दिर | काल्ले | २ | |
| ११ | राम मन्दिर | सल्यान | ४ | |
| १२ | गलामी मन्दिर | बरेङ | २ | |

| क.सं. | धार्मिक तथा पर्यटकीय क्षेत्र | स्थान | वडा नं | कैफियत |
|---|---|---|---|---|
| १३ | भवानी मन्दिर | ओखेनी | १ | |
| १४ | शिव मन्दिर | सल्यान | ४ | |
| १५ | शिव मन्दिर | भैरवथान | २ | |
| १६ | चौरासीमाई मन्दिर | माइस्थान | २ | |
| १७ | शिव मन्दिर | खटिटोल | २ | |
| १८ | भुमेथान मन्दिर | बास्कोट | १ | |
| १९ | कालिलेख सिद्ध मन्दिर | ओर्खेनी | १ | |
| २० | देलेङ शिव मन्दिर | देलेङ | १ | |
| २१ | बरेङ दुर्गा मन्दिर | बरेङ डाँडा | १ | |
| २२ | शिवालय मन्दिर | सपौंदे, थप्लुङ र ढावा | ४ | |
| २३ | कोट मन्दिर | थप्लुङ, सल्यान | ४ | |
| २४ | माईको मन्दिर | सल्यान, गक्षेगंज, सेति ढुंगा | ४ | |
| २५ | कालिका मन्दिर | बगाले | ४ | |
| २६ | सत्यवती मन्दिर | साग्दी | ३ | |
| २७ | छत्रथान मन्दिर | खाल्ले | ३ | |
| २८ | देविस्थान मन्दिर | बास्कोट | ३ | |
| २९ | शिवालय मन्दिर | भण्डारा | ३ | |
| ३० | दुर्गा मन्दिर | दमकुल, मौवाबोट | ३ | |
| ३१ | छत्र मन्दिर | थाहाद्विप | ३ | |
| ३२ | शिवालय मन्दिर | कुडहरा, प्रगतीचोक | ३ | |
| ३३ | माइकाथान मन्दिर | धनमुडा | ३ | |
| ३४ | कालिका देवि मन्दिर | लिग्दी | ३ | |
| ३५ | चिन्निथान मन्दिर | बाहुनथोक | ३ | |
| ३६ | कमल जैसी मन्दिर | रातामाटा | ३ | |
| ३७ | कालिका थान मन्दिर | | ५ | |
| ३८ | पञ्चौली माइका थान मन्दिर | पञ्चौली | ५ | |
| ३९ | दिव्रुङ मन्दिर | | ५ | |
| ४० | रालवेतल प्राथाना केन्द्र | | | चर्च |

*स्रोत : गाउँपालिकाको कार्यालय, २०७४*

## सत्यवती मन्दिर

सत्यवती मन्दिर बरेङ गाउँपालिकाको वडा नं ३ मा रहेको छ। यस मन्दिरमा रहेकी देवी बहिरी भएको र उनले नसुन्ने भएकोले ठूलो आवाजमा बोलेर आफूले चाहेको कुरा माग्ने गरिन्छ। मंसिरको देवाली पूर्णिमाको दिन यस मन्दिरमा धार्मिक मेला लाग्ने गर्दछ र प्रत्येक पूर्णिमामा पूजा-आजा गर्ने गरिन्छ। यस मन्दिरमा यस जिल्लाका अलावा छिमेकी जिल्लाहरु गुल्मी, पर्वत, कास्की, रुपन्देही, पाल्पा, अर्घाखाँची, स्याङजा, म्यादीबाट समेत श्रद्धालुहरु आउने गरेका छन् । यस मन्दिरको परिसरमा रहेको एउटा ढुंगाको बिचमा सदावहार एकनास पानी रहने र कहिल्यै नसुक्ने कुवा रहेको छ।

## भूमेस्थान

यस गाउँपालिकाको वडा नं. १ बाँसकोटमा  भूमे देवताको मन्दिर रहेको छ। यस मन्दिर परिसरमा ढुंगाको पर्खाल रहेको छ र उक्त पर्खाल भित्र संरक्षित धार्मिक वन रहेको छ। यस मन्दिरमा मगर जातीका पुजारीले मात्र पूजा गर्ने चलन रहेको छ। यस मन्दिरमा बैशाख र कार्तिक महिनामा सुङ्गुरको वली दिने गरिन्छ। यस कार्यलाई “नाताको पूजा गर्ने” भन्ने गरिन्छ। स्थानीयका अनुसार नाताको पूजा विशेष गरी भूमि, अन्न र वर्षातको सहकाल रहोस भनि गरिने पूजा हो। यस पूजा पछि अन्न फुकाउने र कृषि कार्यको थालनी गर्ने प्रचलन रहेको छ। यस बाहेक अन्य महिनाहरुमा आइतबार र मंगलबारमा मात्र पूजा गर्ने चलन रहेको छ। यस स्थानको राम्रो संरक्षण गर्न सकेको खण्डमा गाउँपालिकाको एउटा राम्रो धार्मिक तथा पर्यटकीय स्थान बन्न सक्ने सम्भावना रहेको छ।

## खड्ग देवी मन्दिर

खड्ग देवीको मन्दिर यस गाउँपालिकाको वडा नं. १ र २ को सिमाना बरेङमा रहेको छ। यस मन्दिरमा विशेष गरी बडा दशै र राम नवमी अर्थात् चैते दशैमा विशेष पूजा हुने गर्दछ। यस मन्दिरमा चैते दशै र कालरात्रीमा मेला लाग्ने गर्दछ। मन्दिर परिसरमा एउटा सामुदायिक भवन रहेको छ। यस मन्दिरमा तिजमा ठूलो मेला लाग्ने र नाचगान हुने गरेको छ।

## शिवालय मन्दिर

वि.सं. २०४४ सालमा स्थापना भएको यस शिवालय मन्दिर बागलुङ जिल्ला बरेङ गाउँपालिका वडा नं. ४ सल्यानको पहरेपोखरा भन्ने स्थानमा रहेको छ। उक्त मन्दिर साविक सल्यान गा.वि.स.को सबैभन्दा बढी महत्व बोकेको मन्दिर हो। विशेषत ढुङ्गा माटो र काठबाट बनेको उक्त मन्दिरको वाहिरी भाग प्लाष्टर गरिएको र छाना ढुङ्गाले छाईएको भएपनि वास्तवमा मन्दिर भने कच्ची रहेको छ।

साधारणतया मन्दिर वरपरका महिलाहरुले दैनिक जसो पुजाआजा गर्ने भएता पनि बार्षिक रुपमा हुने “शिवरात्री” को दिन विशेष पुजाआजा तथा मेला लाग्ने उक्त मन्दिरमा मेलाका दिन गाईको दुध शिव लिङ्गमा अपर्ण गरि भाङ, धतुरो, गाँजा जस्ता सामाग्रीको मिश्रण गरि बनाईएको प्रसाद र खिर पनि मिसाई प्रसादका रुपमा चठाउने बाँड्ने र खाने प्रचलन पनि छ।

विशेषत सोमबारको दिन व्रत वस्ने महिलाहरु र अन्य महिलाहरुले त्यहाँ आई पुजाआजा गर्ने गरेको र यसो गर्दा अविवाहित महिलाहरुले भगवान शिव जस्तै स्वाभिमानी र आफुले चाहेको व्यक्तिलाई पतिको रुपमा पाउने र विवाहित महिलाहरुले आफ्नो पतिको दिर्घायु र निरोगी तथा स्वयम् लक्ष्मी पुज्ने भन्ने किम्वदन्ती रहेको पाईन्छ।
करिव ३०० घरधुरीको विचमा रहेको उक्त मन्दिर सामाजिक रुपमा अत्यन्तै महत्व बोकेको र यसलाई दरिलो व्यवस्थापन तथा देश विदेशमा समेत प्रचार प्रसार गर्न सके अझै बढि महत्व झल्कीने र आन्तरिक तथा बाह्य पर्यटकहरुलाई भित्र्याउन सकेको खण्डमा स्थानीय पर्यटन प्रर्वद्धनमा विशेष योगदान पुग्ने देखिन्छ।

### राम मन्दिर

बागलुङ जिल्ला बरेङ गाउँपालिका वडा नं. ४, तथा साविकको सल्यान गा.वि.स. वडा नं. ५ मा पर्ने देउरालीको डाँडा भन्ने स्थानमा अवस्थित भगवान श्री रामको मन्दिर ढुङ्गाको छाना तथा ढुङ्गा र माटोबाट बनेको छ। वि.सं. २०५५ सालमा तत्कालिन वडा अध्यक्ष श्री अम्मर बहादुर खत्रीको सक्रियतामा निर्माण गरिएको उक्त मन्दिर स्वयं अम्मर बहादुर खत्रीले नै सिलान्यास गर्नु भएको थियो।
विशेषत चैतेदशैको भोलीपल्ट अर्थात् चैत्र शुक्लपक्ष नवमी तिथिको दिन त्यस वरपरका सम्पूर्ण भक्तजनहरुले त्यहाँ उपस्थित भई भगवान श्री रामको पूजा आराधाना गरी फुल प्रसाद चढाई पुजा गरिन्छ। असल पतिको दिर्घायु साथै र शुस्वास्थ्यको कामना गर्दै पुजा गर्ने प्रचलन छ।

### दिब्रुङ मन्दिर

बाग्लुङ जिल्ला बरेङ गाउँपालिका वडा नं. ४ को पश्चिमी सिमाना नजिकै पर्ने तितेपाखा भन्ने ठाउँमा स्थापना भएको श्री दिब्रुङ देविको मन्दिर एक अर्को प्रसिद्ध मन्दिर हो। साधारण तथा ढुङ्गा, माटो र काठबाट बनेको उक्त मन्दिर त्यति व्यवस्थित नभएता पनि केहि विशेष महत्व बोकेको मन्दिर रहेको छ।
गुल्मीको चन्द्रकोट गाउँपालिका वडा नं. १ मा रहेको दिब्रुङ देवी र दिब्रुङ शिवधाम यस वरपरकै चर्चित धाम रहेको र त्यहाँ भाकल गरि पाठी तथा परेवाको वलि चढाउने गर्दा मनोकामना पुरा हुने पौराणीक कथन अनुसार पुर्खा देखिनै त्यहाँ बिशेष गरि पाठीको र परेवाको वलि चढाउने तथा शान्तिको कामना गर्दै परेवा उडाउने चलन छ। सो मन्दिरसम्म पुग्न कठिन भएकोले सोही दिशातर्फ पारेर यस तितेपाखा भन्ने ठाउँमा सोही दिब्रुङ देविको स्थापना गरेको पाइन्छ।
यस मन्दिरमा वार्षिक रुपमा करिब आठ देखि बाह्र वटा सम्म पाठी पूजा गर्ने तथा सोही संख्यामा परेवा पनि पुजा गर्ने र उडाउने गर्दछन्। तर त्यहाँ आउने भक्तजनहरुको सेवा र सुविधाको भने कुनै व्यवस्थापन नभएको कारण आउने पुजारी तथा भक्तजनहरुले भने विविध कठिनाईहरु झेल्नु परेको अवस्था छ।

## २.११.२ प्राकृतिक तथा पर्यटकीय स्थलहरुको

प्राकृतिक ताल, तलैया, तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृङखलाहरुको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु पहाडी थुम्काहरु, भञ्ज्याङ, चौतारी र पोखरीहरुको निर्माण हुन गएको छ। यस गाउँपालिकामा रहेका प्रमुख प्राकृतिक तथा पर्यटकीय स्थलहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।







चित्र नं. १ : बरेङ गाउँपालिकाको प्राकृतिक दृष्य

तालिका नं. ६ : प्राकृतिक तथा पर्यटकीय स्थलहरुको विवरण

| क्र.सं. | प्राकृतिक तथा पर्यटकीय स्थलहरु | वडा नं. | पर्यटकीय महत्व |
|---|---|---|---|
| १ | ठूला डाँडा | १ | बरेङ बजार देखि माथि डाँडामा रहेको यस स्थान डाँडामा रहेको छ । यहाँको हेलिप्याडबाट समेत दृष्य हेरेर मनोरञ्जन लिन सकिन्छ भने धौलागिरी हिम श्रृंखलाको रमणिय दृश्य अवलोकन गर्न सकिन्छ । साथै यस स्थानमा पिकनिक स्थल पनि रहेको छ । |
| २ | गोइम डाँडा | १ | यस डाँडामा बाइसे-चौविसे राजाको पालामा तङग्रामको राजा र हाँडीकोटको राजाका सेनाहरु परेड खेल्न बनाईएको किल्लाको रुपमा गोइम डाँडा रहेको छ । गोइम सामुदायिक वन अन्तर्गत पर्ने गोइम डाँडामा सदावहार पानी रहने पोखरी तथा धुरीहरु रहेका छन् । डाँडाको टुप्पोमा समथर भाग रहेको छ । यहाँ सामाजिक तथा ऐतिहासिक महत्वका फलामका खम्बाहरुको अवशेष समेत पाइने गरेको पाइन्छ । |
| ३ | काली लेक | १ | सदावहार अँध्यारो देखिने यस स्थानबाट सूर्योदय र धौलागिरी लगायतका हिम श्रृंखलाहरु हेर्न सकिन्छ । |

| | | | |
|---|---|---|---|
| ४ | बाँसकोट | १ | यस स्थानमा प्राचिन कालमा मुखिया, जिमुवालहरु, अलामी तथा तालुकदारहरु बस्ने स्थान रहेको थियो । यस स्थानमा देवीको मन्दिर रहेको छ । यहाँ दशैमा कालरात्री जगाउने तथा देवीको पूजा गर्ने गरिन्छ । |
| ५ | तङग्राम | २ | यस गाउँपालिकाको वडा नं. २ को धनमुढामा तङग्राम भन्ने स्थान रहेको छ। यस स्थानमा जंगलको विचमा वस्ती रहेको छ भने डाँडामा रहेको समथर स्थानमा पिकनिक स्थल रहेको छ। जहाँ मिजार जातीहरुले भुरे राजाहरुलाई लखेटेको इतिहास रहेको छ । यहाँ पुरानो टुँडिखेल समेत रहेको छ। यस स्थानबाट विभिन्न हिम श्रृंखलाको मनोरम दृश्य समेत देखिन्छ। |
| ६ | कौडेको लेक | २ | तङग्रामको पहाडसँग जोडिएको अर्को मनोरम क्षेत्र कौडेको लेक हो। जहाँ बालाचर्तुदशीको पाँचौ दिनमा भिकुम पूर्णिमामा ठूलो धार्मिक मेला लाग्ने गरेको छ । यहाँ देविको मन्दिर (शक्ति पिठ) रहेको छ । यस स्थानमा प्राचिन समयमा ढाडे खेल्ने वा कुस्ती खेल्ने गरेको इतिहास रहेको छ। |
| ७ | ठूला पोखरी | ४ | हिउँदयाममा जलवायू परिवर्तन तथा भू-मण्डलिय तापक्रम वृद्धिका कारण सुक्ने गरेको अन्य समयमा पानी रहने गरेको ठूलो पोखरी हो। यहाँ सल्यान सुखौरा माध्यामिक विद्यालय रहेको छ। |
| ८ | भित्रि वन | | यो एक पर्यटकीय स्थल हो। यहाँ समतल क्षेत्र रहेको छ। यहाँ एउटा निर्माणधिन फुटवल खेल मैदान र प्राकृतिक घना जंगल रहेको छ। |
| ९ | आरुखर्कचौर | ४ | सल्यानको सबैभन्दा अग्लो धुरी र धुरीमा समथर भू-भाग रहेकोले मनोरम देखिन्छ। |
| १० | भण्डार खोलाको झरना क्षेत्र | ४ | • अग्लो झरना रहेको।<br>• १५० भन्दा बढि सिँढि रहेको।<br>• लघु जलविद्युत रहेको। |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## २.१२ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी र केहि मधेसी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ ( होली), चैते दशैं, साउने-माघे संक्रान्ति, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी,

नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध कूल पूजा, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, क्रिशमस डे, नयाँ वर्ष, भ्यालेनटाईन डे, होली, जेष्ठ पूर्णिमा, पुसे १५, असारे १५, बैशाखी पूर्णिमा, आषाढ पन्ध्रमा दहीच्यूरा खाने, बैशाख सक्रान्ति, भाद्रऔंसी, साउने संक्रान्ति, नागपन्चमी, ऋषि तर्पणी, बडादशै, सरायँ, तिहार, देवाली, कुलपुजा, कार्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा (होली) रामनवमी, ठूलो एकादशी आदि हिन्दू चाडपर्व प्राय सवैले मनाउँछन् ।

### क) दशैं



बडा दशैं (विजया दशमी नवरात्री) नेपालीहरूको प्रमुख राष्ट्रिय चाड हो । बरेङ गाउँपालिकामा पनि दशैं प्रमुख चाडको रुपमा मनाईन्छ । किम्बदन्ती अनुसार विजयादशमीको दिन भगवतीले दानवी शक्ति माथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरुप रातो टिका र जमरा लगाउने चलन छ । आश्विन महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन भगवान् रामले रावणको वध गरेको पौराणिक कथन अनुरुप विजयादशमीको दिनलाई विशेष महत्वका साथ टीका जमरा लगाई मान्यजनहरुबाट आर्शिवाद लिने परापूर्व देखिको चलन रहेको छ । यस दिन असत्य माथि सत्यको विजयको भएको मानिन्छ । तसर्थ यस दिनलाई विजया दशमी भनिएको हो ।

आश्विन शुक्ल प्रतिपदा (घटस्थापना)मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येकदिन फरक देवीहरूको पूजा हुन्छ । प्रतिपदादेखि क्रमश: शैलपुत्री, ब्रह्मचारिणी, कुष्माण्डा, स्कन्दमाता,कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ती महा-काली, महा-लक्ष्मी र महा-सरस्वतीको विशेष पूजा आराधाना गरिन्छ । आफ्ना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने (ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ । टाढादेखि मान्यजनबाट टीका थाप्न आउने मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले धेरैजसो स्थानहरुमा यो कार्य पूणिर्मा सम्म गर्ने चलन छ ।

## ख) तिहार



बरेङ गाउँपालिकामा मानिने चाडहरु मध्ये तिहार पनि एक प्रमुख चाड हो । यो चाडलाई यमपञ्चक पनि भनिन्छ । धर्म संस्कार र मान्यतालाई हेर्दा सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी अन्य समयमा अत्यन्त व्यस्त हुने भएतापनि यमपञ्चकको दिन बहिनीका घरमा गई भेटघाट तथा प्रेम आदानप्रदान गरी मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दूशास्त्रमा उल्लेख गरिएको छ। यसरी रहँदा बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई “जे मन लाग्छ वर माग“ भन्दा यमुनाले “हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस् भनी वरदान मागिन्। यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन काल देखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको परम्परा छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई अमर राख्दछ ।

यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनहरुमा क्रमश: काग तिहार, कुकुर तिहार, लक्ष्मी पुजा, गोवर्द्धन पुजा र भाईटीका पर्दछन्। यो पर्व प्रत्येक दिन विशेष तथा फरक मान्यताको साथ मनाईन्छ। देउसी-भैलो, लक्ष्मीको पूजा, सयपत्री र मखमली, बत्तीको झिझिमिली मुख्य लोभ्याउने पक्षहरु हुन् । गाउँपालिकामा हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रुपमा यस पर्वलाई धूमधामसँग मनाउँछन् ।

## ग) तीज



यस गाउँपालिकामा मनाइने चाडपर्वमा तीज एक हो । यो चार्ड हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो। तीज भाद्र शुक्ल द्वीतिया देखि पञ्चमी सम्म ४ दिन मनाइन्छ । तीजमा भगवान शिवको आराधना गरि निरहार ब्रत बस्नुको साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ। नेपाली हिन्दू महिलाहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन थालेका छन्। यो पर्व मुख्य रूपले नेपालभर मनाईन्छ। ऐतिहासिक किम्बदन्ती अनुसार आद्य शक्ति भगवानशिवकी अर्धाङ्गीनी हिमालय पुत्री पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै वाधा उत्पन्न नहोस् भनेर पहिलो वत्र राखेकि थिईन् त्यो दिन यहि हरितालिका तिजको दिन थियो त्यसै दिनको स्मरण र श्रद्धा स्वरुप आजसम्म हिन्दु नारीहरूले यो पर्व मनाउदै आएको जनविश्वास छ।

## घ) होली

बरेङ गाउँपालिकामा मनाइने चाड मध्ये होली पनि एक हो। हिन्दु संस्कृतिमा यो पर्व प्रत्येक फाल्गुण शुक्ल पुर्णिमा अर्थात होली पुर्णिमाको दिन मनाइन्छ। यो पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ। होलीको बारेमा पौराणिक भनाइ अनुसार प्राचीन समयमा अथवा सत्य युगमा नास्तिक हिरण्यकश्यपु नामक एक जना राक्षसको जन्म भएको थियो। हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए। हिरण्यकश्यपुका छोरा भक्त प्रह्लाद थिए। भक्त प्रह्लाद भगवान विष्णुका निकै भक्त थिए। आफ्नै छोरा प्रह्लादले भगवान विष्णुलाई भज्ने गरेको हिरण्यकश्यपुलाई मन परेको थिएन। त्यसैले उसले प्रह्लादलाई मार्न धेरै योजनाहरू बनाएको थिए। एक योजना अनुसार हिरण्यकश्यपुले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलिका (जसलाई अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी थिइन्) लाई जिम्मा दिएका थिए। दाजुको आदेशानुसार होलिका प्रह्लादलाई काखमा लिएर अग्निमा बस्दा आगोले धर्मको साथ दिएकोले होलिका जलेर नष्ट भइन् तर प्रह्लादलाई केही भएन। होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ्ग र अविर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ। भने अर्को एक प्रसङ्ग अनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले विषाक्त दूध खुवाउन कंशद्धारा खटाइएकी पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिनु भएकाले त्यसको शवलाई यसै दिन जलाएर आपसमा रङ्ग र अबिर छरी खुसियाली मनाएकोले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाई रहेको छ।



यसरी पौराणिक महत्व बोकेको होली पर्व वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रुपमा धुमधामका साथ मनाईन्छ । यो पर्वलाई पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक आपसमा मिली मित्रता गाँस्ने दिन, असत्य माथि सत्यको विजय भएको दिनको रुपमा लिइन्छ। हाल आधुनिकताको नाममा विभिन्न विकृतिहरु भित्रिएका छन् यसलाई मध्यनजर गर्दै यस पर्वको विशेष महत्व र मौलिकतामा रहेर मनाउनु पर्ने देखिन्छ ।

## २.१३ सँस्कृति, कला, भाषा र साहित्य


बरेङ गाउँपालिका सँस्कृति र कलाका दृष्टिकोणले धनी गाउँका रुपमा रहेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ। यस गाउँका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि मगर समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभूषा एवं परम्परा र संस्कार रहेको पाईन्छ मगरहरु यहाँका आदिवासी समुदायहरु हुन्। पहाडी समुदायहरूबाट वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्रहरु जस्तै रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो विशिष्ट भाषिक र सांस्कृतिक मौलिकपना नै हो। संचार माध्यमको व्यापक विकास र विस्तारका साथै पश्चिमा सँस्कृतिको प्रभावका साथै विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति, परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् । यद्यपी यस गाउँपालिकाको नौमति बाजा जिल्लामै अत्यन्त प्रसिद्ध रहेको छ । यस बाहेक लोकभजन, दोहोरी, झ्याउरे, सोरठी, मारुनी, देउसी, भैलो यहाँका लोक सँस्कृतिका उदाहरणहरु हुन् ।

## २.१४ भेषभूषा तथा चालचलन

हिन्दु धर्मावलम्वीमा शैव, वैष्णव, शाक्त, बौद्ध र इस्लाम धर्माबलम्बीहरुको बसोबास छ। हिन्दुहरुले जन्मदा छैठी, न्वारन गर्ने, जन्म कुण्डली हेराई विवाह गर्ने , मृत्यु पछि नदीको किनार लगी जलाउने चलन छ। सन्यासी वर्गले लाश गाडने गर्दछन् । मृत्यु पश्चात् पिण्डदान, ब्रम्ह भोजन आदि गर्ने चलन अद्यापी रहेको छ । पुराना अन्धविश्वास, कुरीति घट्दै गए पनि धामी, झाँक्रि झारफुक, भाकल, तन्त्रमंत्र आदि प्रचलित छन्। जातीय परम्परा अनुसार बिभिन्न जातिमा असारे गीत, तीजका महिलाका ह्रदयस्पर्सी भाका, भैलो, झ्याउरे (झाम्रे) र दोहोरी गीतको प्रचलन छ। भेषभुषामा मगर गुरुङ महिलाहरुले मखमलको चोलो, साडी, ब्लाउज, सुनचाँदीका गहना-ढुंग्री, मारबारी, बुलाकी, मुन्द्री, चुरा, पोते, आदी बस्त्र लगाउने चलन छ। बाहुन, क्षेत्री र अन्य जातिमा पनि यस्तो लवाई पाईन्छ। अन्य गहनामा हवेली, हारी, फुली, नौगेडी, सिलमुन्द्री, कण्ठश्री, चुरी, बाला र कल्ली लगाउने प्रचलन घट्दै गएको छ । सुनका चुरा, पायल, टप, रिङ, तिलहरी, मंगलसुत्र लगाउने प्रचलन छ। महिलाले व्लाउज, चोलो, पेटीकोट, लुंगी, साडी र सल लगाउने प्रचलन छ। खानपानमा दाल, भात, तरकारी, ढिंडो (कोदो, मकै, जौ, चामल), पुरी, मकै (भुटेको र पोलेको), पिठो कोदाको पकाएको, तरकारी, दाल, सागसव्जी, चटनी, अचार, दूध, दही, घ्यू, मही, जाँड, रक्सी, आदिको प्रचलन छ। दूध, चिया र कफी पिउने चलन व्यापक छ। कसैले चुरोट, बिंडी, कक्कड ( सुलफा तान्ने), खैनि आदिको अम्मल गरेको पाईन्छ।

# खण्ड ३ : जनसाङ्ख्किक विवरण

## ३.१ जनसंख्याको विवरण




नक्सा नं. ७ : गाउँपालिकाको जनसंख्या विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा गाउँस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बरेङ गाउँपालिकाको जनसंख्या १४,४९२ रहेको छ जस मध्ये पुरुष ४२.५३ प्रतिशत (६,१६४ जना) र महिला ५७.४७ प्रतिशत (८,३२८ जना) रहेका छन्। यस गाउँपालिकामा पुरुषको तुलनामा महिला १४.९३ प्रतिशतले बढि रहेको पाइन्छ। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ७४.०२ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) १९३ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५१.९६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३६.९४ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ११.१० प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बरेङ गाउँपालिकामा ३,२४० घरपरिवार रहेका छन्। यस गाउँपालिकामा प्रति परिवार औषत ४.४७ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।

तालिका नं. ७ : जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | १४,४९२ |
| पुरुष | ६,१६४ (४२.५३ प्रतिशत) |
| महिला | ८,३२८ (५७.४७ प्रतिशत) |
| लैंगिक दर ( प्रति १०० जना महिलामा पुरुष संख्या) | ७४.०२ |
| जम्मा घरधुरी | ३,२४० |
| औषत परिवार आकार | ४.४७ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर (प्रतिशतमा) | ७२.५१ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | १९३ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


तालिका नं. ८ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | १४.०९ | ४.६१ | ७७९ | ३,५९४ | १५५१ | २०४३ | २५५ |
| २ | २१.५१ | ४.५० | ९३३ | ४,२०० | १७८५ | २४१५ | १९५ |
| ३ | १७.३४ | ४.४४ | ८६९ | ३,८५९ | १६२६ | २२३३ | २२३ |
| ४ | १०.९९ | ४.३८ | ३९३ | १,७२१ | ७०९ | १०१२ | १५७ |
| ५ | ११.३६ | ४.२० | २६६ | १,११८ | ४९३ | ६२५ | ९८ |
| जम्मा | ७५.२९ | ४.४७ | ३,२४० | १४,४९२ | ६,१६४ | ८,३२८ | १९२ |


*स्रोत: राष्ट्रिय जनगणना २०६८*

यस गाउँपालिकामा हाल ५ वटा वडाहरु कायम गरिएको छ। यी वडाहरुमा तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडामा वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ४,२०० (पुरुषको १,७८५ जना र महिलाको २,४१५ जना) रहेको छ। यस वडाको औषत परिवार आकार ४.५० र घरधुरी संख्या ९३३ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडामा वडा नं. ५ रहेको छ जसको जनसंख्या १,११८ ( पुरुषको ४९३ जना र महिलाको ६२५ जना) रहेको छ भने घरधुरी संख्या २६६ र औषत परिवार संख्या ४.२० रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको स्तम्भ चित्र बाट स्पष्ट पार्न सकिन्छ।







नक्सा नं. ८ : बरेङ गाउँपालिकाको वडा अनुसार क्षेत्रफल




नक्सा नं. ९ : बरेङ गाउँपालिकाको वडाअनुसार जनसंख्या




नक्सा नं. १० : बरेङ गाउँपालिकाको वडाअनुसार घरधुरी

## ३.३ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ९ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०-४ | ७१२ | ७०९ | १,४२१.०० | ९.८१ | १.०० |
| ५-९ | ९३१ | ८७७ | १,८०८ | १२.४८ | १.०६ |
| १०-१४ | १०३० | १०९४ | २,१२४ | १४.६६ | ०.९४ |
| १५-१९ | ७४९ | ९८८ | १,७३७ | ११.९९ | ०.७६ |
| २०-२४ | ३३८ | ८२९ | १,१६७ | ८.०५ | ०.४१ |
| २५-२९ | २५५ | ६४० | ८९५ | ६.१८ | ०.४० |
| ३०-३४ | २१२ | ४९३ | ७०५ | ४.८६ | ०.४३ |
| ३५-३९ | २१९ | ४८८ | ७०७ | ४.८८ | ०.४५ |
| ४०-४४ | २१३ | ४२२ | ६३५ | ४.३८ | ०.५० |
| ४५-४९ | २०३ | ३२७ | ५३० | ३.६६ | ०.६२ |
| ५०-५४ | २८३ | ३३६ | ६१९ | ४.२७ | ०.८४ |
| ५५-५९ | २५१ | २८४ | ५३५ | ३.६९ | ०.८८ |
| ६०-६४ | २३५ | ३१० | ५४५ | ३.७६ | ०.७६ |
| ६५-६९ | २०६ | २१४ | ४२० | २.९० | ०.९६ |
| ७०-७४ | १३८ | १३७ | २७५ | १.९० | १.०१ |
| ७५-७९ | १०२ | ९४ | १९६ | १.३५ | १.०९ |
| ८०-८४ | ५८ | ५२ | ११० | ०.७६ | १.१२ |
| ८५-८९ | २० | १६ | ३६ | ०.२५ | १.२५ |
| ९०-९४ | ७ | १५ | २२ | ०.१५ | ०.४७ |
| ९५+ | २ | ३ | ५ | ०.०३ | ०.६७ |
| जम्मा | ६,१६४ | ८,३२८ | १४,४९२ | १००.०० | ०.७४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिका अनुसार वि.सं. २०६८ सम्ममा बरेङ गाउँपालिकाको ०-१४ वर्ष उमेर समूहको संख्या ५,३५३ (३६.९४ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या ५,८४६ (४०.३४ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या ७,५३० (५१.९६ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या ८३२८ (५७.४७ प्रतिशत) र पुरुषको जनसंख्या ६१६४ (४२.५३ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर १४.९३ प्रतिशत देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या १,६०९ (११.१० प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस गाउँपालिकामा मानव स्रोतको कमी नहुने देखाउँछ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.४ उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण


वैवाहिक स्थिति भन्नाले विवाह गरेका, विवाह गरेर पनि सम्वन्ध विच्छेद भएका साथै श्रीमान वा श्रीमती गुमाएर एकल भई बसेको अवस्थालाई जनाउँछ। लैङ्गिक आधारमा समाजको वैवाहिक स्थिति असमान देखिन्छ। नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परम्परागत रहेको छ। जसले गर्दा समाजमा बहुविवाह तथा विदुर र विधुवाको संख्यात्मक स्थिति असमान देखिन्छ। अझ प्राचीन समयमा सती प्रथा प्रचलनमा रहेको थियो तर १९७७ चन्द्रशमशेरले कानूनीरुपमा कु-प्रथाको रुपमा रहेको सती प्रथाको अन्त्य गरेका थिए। सामान्यतया पितृसत्तात्मक समाज रहेको हाम्रो देशमा विधुवा महिलाको संख्या पुरुषको संख्या भन्दा दुई गुणा बढी देखिन्छ। सामाजिक रुपमा महिला र पुरुषको वैवाहिक स्थितिमा असमानता देखिन्छ तसर्थ बरेङ गाउँपालिकाको वैवाहिक स्थितिको विवरण तालिका तथा स्तम्भमा उल्लेख गरिएको छ।

तालिका नं. १० : उमेर समूह अनुसार १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह गर्ने | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा / विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २००४ | १९५८ | २२३ | १९९ | ११२ | १७ | ८ | ४५२१ |
| महिला | २१२७ | ३८२७ | १०८ | २२२ | ४४० | ६ | १२ | ६७४२ |
| जम्मा | ४१३१ | ५७८५ | ३३१ | ४२१ | ५५२ | २३ | २० | ११२६३ |
| प्रतिशत | ३६.६८ | ५१.३६ | २.९४ | ३.७४ | ४.९० | ०.२० | ०.१८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। जसमा ४,१३१ जना (३६.६८ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ३३१ जना ( २.९४ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने ४२१ जना (३.७४ प्रतिशत), विधुवा/विधुर ५५२ जना (४.९० प्रतिशत), पारपाचुके भएका २३ जना (०.२० प्रतिशत) र छुट्टिएका २० जना (०.१८ प्रतिशत) रहेका छन्। गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १८६९ (३२.३१ प्रतिशत) ले बढी रहेको छ। बहु विवाह गर्ने पुरुषको संख्या बहु विवाह गर्ने महिलाको संख्या भन्दा ११४ जना (३४.७४ प्रतिशत) ले बढी रहेको देखिन्छ। जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ।



## ३.५ पहिलो विवाह गर्दाको उमेरको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्यूनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, ( एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको वीस वर्ष कायम गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचार प्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिवृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच वृद्धि भई दुरुपयोग बढेर आफुखुसी वालविवाह गरेका घटनाहरू पनि छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा घट्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।


तालिका नं. ११ : पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५० भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १२ | ६७ | ७०७ | ११८७ | ४२२ | ८१ | ३३ | ७ | ३ | ० | २,५१९ |
| महिला | ८९ | ४४७ | २९४६ | ९८२ | १३४ | ३० | ६ | ४ | १ | ० | ४,६३९ |
| जम्मा | १०१ | ५१४ | ३,६५३ | २,१६९ | ५५६ | १११ | ३९ | ११ | ४ | ० | ७,१५८ |
| प्रतिशत | १.४१ | ७.१८ | ५१.०३ | ३०.३० | ७.७७ | १.५५ | ०.५४ | ०.१५ | ०.०६ | ०.०० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। यस गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ३,६५३ अर्थात् सबैभन्दा बढी (५१.०३ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या २,१६९ (३०.३० प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या ५१४ (७.१८ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेर समूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १०१ (१.४१ प्रतिशत) रहेको देखिन्छ। यस गाउँपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम भएको पाइन्छ। यसलाई पूर्ण रुपमा नियन्त्रण गर्नको लागि उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गर्नुपर्ने देखिन्छ।

समय परिवर्तनको दौरान सँगै २०६८ को आँकडा भन्दा सकारात्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन। विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरु निम्त्याएको कुरा लाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरु बाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। उल्लेखित विवरणलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।





## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

नेपाल एक बहुभाषिक, बहुजातिय, बहु-साँस्कृतिक विशेषतायुक्त देश हो। यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ। यस गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी मगर जाति ५,०९९ जना (३५.१८ प्रतिशत), दोस्रोमा क्षेत्री ३००० (२०.७० प्रतिशत) र तेस्रोमा ब्राम्हण पहाडी २,२९० (१५.८० प्रतिशत) रहेका छन्। त्यस्तै कामी १,८४३ जना (१२.७२ प्रतिशत), सार्की १,०४६ (७.२२ प्रतिशत), दमाई ७९५ (५.४९ प्रतिशत) र अन्य जातीहरुको पनि यस गाउँपालिकामा बसोबास रहेको छ। जसको विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रमा उल्लेख गरिएको छ।

तालिका नं. १२ : बरेङ गाउँपालिकाको जातजाती अनुसारको जनसंख्या विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | मगर | ५,०९९ | ३५.१८ | ५ | सार्की | १,०४६ | ७.२२ |
| २ | क्षेत्री | ३,००० | २०.७० | ६ | दमाई/ढोली | ७९५ | ५.४९ |
| ३ | ब्राम्हण (पहाडी) | २,२९० | १५.८० | ७ | जनजाति अन्य | ३४६ | २.३९ |
| ४ | कामी | १,८४३ | १२.७२ | ८ | अन्य | ७३ | ०.५० |
| | | | | | जम्मा | १४,४९२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो। त्यसैले यहाँ जात भाषा र संस्कृतिमा विविधता पाईन्छ। नेपालको संविधान २०७२ को भाग ३ मा देहाय बमोजिम भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ।

(१) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ।

(२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ।

(३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धन र संरक्षण गर्ने हक हुनेछ।


यसै अनुरुप यस बरेङ गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको छ। गाउँपालिकामा विशेषत नेपाली, मगर, गुरुङ लगायतका भाषा बोल्ने गर्दछन्। यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १३ : मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत | क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | १३,७९६ | ९५.२० | ६ | हिन्दी | २ | ०.०१ |
| २ | मगर | ६५३ | ४.५१ | ७ | थारु | १ | ०.०१ |
| ३ | गुरुङ | २२ | ०.१५ | ८ | साङ्केतिक भाषा | ३ | ०.०२ |
| ४ | मैथिली | ७ | ०.०५ | ९ | उल्लेख नगरिएको | २ | ०.०१ |
| ५ | उर्दु | ६ | ०.०४ | | जम्मा | १४,४९२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू विविधता रहेको पाइन्छ । मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा बढी मगर जातिको बसोबास भए पनि नेपाली भाषा नै बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात् १३,७९६ (९५.२० प्रतिशत) रहेको देखिन्छ । दोस्रोमा मगर भाषा ६५३ (४.५१ प्रतिशत), तेस्रोमा गुरुङ भाषा बोल्ने संख्या २२ (०.१५ प्रतिशत) रहेको पाइन्छ । यसैगरी अन्य भाषाहरु बोल्ने संख्या २१ (०.१४ प्रतिशत) रहेको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ।




## आदिवासी/जनजाती

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ। यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ३७.५७ प्रतिशत ( ५,४४५ जना) जनसंख्या आदिवासी (मगर, गुरुङ, थारु आदि) रहेका छन्। जसमा सबैभन्दा बढी मगर जातिको संख्या ५०९९ (३५.१८ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्यून रहेको छ। एकातर्फ बाल विवाह, गुरुवा (धामी, झाँक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुले आफ्नो मौलिक संस्कृतिलाई भने आधुनिकताको प्रभाववीच यस समुदायले अद्यावधि बचाई राखेको पाइन्छ। यी समुदायद्वारा बरेङ गाउँपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। बरेङ गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

## सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ ।

बरेङ गाउँपालिमा उत्पीडितहरूले २५.४२ प्रतिशत (३,६८४ जना) हिस्सा ओगटेको छ। जसमा कामी, सार्की, दमाई लगायतका अन्य दलित जातिहरु समावेश गरिएको छ । सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत र माध्यामिक विद्यालयमा अध्ययनरत छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानूनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानूनी अपराधको रुपमा परिभाषित गरिएको ५ दशक भन्दा बढी भएपनि उत्पीडित र उपेक्षित समुदायले अद्यापि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्यून छ। त्यसै गरी राजनीतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनीतिक नेतृत्वमा भने सीमित व्यक्तिहरूमात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। यस गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण


नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ । विधिवतरुपमा नेपालको अन्तरिम संविधान २०६३, ले मिति २०६३ जेठ ४ मा पुर्नस्थापित संसदको ऐतिहासिक घोषणाले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा घोषणा गरेको छ । त्यस्तै नेपालको संविधान २०७२ को प्रस्तावनामा नेपाललाई एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम प्रवर्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गर्ने उल्लेख गरिएको छ । फलस्वरुप नेपालमा धार्मिक स्वतन्त्रता र सौहार्दता रहेको पाईन्छ । पछिल्लो जनगणना अनुसार गाउँपालिकामा मुख्य गरी हिन्दु, बौद्ध र ईस्लाम धर्म रहेको देखिन्छ। धर्म अनुसार जनसंख्याको वितरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १४ : धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | बौद्ध | इस्लाम | क्रिश्चियन | बोन | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | १२५५३ | १८२२ | ४१ | २८ | १ | ४७ | १४४९२ |
| प्रतिशत | ८६.६२ | १२.५७ | ०.२८ | ०.१९ | ०.०१ | ०.३२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्याको ८६.६२ प्रतिशत (१२,५५३ जना) हिन्दु, १२.५७ प्रतिशत (१८२२ जना) बौद्ध धर्मावलम्बीहरु, ०.२८ प्रतिशत (४१ जना) इस्लाम, ०.१९ प्रतिशत (२८ जना) क्रिश्चियन, १ जना बोन र ०.३२ प्रतिशत (४७ जना) उल्लेख नगरिएको धर्मावलम्बीहरु रहेको पाईन्छ। यस गाउँपालिकामा मगर, क्षेत्री र ब्राम्हण समुदायका मानिसहरुको बसोबास धेरै भएको हुनाले यहाँ अधिकांश मानिसहरु हिन्दु धर्मावलम्बीहरु रहेको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।





## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १५ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| निजी | ७४१ | ८८३ | ८२३ | ३६४ | २५९ | ३,०७० | ९४.७५ |
| भाडा | ३२ | ३९ | ३४ | २६ | ४ | १३५ | ४.१७ |
| संस्थागत | ० | ० | १ | ० | १ | २ | ०.०६ |
| अन्य | ६ | ११ | ११ | ३ | २ | ३३ | १.०२ |
| जम्मा | ७७९ | ९३३ | ८६९ | ३९३ | २६६ | ३,२४० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बरेङ गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ३,२४० घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ३,०७० (९४.७५ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या १३५ (४.१७ प्रतिशत) रहेको देखिन्छ। संस्थागत घरधुरी संख्या २ ( ०.०६ प्रतिशत) रहेको छ। त्यस्तै अन्य घरधुरीको संख्या ३३ (१.०२ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा समग्र सबै वडाहरुमा निजी स्वामित्वमा रहेको देखिन्छ । यसलाई तलको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।




## ३.१० घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ । यसै तथ्याङ्कलाई आधार मानी स्थानीय सरकारको रुपमा गठित बरेङ गाउँपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. १६ : घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ४४४ | ३३५ | ७७९ |
| २ | ५०७ | ४२६ | ९३३ |
| ३ | ३८५ | ४८४ | ८६९ |
| ४ | २११ | १८२ | ३९३ |
| ५ | १४२ | १२४ | २६६ |
| जम्मा | १,६८९ | १,५५१ | ३,२४० |
| प्रतिशत | ५२.१३ | ४७.८७ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

वि.सं. २०६८ को केन्द्रीय तथ्याङ्क विभागको नतिजाअनुसार जम्मा ३,२४० घरधुरी संख्या रहेको यस गाउँपालिकामा ५२.१३ प्रतिशत घरमा पुरुषहरु घरमूली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने ४७.८७ प्रतिशत महिलाहरु घरमूली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ । गाउँपालिकाको वडागतरुपमा लैङ्गिक घरधुरीको तुलना गर्दा केहि वडाहरुमा पूरुष घरमूली बढि रहेको देखिन्छ भने केहिमा महिला घरमूली बढि भएको देखिन्छ । यो अवस्था समग्र देशको तुलनामा यस गाउँपालिकामा महिला घरमूली धेरै रहेको पाइन्छ । लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा जम्मा ४.२६ प्रतिशतको मात्र अन्तर देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै विवरणलाई तल स्तम्भमा चित्र प्रस्तुत गरिएको छ ।





## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १७ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | घरमा स्वामित्वमा भएको | घरमा स्वामित्वमा नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ७२ | ७०१ | ६ | ७७९ |
| २ | ७९ | ८४८ | ६ | ९३३ |
| ३ | ५६ | ८०५ | ८ | ८६९ |
| ४ | १५ | ३७७ | १ | ३९३ |
| ५ | १२ | २५४ | ० | २६६ |
| प्रतिशत | २३४ | २,९८५ | २१ | ३,२४० |
| जम्मा | ७.२२ | ९२.१३ | ०.६५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा बरेङ गाउँपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या २३४ (७.२२ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या २,९८५ (९२.१३ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २१ (०.६५ प्रतिशत) रहेको छ। उक्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसलाई तलको स्तम्भ चित्रबाट देखाइएको छ।





## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १८ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं | १ | २ | ३ | ४ | ५ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| जग्गाको स्वामित्व भएको | १२४ | ११४ | १०० | २३ | १३ | ३७४ | ११.५४ |
| जग्गामा स्वामित्व नभएको | ६४९ | ८१३ | ७६१ | ३६९ | २५३ | २,८४५ | ८७.८१ |
| उल्लेख नगरिएको | ६ | ६ | ८ | १ | ० | २१ | ०.६५ |
| जम्मा | ७७९ | ९३३ | ८६९ | ३९३ | २६६ | ३,२४० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस बरेङ गाउँपालिकामा जग्गामा भएको महिलाको स्वामित्वको विवरण अनुसार जग्गामा महिलाको स्वामित्व भएको घरधुरी संख्या ३७४ (११.५४ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या २,८४५ (८७.८१ प्रतिशत) रहेको छ। उल्लेख नगरिएको घरधुरी संख्या २१ (०.६५ प्रतिशत) रहेको छ। तसर्थ यस तथ्याङ्कले महिलाभन्दा पुरुषहरुमा नै जग्गाको स्वामित्व अत्यधिक रहेको देखाउँछ। राज्यले जग्गा रजिष्ट्रेशनमा महिलाको स्वामित्वलाई वृद्धि गर्न छुट दिने नीति अवलम्बन गरेबाट यसमा केहि सुधारका संकेतहरु देखिएका छन्। जसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

लामो समयसम्म विशेष काम अध्ययन, व्यवसाय वा अन्य प्रयोजनको लागि आफनो स्थायी वासस्थान छोडी अन्यत्र रहने जनसंख्याको हिस्सालाई अनुपस्थित जनसंख्या भनिन्छ। तसर्थ यस्तो जनसंख्या मुल थलोमा अनुपस्थित रहने भएकोले त्यसलाई अनुपस्थित जनसंख्याकोरुपमा तथ्याङ्कमा देखाउने गरिन्छ। तथ्याङ्क अनुसार यस गाउँपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा वैदेशिक रोजगारको सिलसिलामा ठूलो संख्या अनुपस्थित रहेको देखिन्छ।

तालिका नं. १९ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | उपस्थित घरधुरी | अनुपस्थित घरधुरी | उल्लेख नगरिएका | जम्मा घरधुरी |
|---|---|---|---|---|
| **२०६८** | १,४१५ | १,८०० | २५ | ३,२४० |
| **प्रतिशत** | ४३.६७ | ५५.५६ | ०.७७ | १०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा यस गाउँपालिकाको अनुपस्थित घरधुरीको विवरण देखाईएको छ। जसमा अनुपस्थित घरधुरी संख्या १,८०० (५५.५६ प्रतिशत) र १,४१५ (४३.६७ प्रतिशत उपस्थित घरधुरी रहेको देखिन्छ भने उल्लेख नगरिएको घर संख्या २५ रहेको छ। यस प्रवृतिलाई कम गर्न स्थानीय स्तरमै आवस्यक आधारभूत सुविधाहरुको व्यवस्था गर्नुपर्ने देखिन्छ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. २० : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गा | काठ /फल्याक | बाँसजन्य सामग्री | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ७६० | ५ | ३ | २ | ९ | ७७९ |
| २ | ९०४ | ७ | ५ | ७ | १० | ९३३ |
| ३ | ८२२ | १० | ९ | २५ | ३ | ८६९ |
| ४ | ३८० | ९ | १ | २ | १ | ३९३ |
| ५ | २६३ | १ | १ | १ | ० | २६६ |
| जम्मा | ३,१२९ | ३२ | १९ | ३७ | २३ | ३,२४० |
| प्रतिशत | ९६.५७ | ०.९९ | ०.५९ | १.१४ | ०.७१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्याङ्कलाई हेर्दा यस बरेङ गाउँपालिकाको परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी संख्या ३,१२९ (९६.५७ प्रतिशत) छ भने सबैभन्दा कम काठ/फल्याकको बाहिरी गारो भएको घरधुरी संख्या १९ (०.५९ प्रतिशत) रहेको छ । यसैगरी सिमेन्टको जोडाइ भइको ईँटा/ढुंगाको बाहिरी गारो भएको घरधुरी संख्या ३२ (०.९९ प्रतिशत) र बाँसजन्य सामाग्रीबाट बनेको घरधुरी संख्या ३७ (१.१४ प्रतिशत) रहेको छ भने अन्य र उल्लेख नगरिएको २३ (०.४१ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ । त्यस्तै वडागत रुपमा घरको बाहिरी गारोको आधारमा हेर्ने हो भने समग्र सबै वडाहरुमा माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको सबैभन्दा धेरै घरधुरी रहेको देखिन्छ । यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ ।




## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. २१ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/ छ्वाली | जस्ता/टिन/ च्यादर | टायल/खपडा/ झिँगटी/ढुङ्गा | सिमेन्ट/ ढलान | काठ/ फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३२९ | ७६ | ३६२ | १ | ० | १ | १० | ७७९ |
| २ | ४११ | ११९ | ३९१ | २ | ० | ० | १० | ९३३ |
| ३ | २९९ | १४५ | ४११ | १० | ० | ० | ४ | ८६९ |
| ४ | ७९ | ६५ | २४८ | ० | १ | ० | ० | ३९३ |
| ५ | १३७ | ३६ | ९३ | ० | ० | ० | ० | २६६ |
| जम्मा | १,२५५ | ४४१ | १,५०५ | १३ | १ | १ | २४ | ३,२४० |
| प्रतिशत | ३८.७३ | १३.६१ | ४६.४५ | ०.४० | ०.०३ | ०.०३ | ०.७४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस बरेङ गाउँपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरधुरी संख्या सबैभन्दा धेरै १,५०५ (४६.४५ प्रतिशत) रहेको छ । सबैभन्दा कम काठ/फल्याकको छानो भएको घरधुरी संख्या १ रहेको छ। यसैगरी दोस्रोमा खर/पराल/छ्वालीको छानो भएको घरको १,२५५ (३८.७३ प्रतिशत), जस्ता, टिन तथा च्यादरको छाना भएको घरधुरीसंख्या ४४१ (१३.६१ प्रतिशत), सिमेन्ट/ढलान भएको घरधुरी संख्या १३ (०.४० प्रतिशत), अन्य घरधुरी १ (०.०३ प्रतिशत) र उल्लेख नगरिएको घरधुरी २४ (०.७४ प्रतिशत) रहेका छन्। यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ ।




## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. २२ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७६५ | ३ | ० | १ | १ | ९ | ७७९ |
| २ | ९०९ | ४ | ० | १० | ० | १० | ९३३ |
| ३ | ८३६ | ३ | ८ | १९ | ० | ३ | ८६९ |
| ४ | ३८९ | ० | ० | ४ | ० | ० | ३९३ |
| ५ | २६५ | ० | ० | १ | ० | ० | २६६ |
| जम्मा | ३,१६४ | १० | ८ | ३५ | १ | २२ | ३,२४० |
| प्रतिशत | ९७.६५ | ०.३१ | ०.२५ | १.०८ | ०.०३ | ०.६८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

बरेङ गाउँपालिकामा परिवारले प्रयोग गरेको माटोको जोडाइ भएको ईँटा तथा ढुंगाबाट बनेको घरको जग भएको घरधुरी संख्या ३,१६४ सबैभन्दा बढी अर्थात् (९७.६५ प्रतिशत) छन् भने सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाको जग भएका घरधुरी १० (०.३१ प्रतिशत), ढलान पिल्लरसहितको जग भएको घरको संख्या ८ (०.२५ प्रतिशत), र काठको खम्बा गाडेको जग भएको ३५ (१.०८ प्रतिशत) रहेको छ। त्यस्तै अन्य घरधुरी संख्या १ ( ०.०३ प्रतिशत) र उल्लेख नगरिएका घरधुरी संख्या २२ अर्थात् (०.६८ प्रतिशत) रहेका छन्। यसलाई तलको स्तम्भ चित्रबाट देखाउन सकिन्छ ।



### ३.१६.१ घर निर्माणका किसिमहरु

बरेङ गाउँपालिका भित्र रहेका भवनको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको पाईयो जसले कुल भवनहरु मध्ये ९६.५७ प्रतिशत ओगटेको देखिन्छ । यसैगरी कुल भवनहरु मध्ये काठ/फल्याकबाट बनेको भवनहरु सबै भन्दा कम ०.५९ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको १.१४ प्रतिशत र सिमेन्ट जडान भएको ईँटा/ढुंगाबाट बनेको ०.९९ प्रतिशत रहेको छ । यसरी घरको जग र बाहिरी गारोको आधारमा हेर्ने हो भने यो गाउँपालिका धेरै घरहरु भूकम्प जस्ता प्राकृतिक प्रकोपको जोखिममा रहेको बुझ्न सकिन्छ । तसर्थ नेपाल विश्वमै भूकम्पिय जोखिम अत्यधिक भएको क्षेत्रमा पर्ने हुँदा भूकम्प प्रतिरोधी घर निर्माणमा व्यापक प्रचारप्रसार र चेतना अभिवृद्धि गरी ठोस नीति निर्माण गर्नुपर्ने देखिन्छ।

## ३.१७ गाउँपालिकाको मतदाता संख्या विवरण

यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या ८,७१४ रहेका छन् । यस गाउँपालिकामा मतदाता संख्या पुरुषको तुलनामा महिला ३४० जनाले बढि रहेका छ। जहाँ पुरुषको संख्या ४,१८७ जना र महिलाको संख्या ४,५२७ जना रहेको छ। यस गाउँपालिकामा ५ वडामा ५ ओटा निर्वाचन केन्द्र रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।


तालिका नं. २३ : गाउँपालिकाको मतदाता विवरण

| क्र.सं. | मतदान केन्द्र | मतदाता संख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | धुल्लु लिउवा मा.वि. | ११०१ | ११६१ | २२६२ | १ |
| २ | बराहकोट आधारभूत विद्यालय, काफलडाँडा | १२०० | १३२९ | २५२९ | २ |
| ३ | शारदा मा.वि., किसिमकोट | १०४४ | ११२९ | २,१७३ | ३ |
| ४ | सल्यान सुखौरा मा.वि., ठुलीपोखरी | ४७८ | ५५३ | १,०३१ | ४ |
| ५ | महेन्द्र मा.वि., नुन्थला | ३६४ | ३५५ | ७१९ | ५ |
| | जम्मा | ४१८७ | ४५२७ | ८७१४ | |

*स्रोत : निर्वाचन आयोग, २०७४*

# खण्ड ४ : भू-उपयोग

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण





नक्सा नं. ११ : बरेङ गाउँपालिकाको भू-उपयोग

तालिका नं. २४ : भू-उपयोग विश्लेषण


| विवरण | क्षेत्रफल (वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|
| झाडी | १.२७ | १.६९ |
| खेती योग्य जमिन | ३३.८८ | ४५.०१ |
| वनजंगल | ३९.३१ | ५२.२२ |
| जलश्रोत क्षेत्र | ०.८२ | १.०९ |
| **कुल क्षेत्रफल** | ७५.२९ | १००.०० |

*स्रोत : नापी विभाग २०७४*

बरेङ गाउँपालिकाको विधमान भू-उपयोग हेर्दा गाउँपालिकाको झण्डै ४५.०१ प्रतिशत (३३.८८ वर्ग कि.मि.) खेतियोग्य जमिनको रुपमा रहेको छ भने ५२.२२ प्रतिशत (३९.३१ वर्ग कि.मि.) वनले ओगटेको छ । खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा रहेको जमिनको उर्वराशक्ति उच्च रहेको छ। बरेङ गाउँपालिकामा १.०९ प्रतिशत (०.८२ वर्ग कि.मि.) जमिन जलश्रोत क्षेत्रले ओगटेको छ भने झाडी क्षेत्रले १.६९ प्रतिशत (१.२७ वर्ग कि.मी.) जमिन ओगटेको छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।



## ४.२ वस्ती विकासको स्वरुप




नक्सा नं. १२ : बरेङ गाउँपालिकाको बसोबास क्षेत्र

बरेङ गाउँपालिकामा क्रमश वस्तीहरुको विकास बढ्दो रहेको छ । गाउँपालिकाको केहि स्थानहरुमा स-साना बजारहरु क्रमश विकासित भएको देखिएता पनि समग्रमा गाउँपालिकाको सबै वडाहरुमा सेवा तथा सुविधा पुगिसकेको छैन । गाउँपालिकामा विकासका धेरै आयामहरुमा अभ्यास गर्न बाँकी देखिन्छ । बरेङ गाउँपालिकाको सडक सञ्जालको विकास सबै वडाहरुमा राम्रो भएको देखिँदैन । सहज स्वास्थ्य सुविधा, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिँदैन।  कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएको हुँदा साना उद्योगधन्दाको साथै जडीबुटी प्रशोधन सम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । गाउँपालिकाका अधिकांश भू-भागबाट सदरमुकाम बसाईसराईको संख्या क्रमश बढ्दै गएको छ । अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित गाउँपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् । यसका अतिरिक्त बरेङ गाउँपालिकाले गाउँपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरु, राजनैतिक पार्टीहरु, गैरसरकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, टोल विकास संस्थाहरु, वृद्धिजिवीहरु, समाजका प्रतिष्ठित व्यक्तित्वहरु, व्यवसायिक संस्थाहरु, संचारकर्मीहरु तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी बढी भन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरु तयार गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा रहेका मुख्य वस्ती सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २५ : गाउँपालिकामा रहेको मुख्य वस्ती विवरण

| क्र.सं. | मुख्य बस्ती | वडा नं. | | क्र.सं. | मुख्य बस्ती | वडा नं. |
|---|---|---|---|---|---|---|
| १ | लिउवा | १ | | २७ | कान्ले | २ |
| २ | ओखेनी | १ | | २८ | पाल्सिङ घट्ट | २ |
| ३ | उर्लेनी/छाप/जमाने | १ | | २९ | भाले स्वाँरा | २ |
| ४ | बरेङ | १ | | ३० | नयाँ बजार | ३ |
| ५ | लुरुङकोट/लुरुङ | १ | | ३१ | साग्दी | ३ |
| ६ | भुले | १ | | ३२ | बाच्छीखर्क | ३ |
| ७ | मजुवा | १ | | ३३ | खाल्ले | ३ |
| ८ | टोड्के/हजेनी खर्क | १ | | ३४ | चिदीखर्क | ३ |
| ९ | चित्रे | १ | | ३५ | चौर लिग्दी | ३ |
| १० | पात्ल | १ | | ३६ | बाटाकाचौर | ३ |
| ११ | बाँसकोट | १ | | ३७ | बाहुनथोक | ३ |
| १२ | भ्यूँडाँडा | १ | | ३८ | धनमुढा | ३ |
| १३ | अलोङतुङ | १ | | ३९ | भलाहचौर | ३ |

| क्र.सं. | मुख्य बस्ती | वडा नं. | | क्र.सं. | मुख्य बस्ती | वडा नं. |
|---|---|---|---|---|---|---|
| १४ | जसे खर्क/काउले/थापाथर | १ | | ४० | सल्यान | ४ |
| १५ | सोल थापा गँडेल | १ | | ४१ | ढावा | ४ |
| १६ | बरेङ | २ | | ४२ | बेसी | ४ |
| १७ | बराहकोट | २ | | ४३ | थप्लुङ | ४ |
| १८ | गुरुङ धारा | २ | | ४४ | जुल्पेचौर | ४ |
| १९ | डाँडा कटेरी/थाप्ले | २ | | ४५ | ठूलपोखरा | ४ |
| २० | पोखराचौर/हाँडी पोखरी | २ | | ४६ | बगाले | ४ |
| २१ | भेडीखोर/सप्नेरी, डाँडा थोक, भेडी खर्क | २ | | ४७ | हिले | ४ |
| २२ | सुँदला | २ | | ४८ | बाहुनडाँडा | ५ |
| २३ | सिग्धारा/सिग्दी | २ | | ४९ | भित्रीवन | ५ |
| २४ | सानो दलेङ/ठूलो दलेङ | २ | | ५० | तिते | ५ |
| २५ | काफलबोट/खत्री टोल | २ | | ५१ | सुखौरा | ५ |
| २६ | तङग्राम, दाउन्ने | २ | | | | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ४.३ क्रमिक विकास भैरहेका बस्तीहरूको वर्तमान स्वरुप



चित्र नं. २ : बरेङ गाउँपालिकामा रहेको बसोबास क्षेत्र (बरेङ बजार)

बरेङ गाउँपालिका जलवायुको आधारमा बसोबासको लागि उपयुक्त रहेको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल क्रमश विकास भइरहेको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत सुलभ बन्दै गरेको सन्दर्भमा गाउँपालिकाका केन्द्र वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक यातायात सेवाको विस्तारले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रुपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। पहाडी क्षेत्रमा समथर जमिनको अभाव हुने हुँदा अधिकांश क्षेत्र जोखिमयुक्त हुन्छन् तसर्थ एकिकृत बस्ती विकासका योजनाहरु बनाई ग्रामिण बस्तीहरुलाई व्यवस्थीत गर्न जरुरी देखिन्छ । अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

यस गाउँपालिकामा वस्ती विकास अन्तर्गत घर निर्माणको किसिमलाई हेर्दा गाउँपालिकाको कुल ३,२४० परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा/ ढुङ्गाको ०.३१ र पक्की पिलर भएका घरधुरी ०.२५ प्रतिशत छ भने माटोको जोडाई भएको ईटा/ढुङ्गाको घरधुरी ९७.६५, बाहिरी गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ०.९९ प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ०.४० प्रतिशत छन्। हालको घरको संरचना लाई हेर्दा नाजुक देखिन्छ । घरको जग र बाहिरी गारो दुवैमा माटोको प्रयोग बढी देखिन्छ जुन भुकम्पीय जोखिमका दृष्टिले संवेदनशिल हो। गाउँपालिकामा कुल १३५ (४.१७ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ३,०७० (९४.७५ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँपालिकाभित्र २ (०.०६ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका कार्यालय एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन।
- पानीका मूहानहरुलाई संरक्षण गर्न ठोस कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।
- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको गाउँपालिका क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित भू-क्षयको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भू-क्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका भिरालो पाखा र अवैज्ञानिक किसिमले बाटोहरु विस्तार भएका क्षेत्रको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ।

धरातलीय उचाईको विविधताले गर्दा यहाँ केहि वेसी देखि मूलत: पहाडी भू-भाग रहेको छ। तल्लो क्षेत्रहरु जिल्लाकै प्रमुख उत्पादन क्षेत्रहरु पनि यस बरेङ गाउँपालिकामा पर्दछन्। माटो पाँगो एवंम दोमट भएको हुँदा उत्पादन राम्रो हुन्छ। उच्च पहाडी क्षेत्रमा कडा खालको बलौटे रातोमाटो र चुनढुङ्गा मिसिएको माटो भएकाले यस क्षेत्रमा भु-क्षय पहिरो जाने संभावना कम हुन्छ भने मध्य भागमा पत्रे चट्टानमा रातो माटो मिसिएको माटो बढी भएको हुँदा भु-क्षय र पहिरोको दृष्टिले बढी संवेदशील मानिन्छ।

भौगोलिक हिसाबले कमजोर भुभाग र मध्यम खालको जलाधारीय अवस्थाले गर्दा यस गाउँपालिकामा पनि वर्षेनी भू-क्षय, बाढी, पहिरो, नदी कटान हुने गरेको छ। यसरी वातावरणीय असन्तुलनका कारण हुने प्राकृतिक प्रकोपका कारण ठूलो जनधनको क्षती समेत हुने गरेको छ। यस तितो यथार्थलाई मनन गरी भुक्षय र पहिरोको समस्याहरु र यसको कारण पहिल्याएर समाधानको लागि एक निकायलाई मात्र जिम्मेवार नठानी सम्बद्ध सबै निकायहरुले समन्वय र साझेदारी गरेर भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमलाई प्राथमिकताको साथ अगाडी बढाउनु आजको टड्कारो आवश्यकता देखिएको छ।

## ४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २६ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र सं | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदि/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। यसको कारण खोला वरपरका क्षेत्रमा वर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी/डढेलो | गाउँपालिकाको धेरै जसो भू-भागमा घनावस्ती रहेका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। जंगलमा सलाइ तथा चुरोटको ठुटाहरु जथाभावी फ्याँक्नाले । | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्‍चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतनाको कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ७ | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, साना व्यापार, व्यवसाय, नोकरी, वनजन्य पदार्थ, खुद्रा बजार, साना होटल, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त ४५.०१ प्रतिशत उर्वर माटो भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, गाउँपालिकामा अन्य उद्योगधन्दाको साथै पशुपालनमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । त्यसैगरी गाउँपालिकामा ठूलो क्षेत्रफल ओगटेको वनजंगल तथा जैविक विविधताले गाउँको विकासमा थप सम्भावना बोकेका छन्। मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस गाउँपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ ।

विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्व लगायत यहाँ रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू गाउँपालिकाका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । कृषि व्यवसाय, स-साना होटेलहरु, तथा व्यापार, नोकरी, मील, पशुपालन आदि यस गाउँपालिकामा रहेका मुख्य व्यवसायहरु हुन् । बरेङ गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ।

### ५.१.१ गाउँपालिकाको चालु र पूँजिगत खर्च विवरण

बरेङ गाउँपालिकाको कार्यालयलाई पूर्वाधार विकासको लागि प्राप्त चालु खर्च र पूँजीगत खर्चको रकम रु. १,००,००,००० यस आर्थिक वर्षमा गाउँकार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुको आधारभूत सेवा संचालनका लागि अत्यावश्यक फर्निचर तथा मेसिनरी औजारहरु व्यवस्थापनमा भएको छ। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २७ : आ.व. २०७४/७५ को संघीय पूर्वाधार विकास कार्यक्रममा चालु र पूँजीगत खर्च विवरण

| विवरण | अन्तिम बजेट | आषाढ महिना सम्मको खर्च | बाँकी बजेट | |
|---|---|---|---|---|
| | | | बजेट | निकासा |
| **चालु खर्च** | २०,००,००० | १५,९३,१०८.९० | ४,०६,८९१.१० | |
| **पूँजिगत खर्च** | ८०,००,००० | २९,५१,१५८ | ५०,४८,८४२ | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २८ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | पुरुष | महिला | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| १४,४९२ | २,७२३ (३६.१६%) | ४,८०७ (६३.८४%) | ७,५३० (५१.९६%) |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

यस गाउँपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या २,७२३ (३६.१६ प्रतिशत) र महिलाको संख्या ४,८०७ (६३.८४ प्रतिशत) देखिन्छ। आर्थिक रुपले सक्रिय जनसंख्यामा लैगिंक रुपमा पुरुषको भन्दा महिलाको बढि रहेको देखिन्छ। त्यस्तै गाउँपालिकाको कुल जनसंख्याको ७,५३० अर्थात् ५१.९६ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन्। आर्थिक रुपमा निस्कृय जनसंख्या ४८.०४ प्रतिशत छन्। जसको विस्तृत विवरण तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २९ : बरेङ गाउँपालिकामा आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबालिका (०-१४) | | आश्रित बृद्धबृद्धा (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | ५३५३ | ७६.८९ | १६०९ | २३.११ | ६९६२ | ४८.०४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या ५,३५३ (७६.८९ प्रतिशत) र आश्रित बृद्धबृद्धाहरुको संख्या १,६०९ (२३.११ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ६,९६२ (४८.०४ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि

देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरुको लामो समय देखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दिगो आर्थिक वृद्धि तथा खाद्य सूरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याँइएको छ। तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरुको भूमिमा पर्ने असरहरु, कृषि श्रम र सिप हुनेहरुमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरुले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवस्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्या र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१ को पृष्ठभूमि मै स्पष्ट उल्लेख गरिएको छ। यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस बरेङ गाउँपालिकाको हकमा समेत लागु हुन्छ।

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । यस गाउँपालिकामा स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।



चित्र नं. ३ : बरेङ गाउँपालिकामा रहेको कृषि क्षेत्र

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली,

संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ।

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले भरिएको हुँदा कृषिका लागि उपयोगी क्षेत्र धेरै छैन। सामान्यत: कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ, कोदो, फापर, आलु आदि हुन्। यस्तै दलहन बालीमा मास, वोडी, केराउ उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरी, अर्सी, तिल, भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, वन्दा, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ।

## ५.४.१ बाली सम्बन्धी विवरण

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा कोदो, फापर, जौ, आलु, भटमास, तोरी, हिउँदे तरकारी, आलु, मसला बाली, केरा, सुन्तला, कागती, विबुवा आदि रहेका छन्।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, कोदो, भटमास, मास, गहत, वर्षे तरकारी, आलु, अम्बा, केरा, मसला बाली, अदुवा आदि छन्।

## ५.४.२ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ। सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन्। यसैगरी मकैमा डाँठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिन, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन्। मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

तालिका नं. ३० : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कट्वा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वट्वा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, बागलुङ २०७४*

### ५.४.३ कृषि सेवा केन्द्र तथा उपकेन्द्रहरुको विवरण

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन बरेङ गाउँपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्र स्थापना गरिएका छन् ।

तालिका नं. ३१ : कृषि सेवा केन्द्र

| क्र.सं | सेवा केन्द्रको नाम | सेवा केन्द्र अन्तर्गतको स्थानहरु | कैफियत |
|---|---|---|---|
| १ | कृषि सेवा केन्द्र, हुग्दीशिर | बरेङ गाउँपालिकाका सबै वडाहरु | |

*स्रोत: बरेङ गाउँपालिका, २०७४*

## ५.४.४ बाली पात्रो

तालिका नं. ३२ : बाली पात्रो

| क.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
| --- | --- | --- | --- |
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय, २०७४*

## ५.४.५ कृषि बजारीकरण

नेपाल एक कृषि प्रधान देश हो तथापि यहाँको कृषि उपजले अपुग हुनगई आयातमा जिविका निर्भर रहेको छ। नेपालको कुल जनसंख्याको करिव दुई तिहाई जनसंख्याको पेशा कृषि हो। परम्परागत कृषिको कारण देशको अर्थतन्त्रमा भने कृषिले हिस्सा ओगट्न भने सकेको छैन। दैनिक जीवन गुजारा हुने किसिमको खेतिपाती गर्ने परिपाटीले कृषिमा व्यवसायिकरण हुन सकेको छैन। परम्परागत बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरणको नविन प्रचलन विकास हुन थालेको छ। बरेङ गाउँपालिकामा कृषिजन्य वस्तु बजारीकरणका विभिन्न ढाँचाहरु अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। गाउँपालिकामा विभिन्न बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ। कृषकले उत्पादन गरेका कृषिजन्य वस्तुले सही बजार पाउनु पर्छ। कृषि क्षेत्रको समुचित विकास हुन सकेको खण्डमा समग्र देशको विकास हुन्छ तसर्थ यसको लागि कृषि वजारीकणलाई प्रोत्साहन गरी व्यवस्थित बनाउनु पर्ने देखिन्छ।

## ५.४.६ कृषि पकेट क्षेत्रको विवरण

तालिका नं. ३३ : गाउँपालिका सञ्चालित कृषि कार्यक्रमहरुको विवरण

| क्र.सं. | विवरण | स्थान | कैफियत |
|---|---|---|---|
| १ | आलु पकेट सञ्चालन | सुखौरा, वडा नं. २ र ५ | |
| २ | व्यवसायिक च्याउ खेती | बाटाकाचौर | |
| ३ | सुन्तला कागती क्षेत्र विस्तार | बाटाकाचौर | |
| ४ | अलैची खेती क्षेत्र विस्तार | हुग्दीशिर वडा नं. २ | हुँदै गरेको |
| ५ | स्थायी सामुदायिक नर्सरी | सल्यान | भर्खर शुरुवाती चरणमा |
| ६ | स्थायी सामुदायिक नर्सरी | धुल्लुबास्कोट | भर्खर शुरुवाती चरणमा |
| गाउँपालिकाको सबै वडाहरुमा व्यवसायिक गोलभेडा खेती प्लाष्टिक घरमा भइरहेको छ। | | | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

बरेङ गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

## ५.४.७ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल पहाडी भूभागले ओगटेको देखिन्छ। विगतमा बरेङ गाउँपालिकामा रहेको उर्वरा क्षेत्रलाई वैज्ञानिक कृषि प्रणालीमा आधारित भई पूर्ण सदुपयोग गर्न सकिएको छैन। गाउँपालिकाको पहाडी भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ। यस गाउँपालिकामा रहेको खेतीयोग्य जमिनको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३४ : खतीयोग्य जमिनको विवरण

| वडा नं. | स्थान | क्षेत्रफल (हे.) | खेतीयोग्य जमिन (हे) | | |
|---|---|---|---|---|---|
| | | | खेत | पाखो | जम्मा |
| १ | धुल्लुबास्कोट | १४०९ | १० | ७५२ | ७६२ |
| २ | हुग्दीशिर | २१५१ | ३० | ११८२ | १२१२ |
| ३ | बाटाकाचौर | १७३४ | २५ | ८११ | ८३६ |
| ४ | सल्यान | १०९९ | २४ | ३९७ | ४२१ |
| ५ | सुखौरा | ११३६ | ० | २२५ | २२५ |
| जम्मा | | ७५२९ | ८९ | ३३६७ | ३४५६ |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, बागलुङ २०७३*

## ५.४.८ माछा पालन सम्बन्धी विवरण

यस गाउँपालिकाको धेरै ठाउँहरुमा प्राकृतिक र मानव निर्मित ताल तलैयाहरु तथा पोखरीहरु भएको र थप केही अन्य संभावित ठाउँहरुमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा रोजगारका अवसरहरु बढ्ने र खासगरी आयात गरिएका माछाहरु प्रतिस्थापन भै स्वदेश कै माछाले बजार लिने सम्भावना देखिन्छ। गाउँपालिकाको केही क्षेत्रमा व्यक्तिगत रुपमा सानो आकारमा माछापालन गर्ने गरेको र पानीको श्रोतहरु र सार्वजनिक पोखरीहरु रहेको हुनाले व्यवसायिक माछापालन हुने सम्भावना प्रशस्त रहेको पाइन्छ।

## ५.४.९ बरेङ गाउँपालिकामा रहेका कृषक समूहहरु

बरेङ गाउँपालिकामा रहेका कृषक समूहहरुको विस्तृत विवरण तल तालिकामा दिइएको छ।

तालिका नं. ३५ : बरेङ गाउँपालिकामा रहेका कृषक समूहहरुको विवरण

| क्र.सं. | कृषक समूहको नाम | वडा नं | समूह सदस्य संख्या | | | समूहको अवस्था |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | धौलागीरी हिमालय कृषक समूह | १ | १४ | | १४ | अर्धसक्रिय |
| २ | खाद्यान्न बाली उत्पादक कृषक समूह | २ | २ | १७ | १९ | अर्धसक्रिय |
| ३ | बीउ उत्पादन कृषक समूह | २ | २ | ११ | १३ | निष्कृय |
| ४ | लिग्दी बहुउद्देश्यीय कृषक समूह | ३ | ४ | ७ | ११ | अर्धसक्रिय |
| ५ | प्रगती कृषक समूह | ५ | १२ | १३ | २५ | सक्रिय |
| ६ | विश्व प्रकाश कृषक समूह | ४ | ० | २८ | २८ | सक्रिय |
| ७ | लालिगुँरास कृषक समूह | ४ | ५ | ८ | १३ | सक्रिय |
| ८ | भूमिस्थान हरियाली कृषक समूह | १ | १० | ९ | १९ | सक्रिय |
| ९ | कुडहर नमूना सहकारी कृषक समूह | ३ | १८ | १० | २८ | सक्रिय |
| १० | हरियाली कृषक समूह | ४ | १३ | ८ | २१ | सक्रिय |
| ११ | नमूना अलैंची उत्पादन कृषक समूह | २ | | | | |
| १२ | नगदेबाली तथा फलफूल उत्पाद कृषक समूह | ४ | | | | |
| १३ | बसन्तपुर कृषक समूह | ४ | | | | |
| १४ | भित्रिवन आलु तथा तरकारी उत्पादन कृषक समूह | ५ | | | | |
| १५ | धुल्लुवास्कोट गा.वि.स स्तरीय कृषक समिती | १ | | | | |
| १६ | कृषि वन वातावरण समिती | ३ | | | | |
| १७ | प्रगतिशिल कृषक समूह | २ | | | | |

*स्रोत : जिल्ला कृषि विकास कार्यालय, बागलुङ २०७३*

## ५.५ सिंचाई

गाउँपालिकामा नदिनालाको पानी कुलो र पाइप मार्फत सिंचाईमा प्रयोग भएको पाइन्छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त वृद्धि हुने देखिन्छ। यस गाउँपालिकामा सञ्चालित सिंचाई आयोजनाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३६ : सिंचाई आयोजना सम्बन्धी विवरण

| क्र.सं. | आयोजनाको नाम | स्थान | वडा नं |
|---|---|---|---|
| १ | डाँडाखेत सिंचाई आयोजना | खाल्ले | ३ |
| २ | डाँडाखेत सिंचाई आयोजना | खाल्ले | ३ |
| ३ | भण्डारा फाल सिंचाई आयोजना | भण्डारे | ३ |
| ४ | टिम्लापाटा सिंचाई आयोजना | टिम्लापाटा | ३ |
| ५ | हुग्दिखोला सिगालफाँट सिंचाई आयोजना | चिदीखर्क | ३ |
| ६ | खाल्लेखोला चिदिखर्क सिंचाई आयोजना | चिदीखर्क | ३ |
| ७ | पात्लेखर्क सिंचाई | खाल्ले | ३ |
| ८ | बुदामरे नयाँबजार सिंचाई आयोजना | नयाँबजार | ३ |
| ९ | तल्लो नयाँबजार सिंचाई आयोजना | नयाँबजार | ३ |
| १० | कुडहरा सिंचाई आयोजना | कुडहरा मलायचौर | ३ |
| ११ | चौरान्बे सिंचाई आयोजना | जाईबोट चौरान्बे | ३ |
| १२ | मलायचौर सिंचाई | मलायचौर घट्टे | ३ |
| १३ | रोहोटे खोला सिंचाई आयोजना तल्लो | घट्टे | ३ |
| १४ | रोहोटे खोला सिंचाई आयोजना तल्लो | घट्टे | ३ |
| १५ | प्रगतिचोक घट्टे सिंचाई आयोजना | प्रगतिचोक | ३ |
| १६ | कालिदह प्रगतिचोक सिंचाई आयोजना | प्रगतिचोक | ३ |
| १७ | सिगाला प्रडदिचोक सिंचाई आयोजना | नयाँबजार | ३ |
| १८ | पानीखाल्टा सिंचाई आयोजना | पदमकुला | ३ |
| १९ | धैहरा चिप्लेटी सिंचाई आयोजना | चिप्लेटी | ३ |
| २० | माइस्थान भेडीखोर हुँदै पोखराचौर बग्ने कुलो | | २ |
| २१ | माइस्थान ढाव हुँदै काउलाघाट जोड्ने कुलो | | २ |
| २२ | काउलाघाटबाट बगालेवडार हुँदै बग्ने कुलो | | २ |
| २३ | बगाले वडार पूर्व पट्टीबाट बग्ने कुलो | | २ |

| क.सं. | आयोजनाको नाम | स्थान | वडा नं |
|---|---|---|---|
| २४ | मुलाखेत कुलो | | २ |
| २५ | भुतेपहरा वाँडाडी हुँदै बग्ने कुलो | | २ |
| २६ | सुदलाघाटबाट सुदाला चिसापानी हुँदै घट्ट बग्ने कुलो | | २ |
| २७ | न्वार फाँट हुँदै बग्ने उपल्लो कुलो | | २ |
| २८ | न्वार फाँट हुँदै बग्ने तल्लो कुलो | | २ |
| २९ | ठाँडखोला घाट हुँदै बग्ने कुलो | | २ |
| ३० | घट्ट अधियाखेत हुँदै बग्ने कुलो | | २ |
| ३१ | काल्लेघाट खट्टिटोला हुँदै बग्ने कुलो | | २ |
| ३२ | ठूलोखेत सिंचाई कुलो | | १ |
| ३३ | ढाव खोला सिंचाई | | १ |
| ३४ | लुङ्दी खोला सिंचाई कुलो | | १ |
| ३५ | टिमुरे खोला सिंचाई कुलो | | १ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, बरेङ २०७५*

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा नै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिका बासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै बरेङ गाउँपालिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ । गाउँपालिकामा पशुपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा टेवा पुग्ने देखिन्छ ।

### ५.६.१ पशु सेवा केन्द्र

पशुपालन व्यवसायलाई सुरक्षित राख्न पशु सेवा केन्द्र, त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ । गाउँपालिकामा रहेका पशु सेवा केन्द्रको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३७ : पशु सेवा केन्द्रको विवरण

| क.सं. | सेवा केन्द्र | वडा नं |
|---|---|---|
| १ | पशु सेवा केन्द्र, बरेङ | २ |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

### ५.६.२ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, भेंडा बाखा आदि रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकास हुने क्रममा वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुन नसक्नु तथा बाखातर्फ उन्नत जातका बोकाहरुसँग प्रजनन् गराउने परिपाटी नभएको हुँदा परम्परागत रुपमा पशुपालन हुँदै आएको छ । बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु समेत यो क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधार मार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले तुलनात्मक रुपमा विकसित भएतापनि हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.३ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन् । गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आयात र आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन् । गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

### ५.६.४ गाई/भैंसी/बाखा फार्महरुको विवरण

यस गाउँपालिकामा गाई भैंसीमा धेरै लगानीका फार्महरु छैनन् । गाउँपालिकामा बाखा पालनमा आकर्षण रहेको देखिन्छ । त्यसै गरी फार्महरुको यान्त्रिकिकरण तर्फ पनि प्रगति अति नै न्यून रहेको पाईन्छ । कृषकहरुले आफ्नो दैनिक जीवनको लागि केही गाई, भैंसी, बाखा पालन गरे तापनि यसले व्यवसायिकता भने पाउन सकेको छैन । त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्ध तर्फ व्यवसायिक उत्पादनले विस्तारित रुप लिएको छैन । यस गाउँपालिकामा रहेका व्यवसायिक पशुपंक्षी पालन फर्महरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३८ : व्यवसायिक पशुपंक्षी फार्महरुको विवरण

| क.सं. | उद्योगको नाम | वडा नं. | समूह |
|---|---|---|---|
| १ | कालिका व्यावसायिक पशु पंक्षि | ३ | बाखा पालन |
| २ | रुद्र बहादर भण्डारी | ३ | बाखा पालन |
| ३ | टिकाराम न्यौपाने | ३ | बाखा पालन |
| ४ | ऋषिराम न्यौपाने | ३ | बाखा पालन |
| ५ | रविलाल पौडेल | ३ | बाखा पालन |
| ६ | चेत बहादुर सार्की | ३ | भैंसी तथा राँगो पालन |
| ७ | ओम प्रकास श्रेष्ठ | ३ | भैंसी तथा राँगो पालन |
| ८ | विष्णु पुन | ३ | भैंसी तथा राँगो पालन |
| ९ | घनश्याम पौडेल | ३ | भैंसी तथा राँगो पालन |
| १० | हिम बहादुर पौडेल | ३ | भैंसी तथा राँगो पालन |
| ११ | नरनारायण पौडेल | ३ | भैंसी तथा राँगो पालन |
| १२ | टेक बहादुर सार्की | ३ | भैंसी तथा राँगो पालन |
| १३ | दल बहादुर थापा | ३ | कुखुरा पालन |
| १४ | गंगा बहादुर श्रेष्ठ | ३ | कुखुरा पालन |
| १५ | खड्क बहादुर | ३ | कुखुरा पालन |
| १६ | तारा राना | ३ | कुखुरा पालन |
| १७ | पुतली थापा | ३ | कुखुरा पालन |
| १८ | मनकुमारी गौतम | ३ | कुखुरा पालन |
| १९ | दुर्गा बहादुर बुढाथोकी | ३ | कुखुरा पालन |
| २० | गणेश बहादुर न्यौपाने | ३ | कुखुरा पालन |
| २१ | गोमा पौडेल | ३ | कुखुरा पालन |
| २२ | दिपक पौडेल | ३ | कुखुरा पालन |
| २३ | चतुरे बहादुर सुनुवार | ३ | कुखुरा पालन |
| २४ | उमा रुपाल | ३ | कुखुरा पालन |
| २५ | लिल बहादुर सुनार | ३ | कुखुरा पालन |
| २६ | सागर छन्तेल | ३ | कुखुरा पालन |
| २७ | कोपिल्स सुवेदी | ३ | कुखुरा पालन |
| २८ | चित्रा वि.क. | ३ | बंगुर पालन |
| २९ | दुर्गा बुढाथोकी | ३ | बंगुर पालन |
| ३० | अन्जान बाखा फर्म | २ | बाखा पालन |
| ३१ | लक्ष्मी बाखापालन | २ | बाखा पालन |
| ३२ | संगम पोल्टी फर्म | २ | कुखुरा पालन |
| ३३ | पोखराचौर बाखापालन फार्म | २ | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, बरेङ २०७५*

### ५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण

बरेङ गाउँपालिकामा पशुपालन व्यवसायिक रुपमा विकास भएको छैन । प्राय कृषकले आफ्नो आफ्नो आवश्यकता परिपुर्ति लागि गाई भैंसी पालन गरेता पनि दुग्ध बजारिकरण भने फस्टाएको देखिँदैन उत्पादित केही दुध स्थानीय बजारमा पसलले सानो परिमाणमा प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिकामा निजी स्तरका लघु दुग्ध उद्योगहरुको स्थापना भई गाउँपालिकामा उत्पादित दुधले सवल बजार सञ्जाल पाउन सफल भएको छैन । गाउँपालिका विकासको लागि पशुपालन व्यवसायमा सम्भावना रहेता पनि यसलाई सफल बनाउन सकेको देखिँदैन । यस गाउँपालिकाको वडा नं. १ मा शर्मा डेरी रहेको छ । जसबाट गाउँपालिकामा दुग्धजन्य उत्पादन संकलन र विक्रि वितरण हुने गरेको छ ।

### ५.६.६ मासु बजारीकरण

बरेङ गाउँपालिकामा मासु उत्पादनमा व्यवसायिकता हासिल हुन सकेको छैन । उत्पादनले आश्यकता अनुसारको मासु आपुर्ति गर्न सक्दैन यसको लागि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ । गाउँपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन व्यवसायिक नहुनु रहेका छन् । उदाहरणको लागि यस गाउँपालिका बाखाको मुख्य स्रोत भएकोले कृषि सडक, बिजुली, खानेपानी तथा बजार र सम्बन्धित अन्य सुविधाहरुको अभावले गर्दा बाखा पालनबाट मासुको व्यवसायीकरण तर्फ अपेक्षित योगदान सम्भव हुन सकि रहेको छैन । कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सकृय हुनुपर्ने र स्थानीय सरकारको तर्फबाट थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

## ५.७ थोक तथा खुद्रा व्यापार

खुद्रा व्यापार अन्तर्गत चामल, पिठो, तेल, तरकारी, फलफुल, गेडागुडी तथा मसला आदिको व्यापार हुने गरेको छ भने अन्य व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयत गरिएका घरेलु उपयोगका सामानहरूको समेत केहि मात्रामा बिक्री वितरण यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ। यस गाउँपालिकामा रहेका व्यापारिक केन्द्रहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३९ : व्यापारिक केन्द्रहरुको विवरण

| क्र.सं. | व्यापारीक केन्द्र | वडा नं |
|---|---|---|
| १ | बरेङ बजार हुग्दी शिर र धुल्लु बाँसकोटको संगम | १ र २ |
| २ | नयाँ बजार | ३ |
| ३ | घट्ट सुँदला | २ |
| ४ | लिउँवा | १ |
| ५ | थप्लुङ | ४ |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*



चित्र नं. ४ : बरेङ गाउँपालिकाको बजार क्षेत्र

## ५.७.१ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने बस्तुहरूमा खाद्यान्न, तरकारी, फलफूल र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

## ५.७.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। उपलब्ध स्रोत तथा कच्चा पदार्थको उच्चतम उपयोग हुन नसकेको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिकाहरुबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

### ख) वनजन्य

वन जंगलमा आधारित उद्योगमा साल, अल्लो, सल्लो, चिलाउने आदि सरकारले संकलन तथा विक्रि वितरण गर्ने मुख्य गाउँपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट आयात गर्ने गरेको पाइन्छ। गाउँपालिकामा उत्पादीत बाँसको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ।

## ५.८ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत कृषि, पशुपालन, साना व्यापार व्यवसाय, नोकरी जस्ता आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यवसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा अनुकुल र सुरक्षित स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकामा दुग्ध उत्पादन तथा पशुपंछी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यवसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका पोखरीहरूलाई माछापालन, सिंचाई, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। गाउँपालिकामा ओगटेका वन क्षेत्रहरु सालको वन, सल्लो, सिसौ, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ । यसका अलावा जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ ।

गाउँपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिका भित्र विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । यातायातको राम्रो व्यवस्था गर्न सके गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ । यस गाउँपालिकाका उच्च पर्वतहरुबाट धौलागिरी, अन्नपूर्ण र माचापुच्छ्रे जस्ता सुन्दर हिम श्रृङ्खलाहरुको दृष्याअवलोकन गर्न सकिने भएकोले ती उच्च भागहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न सकिन्छ ।

गाउँपालिका तथा देशमै बेरोजगारी समस्या एक चुनौती रहेकोले यस गाउँपालिका समेत त्यसबाट प्रभावित छ । सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यवसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.९ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वन पैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा सतहगत सिंचाईमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। कृषि, पशु एवंम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा क्रमश: सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पहाडी जमिनको व्यवस्था गरी गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ

## ५.१० बैंकको विवरण

गाउँपालिकामा बैङ्किङ कारोबारको लागि छिमेकी नगरपालिका विशेष गरी बागलुङ बजारमा निर्भर हुनुपरेको छ। यस गाउँपालिकामा बैंकहरु संचालन नभएपनि जिल्लाका विभिन्न स्थानमा रहेका बैंकहरुबाट यस गाउँपालिका जनताले सेवा प्राप्त गरेका छन्। हाल नेपाल राष्ट्र बैङ्कले अन्य बैंकहरुलाई प्रत्येक गाउँपालिकामा शाखा विस्तार गर्न निर्देशन गरेकोले भविष्यमा बैंकिङ सेवा विस्तार हुने अपेक्षा गरिएको छ ।

## ५.११ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ। यस गाउँपालिकामा रहेका विभिन्न सहकारी संस्थाहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४० : सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारी संघ/संस्थाको नाम | वडा नं | स्थान | अवस्था | सदस्य संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा |
| १ | सी.वाई.सी. सहकारी संस्था लि. | ३ | | | | | |
| २ | नयाँ कृषि अभियान सहकारी संस्था लि. | ३ | | | | | |
| ३ | सूर्योदय लघुवित्त कार्यक्रम | ३ | | | | | |
| ४ | डी.सी.आर. डी.सी लघु वित्त | ३ | | | | | |
| ५ | सृजनशील कृषि तथा पशु स.सं.लि. | ३ | बाटाकाचौर | | | | |
| ६ | बाटाकाचौर बहुउद्देशीय सहकारी संस्था लिमिटेड | ३ | नयाँबजार | | | | |
| ७ | श्री बरेङ उपभोक्ता सहकारी संस्था लि. | ३ | हुग्दिशिर | | | | |
| ८ | श्री जनसेवा सहकारी संस्था लि. | २ | हुग्दिशिर | | | | |
| ९ | हुग्दिशिर लधुउद्यमी कृषि सहकारी सं. | २ | बरेङ | | | | |
| १० | श्री नमूना महिला बचत तथा ऋण स.सं.लि. | २ | हुग्दिशिर | | | | |
| ११ | विहानी सहकारी संस्था लिमिटेड | १ | बरेङ | | | | |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, बरेङ, २०७४*

गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, बहुउद्देश्यीय सहकारी, कृषि, उपभोक्ता, लघुउद्यमी, दुग्ध उत्पादन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ।

## ५.१२ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरुमा महिला समूह, आमा समूह, नागरिक सचेतना केन्द्र आदि संचालनमा रहेका छन्। यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनीतिक दलहरु रहेका छन्।

- वडा नं. ३ मा सु-आहरा
- वडा नं. ३ मा बास

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ गाउँपालिकाका हालका भवनहरुको विवरण




चित्र नं. ५ : बरेङ गाउँपालिकाको कार्यालय

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय वडा नं २ स्थित हुग्दिशिरमा रहेको छ । यस बरेङ गाउँपालिकाको सबै वडाहरुमा वडा कार्यालयको स्थापना भएको छ ।

## ६.२ सामुदायिक भवनहरुको विवरण

यस गाउँपालिकामा रहेका सामुदायिक/सार्वजनिक भवनहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४१ : सामुदायिक भवनहरुको विवरण

| क्र.सं. | सामुदायिक/सार्वजनिक भवनहरुको विवरण | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी भवन बाटाकाचौर | ३ | |
| २ | प्रहरी चौकी (निर्माणधिन) | ३ | निर्माणधिन |
| ३ | दलित भवन | | निर्माणधिन |
| ४ | उसा किरण आमा समूह भवन | ३ | |
| ५ | दलित भवन बाटाकाचौर | ३ | |
| ६ | टारीकाचौर सिकाई केन्द्र भवन, बाटाकाचौर | ३ | |
| ७ | नयाँबजार आमा समूह भवन, बाटाकाचौर | ३ | |
| ८ | सामुदायिक भवन, बाटाकाचौर साविकको वडा (४, ८, ९ र ५) | ३ | सबैमा १ भवन रहेको |

| क्र.सं. | सामुदायिक/सार्वजनिक भवनहरुको विवरण | वडा नं. | कैफियत |
|---|---|---|---|
| ९ | महिला सामुदायिक भवन, बरेङ | १ | |
| १० | जनसहभागिता विकास केन्द्र, वेरा | १ | |
| ११ | धुल्लुबास्कोट सामुदायिक भवन , लिउँवा | १ | |
| १२ | गैडेल सामुदायिक भवन | १ | |
| १३ | दलित भवन, तिते | ५ | |
| १४ | भित्रीवन आमा समूह भवन | ५ | |
| १५ | धम्पू आमा समूह भवन | ५ | |
| १६ | पँधेरा आमा समूह भवन | ५ | |
| १७ | सँपौदी सामुदायिक भवन | ४ | |
| १८ | गाजाका रुख सामुदायिक भवन | ४ | |
| १९ | डहरेपोखरा सामुदायिक भवन | ४ | |
| २० | ठूलासहराको पोखरा | ४ | |
| २१ | थप्लुङ सामुदायिक भवन | ४ | |
| २२ | ढावा सामुदायिक भवन | ४ | |
| २३ | पिपलसारे सामुदायिक भवन | ४ | |
| २४ | देउराली डाँडा सामुदायिक भवन | ४ | |
| २५ | ढरखोर्को सामुदायिक भवन | ४ | |
| २६ | सुँदला सामुदायिक भवन | २ | |
| २७ | दलित सामुदायिक भवन | २ | |
| २८ | गुरुङधारा सामुदायिक भवन | २ | |
| २९ | सिग्दी सामुदायिक भवन | २ | |
| ३० | बराहाकोट महिला सामुदायिक भवन साविक वडा नं. ६ | २ | |
| ३१ | बराहाकोट महिला सामुदायिक भवन साविक वडा नं. ७ | २ | |


*स्रोत : बरेङ गाउँपालिका कार्यालय, २०७४*

तालिका नं. ४२ : सामुदायिक चौतारोहरुको विवरण

| क्र.सं. | चौताराको नाम | वडा नं | क्र.सं. | चौताराको नाम | वडा नं |
|---|---|---|---|---|---|
| १ | खाल्ले स्कुल चौतारा | ३ | ११ | किराना चौतारी | ३ |
| २ | पिपलबोट भण्डारा | ३ | १२ | सातदोबाटो चौपारी | ३ |
| ३ | कुडहरा पिपलबोट | ३ | १३ | गोलचौर चौपारी | ३ |
| ४ | वाटाकाचौर पिपलबोट | ३ | १४ | सत्यवती चौतरी | ३ |
| ५ | आराना चौपारी | ३ | १५ | मान्द्रेढुंगा पौवा (निर्माणधिन) | ३ |
| ६ | देउराली चौपारी | ३ | १६ | सत्यवती पौवा | ३ |
| ७ | खाल्टापानी चौतारा | ३ | १७ | टारीकाचौर पौवा | ३ |
| ८ | चिप्लेटी चौतारा | ३ | १८ | गल्छीना चौतारो, हुलडाँडा | ४ |
| ९ | मौवावाट चौतारा | ३ | १९ | धम्पु डाँडाको चौतारी, धम्पु | ४ |
| १० | भिरबोट चौतारा | ३ | | | |

*स्रोत : बरेङ गाउँपालिका कार्यालय, २०७४*

## ६.३ यातायात




नक्सा नं. १३ : बरेङ गाउँपालिकाको सडक सञ्जाल



चित्र नं. ६ : बरेङ गाउँपालिकामा रहेको सडक

## (क) विद्यमान सडक सञ्जाल

तालिका नं. ४३ : गाउँपालिकामा भएको सडक सञ्जालहरुको विवरण

| क्र.सं. | मुख्य सडक खण्ड |
|---|---|
| १ | नाम्दुक-बरेङ-नयाँबजार-शान्तिपुर सडक खण्ड (तराइ जोड्ने बाटो) |
| २ | बरेङ-बाघकोट-गाजादह सडक खण्ड |
| ३ | नयाँ बजार-पेरीबाङ-गल्कोट सडक खण्ड (मध्य पहाडी लोकमार्ग) |
| ४ | सुखौरा-थाले पोखरा-गल्कोट सडक खण्ड (मध्य पहाडी लोकमार्ग) |
| ५ | नयाँ बजार-हुग्दीशिर-पेरीबाङ-गल्कोट सडक खण्ड (मध्य पहाडी लोकमार्ग) |
| ६ | बरेङ- काली गण्डकी कोरीडोर (रणनितिक बाटो) |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## (ख) यातायात सेवा

यस बरेङ गाउँपालिकाका सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन। गाउँपालिकामा उत्पादित विभिन्न कृषि उपजहरू जस्तै खाद्यान्न, तरकारी, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरुमा बाह्रै महिना सवारी साधन चल्ने सडकको सुविधा नभएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन कठिनाई भएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरुमा बाह्रै

महिना सवारी साधन चल्ने सडकको विस्तार नभएकोले आन्तरिक यातायातको भरपर्दो सुविधा नभएको हुँदा गाउँपालिका बासीहरुलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुऱ्याउन सकिएको छैन। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा टेक्टर, जिप, बस, मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना सुचारु हुने गरी सडकमार्गहरूको स्तर उन्नति गर्नुपर्ने देखिन्छ ।

सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ। यस गाउँपालिकामा रहेका सार्वजनिक यातायात सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४४ : सार्वजनिक यातायात सम्बन्धी विवरण

| क्र.सं. | सेवा | सडक खण्ड | छुट्ने समय |
|---|---|---|---|
| १ | बस सेवा | बरेङ-बागलुङ-काठमाडौं | दिउँसो |
| २ | बस सेवा | बरेङ-शान्तिपुर-पाल्पा बुटवल | साँझ |
| ३ | बस सेवा | बराहकोट-शान्तिपुर- पाल्पा बुटवल | बिहान |
| ४ | जीप सेवा | बरेङ-बागलुङ | बिहान |
| ५ | जीप सेवा | बरेङ-बुटवल | बिहान |
| ६ | जीप सेवा | नयाँ बजार-बागलुङ | बिहान |
| ७ | जीप सेवा | सुखौरा-पाल्पा-बुटवल | बिहान |
| यस बाहेक नीजी सवारी साधनहरु रिजर्भमा लिएर गाउँपालिकाको विभिन्न स्थानहरुबाट देशका अन्य स्थानहरुमा जाने चलन छ। | | | |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ६.३.१ टाढाको वस्तीबाट सम्बन्धित वडा केन्द्रमा पुग्न लाग्ने समय

तालिका नं. ४५ : वडा केन्द्रबाट टाढाको वस्ती

| क्र.सं. | वडा नं | वस्ती | लाग्ने समय |
|---|---|---|---|
| १ | १ | ठाकुर चौर | २ घण्टा |
| २ | १ | लुरुङकोट | १ घण्टा ३० मिनेट |
| ३ | १ | अर्लाङतुङ | १ घण्टा |
| ४ | १ | झुले | १ घण्टा |
| ५ | २ | तङग्राम | २ घण्टा |
| ६ | २ | खाल्टा खर्क | २ घण्टा |
| ७ | २ | दाउन्ने | १ घण्टा |
| ८ | २ | थाप्ले डाँडा कटेरी | १ घण्टा ३० मिनेट |
| ९ | ३ | साविकको वडा नं. ६ | १ घण्टा |
| १० | ३ | साविकको वडा नं. ९ बाच्छेखर्क | १ घण्टा ३० मिनेट |
| ११ | ३ | साविकको वडा नं. ९ खोलाखर्क | १ घण्टा ३० मिनेट |

*श्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ६.३.२ गाउँपालिका केन्द्रबाट वडा केन्द्र सम्मको दुरी

यस गाउँपालिकाको केन्द्रबाट वडा केन्द्रसम्मको दुरी सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४६ : गाउँपालिका केन्द्रबाट वडा केन्द्रको दुरी

| क्र.सं. | वडा नं | बस्ती | लाग्ने समय |
|---|---|---|---|
| १ | १ | भित्रिवन/बाहुनडाँडा | ५ घण्टा |
| २ | २ | सल्यान | ४ घण्टा |
| ३ | ३ | बगालथर | ३ घण्टा |
| ४ | ४ | लुरुङ्गको/ठाकुरचौर | ४ घण्टा |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ६.३.३ झोलुङ्गे पुलको विवरण

तालिका नं. ४७ : गाउँपालिकामा झोलुङ्गे पुल सम्बन्धी विवरण

| क्र.सं. | पुलको विवरण | जोड्ने स्थान |
|---|---|---|
| १ | झुँडीघाट झोलुङ्गे पुल | जैमिनी न.पा.- १० र बरेङ गा.पा.- १ |
| २ | टिमुरेघाट झोलुङ्गे पुल | जैमिनी गा.पा.- १० र बरेङ गा.पा.- १ |
| ३ | तिप्लिङ्घाट लामो झोलुङ्गे पुल | जैमिनी गा.पा.- १० र बरेङ गा.पा.- १ |
| ४ | तिप्लिङ्घाट छोटो झोलुङ्गे पुल | लिउँवा र कोकलदिप जोड्ने |
| ५ | मझुवा खोला झोलुङ्गे पुल | वडा नं. १ मुजुवा र कोकल्दीप जोड्ने |
| ६ | आहालेघाट झोलुङ्गे पुल | जैमिनी न.पा. थम्कीला र बरेङ देउराली |
| ७ | जिमिरेघाट झोलुङ्गे पुल | जैमिनी न.पा.- ८ खोलाखानी र उलेनी |
| ८ | रुखेनीघाट झोलुङ्गे पुल | जैमिनी न.पा. - १० फँलाटे र बरेङ गा.पा.- १ लाखु डाँडा |
| ९ | चिडियाघाट झोलुङ्गे पुल | वडा नं. १ ठूलार र लुड्दी जोड्ने |
| १० | काउलाघाट पुल (काठले बनेको) | वडा नं २ |
| ११ | मुलाखेत पुल | वडा नं २ |
| १२ | बराहकोट पुल (काठले बनेको) | वडा नं. २ |
| १३ | बडाले वडार पुल | वडा नं. २ |
| १४ | सुदलाघाट झोलुङ्गे पुल | वडा नं. २ |
| १५ | दाउन्ने पुल | वडा नं. २ |
| १६ | खटिटोला भमरा झोलुङ्गे पुल | वडा नं. २ |
| १७ | घट्टे अधियाखेत झोलुङ्गे पुल | वडा नं. २ |
| १८ | घट्टेघाट झोलुङ्गेपुल | वडा नं. ३ |
| १९ | नयाँबजार झोलुङ्गेपुल | वडा नं ३ |

| क्र.सं. | पुलको विवरण | जोड्ने स्थान |
|---|---|---|
| २० | खाल्ले खोला झोलुङ्गे पुल | वडा नं ३ |
| २१ | अम्बोटघाट झोलुङ्गे पुल | वडा नं.१ |
| २२ | तम्बु खोला झोलुङ्गे पुल | वडा नं.५ |
| कल्भर्ट | | |
| १ | बुङ्दीघाट कल्भर्ट | वडा नं ३ |
| २ | भण्डाराघाट कल्भर्ट | वडा नं ३ |
| ३ | कार्तिके टिम्लापायघाट कल्भर्ट | वडा नं ३ |
| ४ | खाल्लेघाट कल्भर्ट | वडा नं ३ |
| ५ | भैसुङ्ग खोला कल्भर्ट | वडा नं ३ |
| ६ | पाँचखर्क कल्भर्ट | वडा नं ३ |
| ७ | लुङ्दीघाट कल्भर्ट | वडा नं १ |
| पक्की पुल | | |
| १ | नयाँबजार हुग्दी खोला पुल | वडा नं ३ |
| २ | सुहलाघाट पक्कीपुल | वडा नं. २ |
| ३ | भुलाखेत मोटर गुड्ने पक्कि पुल | वडा नं. २ |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ६.४ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्याङ्कले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ । हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ । बरेङ गाउँपालिकामा एफ.एम र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरु जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ। गाउँपालिकाका सबै वडाहरूमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network सेवा उपलब्ध गराएको छ। तर पनि प्रभावकारी रुपमा सञ्चालन हुन सकिरहेको छैन। गाउँपालिकामा ल्याण्डलाईन सेवा उपलब्ध नभएपनि SKy तथा CDMA फोन रहेको छ। यस गाउँपालिकामा मनोरञ्जनको लागि टि.भि. कार्यक्रम चन्द्रकोट केवल नेटवर्क प्रा.लि. र डिसहोम मार्फत च्यानलहरु सञ्चालनमा रहनु साथै स्याटेलाईट च्यानल प्रसारकहरुले समेत सेवा प्रदान गर्दै आईरहेका छन्। तह हाल केवल नेटवर्क बन्द अवस्थामा रहेको छ।

### ६.४.१ गाउँपालिकामा सेवा पुऱ्याइरहेका एफ.एम. रेडियोहरु

यस गाउँपालिकामा सामुदायिक रेडियो विहानी ८९ मेघाहर्ज संञ्चालनमा रहेको छ। यस बाहेक धादिङ्गबाट रेडियो विहानी, रेडियो धादिङ्ग, गुल्मीबाट रुरु एफ.एम., रेसुङ्गा एफ.एम., श्रीनगर एफ.एम., पर्वतबाट रेडियो दिदीबहीनी, शालिग्राम एफ.एम., रेडियो कुसुम, अर्घाखाँचीबाट रेडियो देउराली, रुपन्देहीबाट रेडियो लुम्बिनी र पाल्पाबाट रेडियो मुक्तिनाथ लगायतका एफ.एम रेडियो तथा अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ। यी एफ्.एम् रेडियोहरुले सम्पूर्ण गाउँपालिका बासीहरुमा सेवा प्रदान गर्दै आएका छन्।

### ६.४.२ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन्। गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी संचार र यातायातको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या न्यून हुँदै गैरहेको छ। गाउँपालिकामा रहेको हुलाक सेवा विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

## ६.५ विद्युत

यस गाउँपालिकमा रहेका सबै वडाहरुका केहि विपन्न समुदायका जनसंख्या बाहेक पूर्ण रुपमा विद्युतीकरण भएको छ। गाउँपालिकाका धेरै जसो घरहरुमा नेपाल विद्युत प्राधिकरण मार्फत विद्युतिकरण भएको छ भने केही घरहरुमा सामुदायिक विद्युतिकरण, लघु जलविद्युत परियोजना, पेल्ट्रीक सेट तथा सोलार मार्फत विद्युतिकरण भएको पाइन्छ। यस गाउँपालिकामा रहेका जलविद्युत परियोजनाहरु सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४८ : जलविद्युत परियोजना सम्बन्धी विवरण

| क्र.सं. | योजनाको नाम | वडा नं. | क्षमता (Kwh) |
|---|---|---|---|
| १ | बास्कोट लघु जलविद्युत | ३ | |
| २ | कुडहरा लघु जलविद्युत | ३ | |
| ३ | घट्टे लघु जलविद्युत | ३ | |
| ४ | पदमफुल लघु जलविद्युत | ३ | |
| ५ | तमखोला जलविद्युत आयोजना | ४ | ८ |
| ६ | रुसी खोला जलविद्युत आयोजना | ४ | ६५ |
| ७ | लघु विद्युत | १ | |
| ८ | भैंसीखोला जलविद्युत आयोजना | ४ | १४-१८ |
| ९ | लघु विद्युत | ४ | ६५० |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७५*

## भैंसीखोला जलविद्युत आयोजना

DCRDC बागलुङ र स्थानीयको सक्रियतामा वि.सं. २०६१/६२ मा बरेङ गाउँपालिका वडा नं. ४ सल्यानमा स्थापना गरिएको यस भैंसीखोला लघु जलविद्युत आयोजना यस बरेङ गाउँपालिका कै प्रथम बढि क्षमता भएको लघु जल विद्युत हो । करिब १४ देखि १८ कि.वा. क्षमता भएको उक्त योजना जि.वि.स. बाट ८ लाख र स्थानीय बासिन्दाबाट १६ लाख गरि जम्मा २४ लाखको लगानीमा उत्पादन निर्माण गरिएको उक्त आयोजनाबाट हाल १४ कि.वा. विद्युत उत्पादन भइरहेको छ भने जसबाट तत्कालिन समयमा करिब १७० घर र हाल बढ्दो बसाईसराईका कारण करिब १५० घरधुरीले प्रत्यक्ष लाभ लिएका छन् । साथै सोही विद्युतबाट पिसानी मेसिन समेत संचालन गरिएको छ ।

स्थापनाको बाह्रौ वर्ष बितिसक्दा कैयौपटक उक्त पावरहाउस तथा सर्विस तार तथा पोलहरुमा पर्न आउने विभिन्न खराबीका कारण पटकपटक मर्मत गरी चलाइएको कारण हाल उक्त योजनाका सामाग्रीहरु हाल अती जिर्ण अवस्थामा पुगेका कारण स्थानीयहरुले कैयौ सास्ती बेहोर्नु परेको छ । चट्टान सहितको अति भिरालो ठाउँ वस्तीभन्दा धैरै टाढा र चट्टानलाई काटेर बनाईएको अत्यन्तै जोखिम पूर्ण बाटोको कारण सो योजनाको रेखदेख तथा खोल्ने बन्द गर्ने अपरेटरलाई समेत उचित पारिश्रमिक नभएकोले पनि बेला मौकामा समस्या आउने गरेको छ ।

चारैतिर जङ्गलको बिचमा करिव ५०० पाँच सय मिटर अग्लो छहरा रहेको सुन्दर र मनोरम स्थानमा यो आयोजना रहेको छ । करिब २५००-३००० सम्म खुड्कीला भएको साँगुरो तथा अत्यन्तै उकालो बाटो भएको कारण एक हिसाबले यो अति नै पर्यटकीय स्थलको सम्भावना बोकेको ठाउँ पनि हो । यस स्थानलाई पर्यटकीय क्षेत्रको रुपमा विकासित गर्न प्रचार प्रसार र व्यवस्थित गर्न सकेको खण्डमा अति नै संभावना बोकेको क्षेत्रमा यो पर्दछ ।

## लघु विद्युत

बागलुङ जिल्लाको बरेङ गाउँपालिका वडा नं. ४ सल्यान तथा साविकको सल्यान गा.वि.स. वडा नं. ९ ढावा निवासीहरुबाट सञ्चालित गाउँकै बासिन्दाबाट निर्माण भएको यो लघु जलविद्युत वि.सं. २०६० सालमा स्थापना भएको थियो । जसको क्षमता ६५० किलो वाट रहेको छ । जसबाट करिब ३१ घरपरिवारले प्रयोग गरेका छन् । यसबाट कुटानी पिसानीको समेत काम हुने गर्दछ ।

### ६.५.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


यस बरेङ गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नजिताअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या १,६५३ (५१.०२ प्रतिशत) रहेको छ । त्यस्तै ७७४ (२३.८९ प्रतिशत)

घरधुरीले मट्टितेल, ६१४ (१८.९५ प्रतिशत) ले सोलार र १८ (०.५६ प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। यस गाउँपालिकामा बत्ती बाल्नको लागि अन्य स्रोतहरुको प्रयोग गर्ने घरधुरी संख्या १७० (५.२५ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै वडागत रुपमा सबैभन्दा बढी विद्युतको प्रयोग गर्ने वडा नं. १ रहेको देखिन्छ जसमा ५४१ घरधुरीले विद्युतको प्रयोग गरेको देखिन्छ भने वडा नं ५ मा १ मात्र परिवारले विद्युतको प्रयोग गरेको पाइन्छ । समग्रमा यस गाउँपालिकामा विद्युतको पहुँचबाट केही घरधुरीहरु भने टाढा रहेका छन्। यस क्षेत्रमा विद्युतको पहुँचको लागि नेपाल सरकार र सम्बन्धित निकायहरुले पहल गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तलको तालिका र स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ४९ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मटीतेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ५४१ | १०५ | ३ | १०९ | १७ | ४ | ७७९ |
| २ | ४७९ | ३०७ | ० | १०९ | ३४ | ४ | ९३३ |
| ३ | ३५९ | ३१९ | १४ | १६७ | ७ | ३ | ८६९ |
| ४ | २७३ | २३ | १ | ९६ | ० | ० | ३९३ |
| ५ | १ | २० | ० | १३३ | ११२ | ० | २६६ |
| जम्मा | १,६५३ | ७७४ | १८ | ६१४ | १७० | ११ | ३,२४० |
| प्रतिशत | ५१.०२ | २३.८९ | ०.५५६ | १८.९५ | ५.२४७ | ०.३४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ६.५.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ५० : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुइँठा/ ठोरहा | गोबरग्यास | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७६४ | ३ | ८ | ० | ० | ४ | ७७९ |
| २ | ९१९ | १ | ८ | ० | १ | ४ | ९३३ |
| ३ | ८५५ | ३ | ७ | १ | ० | ३ | ८६९ |
| ४ | ३९१ | १ | १ | ० | ० | ० | ३९३ |
| ५ | २६६ | ० | ० | ० | ० | ० | २६६ |
| जम्मा | ३,१९५ | ८ | २४ | १ | १ | ११ | ३,२४० |
| प्रतिशत | ९८.६१ | ०.२५ | ०.७४ | ०.०३ | ०.०३ | ०.३४ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

वि.सं. २०६८ को जनगणनाअनुसार बरेङ गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ३,१९५ (९८.६१ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा एल.पी. ग्याँस प्रयोग गर्ने २४ (०.७४ प्रतिशत), मट्टीतेल प्रयोग गर्ने ८ (०.२५ प्रतिशत), गुइँठा/ठोरहा प्रयोग गर्ने घरधुरी संख्या १ (०.०३ प्रतिशत), गोबर ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १ (०.०३ प्रतिशत) र उल्लेख नगरिएका साधनको प्रयोग गर्ने घरधुरी ११ (०.३४ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा सबैभन्दा बढी काठ तथा दाउराको प्रयोग गर्ने समग्र सबै वडाका घरधुरी संख्या बढी रहेको देखिन्छ। जसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।




वैकल्पीक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। यहाँका केहि भागहरुमा गोबरग्याँसको लागि उपर्युक्त रहेकोले र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै परिवारको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ। समग्रमा हेर्दा शिक्षा प्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टिगत परिणामस्वरुप समग्र देशको साक्षरता दरमा वृद्धि आवधिक भइरहेको छ । बरेङ गाउँपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ । यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियान जस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ । यसै सिलसिलामा बरेङ गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला शिक्षा हो । शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरि भूमिका रहन्छ। गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक शसक्त माध्यमको आवधिक योजनाहरुले निरन्तर रुपमा अबलम्बन गर्दै आएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।

(३) अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

संविधान तथा योजनाको ठूलठूला वहस भएता पनि शिक्षाको हकमा विश्वको सामु तुलनात्मक अध्ययन गर्दा उल्लेखनीय विकास भने भएको देखिँदैन। शिक्षाले ज्ञान र सिपको प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवं आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ । देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र

सिकाउने प्रवृति, सामाजिक र मानवीय मूल्यमान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो। यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोचको पर्याप्तता हुनुपर्छ । निर्दिष्ट सिकाइमात्र स्तरीयता होइन। आज व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ।

सन् २०००-२०१५ सम्म कार्यान्वयनमा रहेका सहश्राब्दी विकास लक्ष्य (MDGs) ८ मध्ये उद्देश्य नं २ (Goal No. 2) सार्वभौमिक प्राथमिक शिक्ष रहेको थियो। MDGs पक्ष राष्ट्रको हैसियतले नेपालको उक्त उद्देश्य प्राप्तिका बाटोमा आफ्नो गतिविधि केन्द्रित गरेको पाइन्छ। फलस्वरुप २०१५ को अन्त्यसम्म प्राथमिक तहमा खुद भर्नादर ९६.६ प्रतिशत पुगेको छ भने लैङ्गिक अनुपात समदरमा पुगेको छ। दिगो विकासका लक्ष्य (SDGs 2015-2030) को १७ मध्ये उद्देश्य ४ सबैका लागि समावेशी, समतामुलक र गुणस्तरीय शिक्षा र जिवनपर्यन्त सिकाइ रहेको छ । गुणस्तरीय शैक्षिक जनशक्ति उत्पादन गर्न, उद्यमशिलता विकास गर्न, प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो उद्देश्यको कार्यान्वयन निर्देशित देखिन्छ।

परम्परागत कृषि पेशामा आधुनिकिकरण र व्यवसायिकरण गर्न, उद्यमशिलताको विकास र पूँजी लगानी मार्फत औद्योगिकिकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस बरेङ गाउँपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति, शिक्षण संस्थाको विवरण, शिक्षक दरबन्दी विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट बरेङ गाउँपालिकाको शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ। यो गाउँपालिका पूर्ण साक्षर गाउँपालिका घोषणा भएको छ।

### ७.१.१ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा बरेङ गाउँपालिका यस जिल्लाका अन्य स्थानको तुलनामा केही अगाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७२.५१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र जस्तै धेरै विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८१.२६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६६.३१ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा १४.९६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। यस गाउँपालिकाको साक्षरताको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## तालिका नं. ५१ : साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ११४७ | १२७७ | १३ | २१ | १८६ | ५३१ | ० | २ | १,३४६ | १,८३१ | ३,१७७ |
| २ | १२०७ | १४८१ | २६ | ३१ | २६६ | ६२९ | ० | २ | १,४९९ | २,१४३ | ३,६४२ |
| ३ | ११११ | १२७९ | ११ | २१ | २७४ | ६९९ | ० | १ | १,३९६ | २,००० | ३,३९६ |
| ४ | ४९९ | ५८१ | ५ | ६ | १०३ | ३१४ | ० | ० | ६०७ | ९०१ | १,५०८ |
| ५ | ३०८ | ३०४ | १६ | ४० | ८५ | २०४ | ० | ० | ४०९ | ५४८ | ९५७ |
| **जम्मा** | ४,२७२ | ४,९२२ | ७१ | ११९ | ९१४ | २,३७७ | ० | ५ | ५,२५७ | ७,४२३ | १२,६८० |
| **प्रतिशत** | ८१.२६ | ६६.३१ | १.३५ | १.६० | १७.३९ | ३२.०२ | ०.०० | ०.०७ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८*

बरेङ गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबै भन्दा बढि साक्षरता दर वडा नं. १ मा ७६.३० प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८५.२२ प्रतिशत र महिला साक्षरता दर ६९.७४ प्रतिशत रहेको छ । त्यस्तै गरि सबै भन्दा कम साक्षरता दर वडा नं. ५ मा रहेको छ। जसमा कुल साक्षरता दर ६३.९५ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७५.३१ प्रतिशत र महिला साक्षरता दर ५५.४७ प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा यस बरेङ गाउँपालिका शैक्षिक हिसाबमा केहि अगाडि रहेको देखिन्छ। यस गाउँपालिकाको साक्षरता दरलाई तलको स्तम्भ चित्रबाट पनि देखाउन सकिन्छ।



## ७.१.२ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण



चित्र नं. ७ : बरेङ गाउँपालिकामा रहेको विद्यालय

स्थानीय सरकारको रूपमा गाउँपालिकाको समग्र विकासको निम्ति गाउँपालिकालाई नयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ। गाउँपालिकामा शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय ३० र माध्यामिक विद्यालय ८ गरी जम्मा ३८ वटा विद्यालयहरु रहेका छन् भने गाउँपालिकामा उच्च शिक्षाको लागि वडा नं. २ बरेङ स्थित सर्वोदय क्याम्पस रहेको छ । जहाँ शिक्षा संकायमा स्नातक तहसम्मको पठनपाठन हुने गर्दछ । यस गाउँपालिमा रहेका विद्यालयहरुको विवरण, कार्यरत शिक्षक र विद्यार्थी संख्या सम्बन्धी विवरण तलको तालिकामा उल्लो गरिएको छ ।

तालिका नं. ५२ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरुको विवरण

| विद्यालय | तह | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत | १-५ | २७ | १ | २८ |
| | १-८ | २ | | २ |
| माध्यामिक | १-१२ | ७ | १ | ८ |
| जम्मा | | ३६ | २ | ३८ |

*स्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३*

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।)*

तालिका नं. ५३ : तहगत विद्यालय, शिक्षक र विद्यार्थी संख्या विवरण

| क्र.सं. | विद्यालयको नाम | वडा नं. | सञ्चालित कक्षा | शिक्षकको विवरण | | | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दरबन्दी | अनुदान | जम्मा | छात्रा | छात्र | जम्मा |
| सामुदायिक विद्यालयहरु | | | | | | | | | |
| १ | वसन्त प्रा.वि., बाटाकाचौर | ३ | १-३ | १ | ० | १ | ६ | ६ | १२ |
| २ | बालविकास आ.वि., बाटाकाचौर | ३ | १-८ | ५ | ४ | ९ | १०० | ९० | १९० |
| ३ | साग्दी प्रा.वि., बाटाकाचौर | ३ | १-५ | ५ | ० | ५ | ४४ | ३९ | ८३ |
| ४ | जनता प्रा.वि., बाटाकाचौर | ३ | १-५ | ३ | ० | ३ | २८ | २० | ४८ |
| ५ | धनज्योती प्रा.वि., बाटाकाचौर | ३ | १-५ | ३ | ० | ३ | २४ | १६ | ४० |
| ६ | ज्ञानोदय प्रा.वि., बाटाकाचौर | ३ | १-६ | ४ | ० | ४ | ८३ | ७७ | १६० |
| ७ | शारदा मा.वि., बाटाकाचौर | ३ | १-१२ | १३ | ३ | १६ | २३४ | २१७ | ४५१ |
| ८ | शिवालय प्रा.वि. सल्यान | ४ | १-३ | १ | ० | १ | ९ | ७ | १६ |
| ९ | सत्यवती प्रा.वि., सल्यान | ४ | १-३ | ० | २ | २ | ५ | ७ | १२ |
| १० | सरस्वती प्रा.वि., सल्यान | ४ | १-३ | १ | ० | १ | ३ | १० | १३ |
| ११ | धवलागिरी प्रा.वि., सल्यान | ४ | १-५ | १ | १ | २ | २७ | २४ | ५१ |
| १२ | जनजागृती प्रा.वि., सल्यान | ४ | १-५ | २ | ० | २ | २६ | २९ | ५५ |
| १३ | सल्यान सुखौरा मा.वि., सल्यान | ४ | १-१० | ९ | ३ | १२ | ९२ | ७२ | १६४ |
| १४ | जनकल्याण प्रा.वि., सुखौरा | ५ | १-३ | २ | ० | २ | १३ | १० | २३ |
| १५ | सुखौरा प्रा.वि. सुखौरा | ५ | १-५ | १ | २ | ३ | १७ | १४ | ३१ |
| १६ | महेन्द्र मा.वि., सुखौरा | ५ | १-१२ | ८ | ५ | १३ | ११८ | १३२ | २५० |
| १७ | टिमुरेघाट प्रा.वि., धुल्लु | १ | १-५ | ३ | ० | ३ | १४ | १४ | २८ |
| १८ | शान्ति प्रा.वि., धुल्लु | १ | १-५ | ३ | ० | ३ | १० | २० | ३० |
| १९ | पञ्चरत्न प्रा.वि., धुल्लु | १ | १-५ | ३ | ० | ३ | २५ | २४ | ४९ |
| २० | नेपाल विश्वस्वतन्त्र प्रा.वि., | १ | १-३ | १ | १ | २ | १६ | १३ | २९ |
| २१ | नेपाल आमा प्रा.वि., धुल्लु | १ | १-४ | २ | १ | ३ | १२ | ८ | २० |
| २२ | मंगलमय नेपालतारा प्रा.वि. | १ | १-३ | १ | १ | २ | २० | २० | ४० |
| २३ | नेपाल तारा प्रा.वि., धुल्लु | १ | १-४ | ३ | ० | ३ | १३ | १२ | २५ |
| २४ | धुल्लु लिउवा मा.वि., धुल्लु | १ | १-१० | ७ | ४ | ११ | २१५ | १८२ | ३९७ |
| २५ | नेपाल कर्तव्य पा. प्रा.वि., धुल्लु | १ | १-३ | १ | १ | २ | २२ | १७ | ३९ |
| २६ | अरनिको प्रा.वि., हुग्दीशिर | २ | १-३ | १ | १ | २ | ११ | ९ | २० |
| २७ | बराहकोट प्रा.वि., हुग्दीशिर | २ | १-५ | ४ | ० | ४ | ४१ | ३७ | ७८ |
| २८ | हुग्दीशिर प्रा.वि., हुग्दीशिर | २ | १-५ | ४ | ० | ४ | ३४ | १९ | ५३ |
| २९ | बालज्योती प्रा.वि., हुग्दीशिर | २ | १-३ | १ | ० | १ | ६ | १० | १६ |
| ३० | जनज्योती प्रा.वि., हुग्दीशिर | २ | १-३ | २ | ० | २ | १५ | ११ | २६ |
| ३१ | पुरुषोदय मा.वि, हुग्दीशिर | २ | १-१० | ८ | १ | ९ | १७१ | १६७ | ३३८ |
| ३२ | सृजना प्रा.वि., हुग्दीशिर | २ | १-५ | ३ | ० | ३ | ३३ | ३३ | ६६ |
| ३३ | भृकुटी मा.वि., हुग्दीशिर | २ | १-१० | ८ | १ | ९ | १५१ | १४७ | २९८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३४ | प्रगति प्रा.वि, हुग्दीशिर | २ | १-३ | १ | १ | २ | २२ | १५ | ३७ |
| ३५ | सर्वोदय मा.वि., हुग्दीशिर | २ | १-१२ | १६ | १ | १७ | १९१ | १८७ | ३७८ |
| ३६ | सगरमाथा प्रा.वि., हुग्दीशिर | २ | १-१ | १ | ० | १ | ५ | ३ | ८ |
| **संस्थागत विद्यालयहरु** | | | | | | | | | |
| १ | मल्टिमोडेल इ.बो. स्कूल, बाटाकाचौर | ३ | १-५ | | | | ३० | ३७ | ३७ |
| २ | बालज्योती बोर्डिङ स्कूल, बरेङ | २ | १-९ | | | | | | |

*स्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३*

### तालिका नं. ५४ : गाउँपालिकामा रहेका बाल विकास केन्द्र सम्बन्धी विवरण

| क्र.सं. | बालविकास केन्द्रको नाम | वडा नं. | बालबालिका संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्रा | छात्र | जम्मा |
| १ | ज्ञानोदय बा.वि.के., बाटाकाचौर | ३ | ८ | १२ | २० |
| २ | शाग्दी बा.वि.के., बाटाकाचौर | ३ | १० | ८ | १८ |
| ३ | छत्र बा.वि.के., बाटाकाचौर | ३ | १३ | ६ | १९ |
| ४ | वसन्त बा.वि.के., बाटाकाचौर | ३ | २ | ५ | ७ |
| ५ | धनज्योति बा.वि.के., बाटाकाचौर | ३ | ८ | ६ | १४ |
| ६ | जनता बा.वि.के., बाटाकाचौर | ३ | ४ | ८ | १२ |
| ७ | किसिमकोट बा.वि.के., बाटाकाचौर | ३ | ४ | ८ | १२ |
| ८ | सगरमाथा बा.वि.के., सल्यान | ४ | ७ | ८ | १५ |
| ९ | सेतोगुराँस बा.वि.के., सल्यान | ४ | १० | २ | १२ |
| १० | जनहित बा.वि.के., सल्यान | ४ | २ | ५ | ७ |
| ११ | शिवालय बा.वि.के., सल्यान | ४ | ३ | २ | ५ |
| १२ | सरस्वती बा.वि.के., सल्यान | ४ | ३ | १ | ४ |
| १३ | सुखौरा बा.वि.के., सुखौरा | ५ | २ | २ | ४ |
| १४ | जनहित बा.वि.के., सुखौरा | ५ | ६ | ३ | ९ |
| १५ | जनज्योति बा.वि.के., सुखौरा | ५ | ० | ० | ० |
| १६ | सत्यवती बा.वि.के. सल्यान | ४ | ३ | १ | ४ |
| १७ | वराह बा.वि.के., हुग्दीशिर | २ | ४ | ६ | १० |
| १८ | पोखराचौर बा.वि.के., हुग्दीशिर | २ | ७ | ८ | १५ |
| १९ | भृकुटी बा.वि.के., हुग्दीशिर | २ | ७ | ९ | १६ |
| २० | जनज्योति बा.वि.के., हुग्दीशिर | २ | ४ | ४ | ८ |
| २१ | पुरुषोदय बा.वि.के., हुग्दीशिर | २ | ७ | १२ | १९ |
| २२ | नवज्योति बा.वि.के., धुल्लुबाँस्कोट | १ | ६ | १० | १६ |
| २३ | दीपज्योति बा.वि.के., धुल्लुबाँस्कोट | १ | ४ | १० | १४ |
| २४ | नेपालआमा बा.वि.के., धुल्लुबाँस्कोट | १ | ४ | ३ | ७ |
| २५ | ध्रुवतारा बा.वि.के., धुल्लुबाँस्कोट | १ | ७ | ६ | १३ |
| २६ | पञ्चरत्न बा.वि.के., धुल्लुबाँस्कोट | १ | ५ | ५ | १० |
| २७ | सर्वोदय बा.वि.के., हुग्दीशिर | २ | ११ | १२ | २३ |

*स्रोत : बागलुङ शैक्षिक दर्पण, २०७३*


## ७.१.३ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ५५ : शैक्षिक जनशक्तिको विवरण**

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | २२६ | १८८६ | ९३० | ४८४ | ३९३ | १३० | ५६ | १७ | ३ | ३२१ | १५ | ४,४६१ |
| महिला | १८७ | २०४१ | ११८० | ५३० | ४२४ | १२० | २४ | १ | १ | ५६१ | २० | ५,०८९ |
| जम्मा | ४१३ | ३,९२७ | २,११० | १,०१४ | ८१७ | २५० | ८० | १८ | ४ | ८८२ | ३५ | ९,५५० |
| प्रतिशत | ४.३२ | ४१.१२ | २२.०९ | १०.६२ | ८.५५ | २.६२ | ०.८४ | ०.१९ | ०.०४ | ९.२४ | ०.३७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा बरेङ गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ४१३ (४.३२ प्रतिशत) जना स्कूल नगएका, ३,९२७ (४१.१२ प्रतिशत) प्राथमिक तह, २,११० (२२.०९ प्रतिशत) नि.मा.वि. तह, १,०१४ (१०.६२ प्रतिशत) मा.वि. तह, ८१७ (८.५५ प्रतिशत) एस.एल.सी. तह, २५० (२.६२ प्रतिशत) प्रमाणपत्र तह, ८० (०.८४ प्रतिशत) स्नातक तह, १८ (०.१९ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ। अन्य अनौपचारिक शिक्षा हासिल गर्ने को संख्या ८८६ (९.२८ प्रतिशत) र उल्लेख नगरिएको ३५ (०.३७ प्रतिशत) रहेको पाइन्छ। यसलाई तलको स्तम्भ चित्रबाट देखाइएको छ।




## ७.१.४ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५६ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| वडा नं. | मानविकी र कला | व्यपार र प्रशासन | शिक्षा | विज्ञान | स्वस्थ्य | इन्जिनीयरिङ, विनिर्माण र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कम्प्युटरिङ्ग | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | ६१ | ११ | ९ | २ | १ | १ | १ | ५ | २ | ० | १२ | १०५ |
| **२** | ४५ | ११ | २० | ५ | ३ | ० | १ | ३ | २ | ० | १८ | १०८ |
| **३** | ३१ | ४ | २१ | १ | १ | ० | ४ | ५ | १ | ० | ८ | ७६ |
| **४** | १९ | ४ | ११ | ३ | ० | ० | ० | १ | १ | १ | ० | ४० |
| **५** | २ | ० | १५ | १ | ० | ० | ० | ० | ० | ० | १ | १९ |
| **जम्मा** | १५८ | ३० | ७६ | १२ | ५ | १ | ६ | १४ | ६ | १ | ३९ | ३४८ |
| **प्रतिशत** | ४५.४० | ८.६२ | २१.८४ | ३.४५ | १.४४ | ०.२९ | १.७२ | ४.०२ | १.७२ | ०.२९ | ११.२१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी मानविकी र कला विषय लिएर पढ्नेको संख्या १५८ (४५.४० प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको संख्या ७६ (२१.८४ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रसाशन विषय लिएर पढ्नेको संख्या ३० (८.६२ प्रतिशत), विज्ञान विषय लिएर पढ्नेको संख्या १२ (३.४५ प्रतिशत), सामाजिक र व्यवहारिक विज्ञान पढ्नेको संख्या १४ ( ४.०२ प्रतिशत), इन्जिनियरिङ विनिर्माण र निर्माण विषय लिएर पढ्नेको संख्या १ (०.२९ प्रतिशत) र गणित र तथ्याङ्कशास्त्र विषय लिएर पढ्नेको संख्या ६ (१.७२ प्रतिशत) रहेको देखिन्छ। अन्य प्राविधिक विषय लिएर पढ्नेहरु केहि भएपनि अहिलेको प्राविधिक युगमा अझै पनि प्राविधिक शिक्षामा कमी रहेको देखिन्छ। यस गाउँपालिकामा प्राविधिक शिक्षा (स्वास्थ्य, इन्जिनियरिङ, कृषि आदि) मा जोड गर्नु पर्ने देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट पनि देखाउन सकिन्छ।




## ७.१.५ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५७ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| **पूर्व प्रा.वि. नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह** | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| **आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८)** | ५-१२ वर्ष | १,२२८ | १,२२४ | २,४५२ | १,१९६ | १,१९० | २,३८६ | ९७.३१ |
| **मा.वि. जाने उमेर समूह (कक्षा ९-१०)** | १३-१४ वर्ष | ४२ | २८ | ७० | ४१ | २४ | ६५ | ९२.८६ |
| **उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२)** | १५-१७ वर्ष | १ | ० | १ | १ | ० | १ | १००.०० |
| **जम्मा** | | १,२७१ | १,२५२ | २,५२३ | १,२३८ | १,२१४ | २,४५२ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा स्कूल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कूल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९७.३१ प्रतिशत स्कूल गएको देखिन्छ भने २.६९ प्रतिशत स्कूल गएको देखिदैन। त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ९२.८६ प्रतिशत स्कूल गएको देखिन्छ भने ७.१४ प्रतिशत स्कूल गएको देखिदैन। त्यस्तै १५ देखि १७ वर्ष उमेर समूहको जम्मा जनसंख्याको १०० प्रतिशत स्कूल गएको पाइन्छ पाइन्छ।

## ७.१.६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।
- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण साविकका जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट बञ्चित रहेको छन् ।

## ७.२ स्वास्थ्य

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ। यसरी यो आधारभूत सेवालाई मौलिक हककोरुपमा स्थापित गर्न चौधौ योजनामा निम्न बमोजिमका स्वास्थ्य कार्यक्रमहरुलाई प्रभावकारी बनाउने उद्देश्य लिइएको छ।

- ✓ बाल स्वास्थ्य तथा पोषण।
- ✓ परिवार स्वास्थ्य तथा सूरक्षित मातृत्व।
- ✓ क्षयरोग नियन्त्रण।
- ✓ यौनरोग तथा एच.आई.भी. र एड्स नियन्त्रण।
- ✓ नसर्ने रोगको रोकथाम तथा उपचार।
- ✓ कुष्ठरोग निवारण
- ✓ औलो, कालाजार निवारण
- ✓ अन्य कीटजन्य रोग नियन्त्रण एवं प्राकृतिक प्रकोप व्यवस्थापन
- ✓ मुख तथा मानसिक स्वास्थ्य
- ✓ आँखा सेवा, डिप स्टिक टेस्ट मार्फत मृगौला जाँच।
- ✓ विद्यालय स्वास्थ्य कार्यक्रममार्फत निशूल्क आँखा जाँच।
- ✓ वातावरणीय स्वास्थ्य प्रवर्द्धन तथा सोको लागि समूह परिचालन।
- ✓ मनो-सामाजिक तथा मानसिक स्वास्थ्य।
- ✓ प्रौढवस्था (Geriatric) को स्वास्थ्य प्रवर्द्धन।
- ✓ जनशक्ति विकास तथा सेवा विस्तार।
- ✓ थप स्वास्थ्य सेवाहरुको विस्तार।
- ✓ रक्तसञ्चार सेवाको स्थापना तथा विस्तार।
- ✓ स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार।
- ✓ आयूर्वेद तथा पूरक चिकित्सा।
- ✓ कम्तीमा ११ प्रकारका खोपको निशूल्क व्यवस्था मार्फत जिल्ला स्तरमा पूर्ण खोप घोषणा कार्य गरी उपलब्धताका सुनिश्चितता।
- ✓ विपन्नलाई नौ प्रकारका रोगमा नि:शुल्क उपचार।

राजनीतिक रुपमा ५ वडाहरुमा विभाजित यस गाउँपालिकामा स्वास्थ्य सेवा सन्तोषजनक रहेको छ । गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन् । तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य सेवा पुऱ्याउँदै आएका छन् । खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँपालिकाभरि ६३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरुका अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यून गर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ। गाउँपालिकामा रहेका स्वास्थ्य संस्था र स्वास्थ्य संस्थामा २०७४/०८/१९ गते सम्म रिक्त रहेका पदहरुको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५८ : स्वास्थ्य संस्था र स्वास्थ्य संस्थामा रिक्त रहेका पदहरु सम्बन्धी विवरण

| क्र.सं. | स्वास्थ्य संस्थाका | हे.अ. | अ.हे.व. | अ.न.मी. | कैफियत |
|---|---|---|---|---|---|
| १ | धुल्लुबास्कोट स्वास्थ्य चौकी | १ | १ | २ | अहेव करारमा १ |
| २ | हुग्दिशिर स्वास्थ्य चौकी | - | २ | २ | १ |
| ३ | बाटाकाचौर स्वास्थ्य चौकी | १ | १ | २ | १ |
| ४ | सल्यान स्वास्थ्य चौकी | - | २ | १ | अनमी करारमा १ |
| ५ | सुखौरा स्वास्थ्य चौकी | १ | १ | २ | १ |
| | जम्मा | ३ | ७ | ९ | ५ |

*स्रोत : बरेङ गाउँपालिका, २०७४*

## ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि पहाडमा जम्मा ३०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार गाउँपालिकामा ६३ जना कार्यरत रहेका छन् । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा राम्रो काम गर्दै आएका छन्।

### ७.२.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारीरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ। यो गाउँपालिका २०७४ साल पौष १५ बाट पूर्ण खोपयुक्त गाउँपालिका घोषणा भएको छ।

### ७.२.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार बागलुङ जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.२.४ परिवार नियोजन

बच्चा जन्माउँदा हुने फाइदाका बारेमा बिभिन्न संघ संस्थाहरु बाट गरिएको अध्ययन अनुसन्धान बाट परिवार नियोजनले आमा, बच्चा र नवशिशुको स्वास्थ्य सुधार गर्न उल्लेखनिय भूमिका खेल्ने कुरा प्रमाणित भएको छ। साथै यसले लैङ्गिक समानता, महिलाको शिक्षा र वृति विकास गर्नको लागि सहयोग पुर्‍याउँछ । त्यस कारण गुणस्तरीय परिवार नियोजन सेवा प्रदान गर्ने उद्देश्यले सन् १९९१ देखि प्रजनन स्वास्थ्य कार्यक्रम र परिवार नियोजन कार्यक्रम लाई विस्तार गरी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, गाउँघर क्लिनिक र घुम्ती शिविरहरु महिला स्वास्थ्य स्वयंसेवीकाद्वारा सेवा पुऱ्याउँदै आएको छ।

### ७.२.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.२.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् तसर्थ यसका लागि यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। शिशु र वाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.२.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.२.८ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रति हजार, शिशु मृत्युदर ३२ प्रति हजार र पाँच वर्ष मुनिको बाल मृत्युदर ३९ प्रति हजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ। बरेङ गाउँपालिकाको पाँच वर्ष मुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

### ७.२.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सूचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालवृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्र्यवहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान ( २०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। बरेङ गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामाहारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। हाल स्थानीय तह गठन भए पछि जिल्ला समन्वय समिति तथा गाउँपालिका र नगरपालिकाहरूले पनि आआफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, गाउँपालिका तथा नगरपालिका खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा कतिपय खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ । विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ । यस गाउँपालिकामा रहेका खेल मैदानहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।



चित्र नं. ८ : बरेङ गाउँपालिकामा रहेको खेल मैदान

तालिका नं. ५९ : खेलकुद मैदानहरुको विवरण

| क्र.सं. | खेल मैदान | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | बरेङ बजार खेल मैदान | १ र २ को सीमना | |
| २ | लालथुम्का खेल मैदान | २ | |
| ३ | बराहकोट खेल मैदान | २ | |
| ४ | साग्दी खेल मैदान | ३ | |

| क्र.सं. | खेल मैदान | वडा नं | कैफियत |
|---|---|---|---|
| ५ | भित्रीवन खेल मैदान | ५ | |
| ६ | धम्पु राखलडाँडा खेल मैदान | ५ | |
| ७ | उर्लेनि खेल मैदान | ५ | |
| ८ | भिरालचौर खेल मैदान | ४ | |
| ९ | थप्लुङ खेल मैदान | ४ | |
| १० | नयाँबजार खेल मैदान | ३ | |
| ११ | काउलेचौर खेल मैदान | १ | |
| १२ | कालिलेख खेल मैदान | १ | |
| १३ | ठूलाधारा खेल मैदान | ४ | |
| १४ | सिगधारा खेल मैदान | २ | |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ७.४ सामाजिक सुरक्षा सेवा

### ७.४.१ सामाजिक सूरक्षा भत्ता पाएका व्यक्तिहरुको विवरण

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ ले समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ४३ मा आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ भनी व्यवस्था गरेको छ। यसै अनुरुप बरेङ गाउँपालिकामा विभिन्न श्रेणीका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता प्रदान गरीएको छ। जसको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ६० : सामाजिक सुरक्षा भत्ता सम्बन्धी विवरण**

| वडा नं. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई | | | | सम्बन्ध विच्छेद | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या | बसाईसराईको संख्या | | |
| १ | ६७ | ८२ | १४९ | ६ | १४ | २० | ४८ | १७ | ५० | ११ | ६१ | ० | २३४ |
| २ | २३ | २६ | ४९ | ५ | ५ | १० | २८ | ९ | २२ | ४ | २६ | ० | ९६ |
| ३ | २५ | २२ | ४७ | ९ | ३ | १२ | ७ | ७ | ३० | ० | ३० | ० | ७३ |
| ४ | २३ | २३ | ४६ | ४ | १ | ५ | ६ | ८ | २३ | ० | २३ | ० | ६५ |
| ५ | २१ | ४१ | ६२ | १ | ३ | ४ | १५ | १७ | ३१ | ० | ३१ | ० | ९८ |

*स्रोत : जिल्ला समन्वय समिती, बागलुङ २०७३*

### ७.४.२ बृद्धबृद्धाहरूको अवस्था

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३, नियमावली २०६५ मा वृद्धवृद्धा सम्बन्धी व्यवस्था गरिएको छ। जनगणना २०६८ को नतिजा अनुसार यस बरेङ गाउँपालिकामा, ६० वर्ष उमेर नाघेका ११.१० प्रतिशत (१६०९ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको ३.७६ प्रतिशत (५४५ जना) , ६५-६९ वर्षका २.९० प्रतिशत (४२० जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवीत यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पींढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.५ महिला तथा बालबालिका

### ७.५.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन। यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा सामाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ। महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो। ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकायहरुबाट कामहरू शसक्त रूपमा भईरहेको छ। अझ नेपालको संविधानमा २०७२ मा महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ ले देहाय बमोजिमको महिलाको हक सुनिश्चित गरेको छ।

- ✓ प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- ✓ प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- ✓ महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
- ✓ राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- ✓ महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- ✓ सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

विशेषगरी गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ । यस गाउँपालिकामा रहेका महिला समूहहरु सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६१ : महिला समूहहरु सम्बन्धी विवरण

| क्र.सं | महिला समूहको नाम | वडा नं. |
|---|---|---|
| १ | महिला समूह, वाहुनडाँडा | ४ |
| २ | महिला समूह, धम्पु | ४ |
| ३ | महिला समूह, भित्रिवन | ४ |
| ४ | महिला समूह , पँधेरा | ४ |
| ५ | महिला समूह, तितेपाखा | ४ |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ७.५.२ बालबालिका सम्बन्धी विवरण

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिकासम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ । जसरी एउटा काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, त्यसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी हतियारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ । नेपालमा बालबालिकाको हकहितको लागि थुप्रै कुराहरु समावेश गरिएको छ। अझ गतवर्ष जारी गरिएको नेपालको संविधान २०७२ ले झनै बालबालिकासम्बन्धी थुप्रै हक अधिकारहरु समेटेको छ। नेपालको संविधान २०७२ को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हकको व्यवस्था गरेको छ।

- ✓ प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।
- ✓ प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।
- ✓ प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।
- ✓ कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।
- ✓ कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।
- ✓ प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
- ✓ असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।
- ✓ उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकारसम्बन्धी महासन्धिमा ५० औं देशहरु मध्ये नेपालपनि एक हस्ताक्षर कर्ता हो । संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयासको बावजुत घरेलु कामदारको रुपमा खटिएका बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षा बाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेका बालबालिकाहरुको उदाहरणहरु समाजमा हामी सामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बंञ्चित बालबालिकाहरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

## ७.५.३ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानूनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रम नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्यूनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रम सम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

बरेङ गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । गाउँ क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चितता गरी पूर्ण खोपयुक्त गाउँको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ ।

## ७.५.४ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रवर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्याम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका

लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिवृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। यस गाउँपालिकामा रहेको बालक्लबहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६२ : बालक्लबहरुको विवरण

| क्र.सं | बाल क्लबको नाम | वडा नं. |
|---|---|---|
| १ | बिहानी बाल क्लब | ३ |
| २ | सुनाखरी बाल क्लब | ३ |
| ३ | कालिका बाल क्लब | ३ |

*स्रोत: बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ७.६ शान्ति सुरक्षा




चित्र नं. ९ : बरेङ गाउँपालिका स्थित ईलाका प्रहरी कार्यालय

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चित गरिएको हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभाष गराउन सक्नु पर्दछ। हरेक राष्ट्रका नागरिकहरुलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो। नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ। यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ। यस गाउँपालिकामा रहेका सुरक्षा निकायहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६३ : सूरक्षा निकायको विवरण

| क्र.सं. | सूरक्ष निकाय | स्थान | वडा नं. |
|---|---|---|---|
| १ | इलाका प्रहरी कार्यालय | बरेङ डाँडा | १ |
| २ | प्रहरी चौकी | नयाँ बजार | ३ |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

## ७.७ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। अपाङ्गता भएका व्यक्तिका हक, हित, र संरक्षण गर्नु राज्यको दाहित्व भएकाले नेपालले नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत धारा ३१ को उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउनेहक हुनेछ र उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ भने धारा ४२ को उपधारा (३) मा अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनी उल्लेख भएको छ।

नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरु परिवार समुदायमा अपहेलित र उपेक्षाको सिकार हुने गरेको पाईन्छ । खुला आकाशमा आफ्नै जीवन बोझ सम्झिएर भौंतारिएका अपाङ्गहरु प्रत्येक दिन बाटोमा अलपत्र अवस्थामा देखिन्छन् । हालसम्म समुदायमा अपाङ्गता भएकाहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ साथै यी अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि आमा बाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरुले ध्यान दिनुपर्ने देखिन्छ ।


नेपाल सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्यून दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीयताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पँहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। यस बरेङ गाउँपालिकामा भएको अपाङ्गता सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६४ : बरेङ गाउँपालिकाको अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टि सम्बन्धी अपाङ्गता | सुनाई सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहिन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गताक | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५६ | २४ | १५ | ३ | २० | १३ | ५ | ११ | १४७ |
| महिला | ५९ | १८ | १७ | ५ | १३ | १३ | २ | ९ | १३६ |
| जम्मा | ११५ | ४२ | ३२ | ८ | ३३ | २६ | ७ | २० | २८३ |
| प्रतिशत | ४०.६४ | १४.८४ | ११.३१ | २.८३ | ११.६६ | ९.१९ | २.४७ | ७.०७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार बरेङ गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा कुल जनसंख्याको १.९५ प्रतिशत (२८३ जना) अपाङ्गता रहेको छ। जसमा शारीरिक अपाङ्गता भएका ११५ (४०.६४ प्रतिशत), दृष्टि सम्बन्धी अपाङ्गता भएका ४२ जना (१४.८४ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता भएका ३२ (११.३१ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ३३ जना (११.६६ प्रतिशत) देखिन्छन्, श्रवण र दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ८ जना (२.८३ प्रतिशत), बौद्धिक अपाङ्गता भएका ७ जना (२.४७ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता २६ जना (९.१९ प्रतिशत) र बहु अपाङ्गता २० (७.०७ प्रतिशत) रहेका छन् । लैंगिक हिसाब हेर्ने हो भने यस गाउँपालिकामा महिलाको तुलनामा पुरुष अपांङ्गता ३.८९ प्रतिशत बढि छ। यहाँ पुरुष १४७ (५१.९४ प्रतिशत) छ भने महिलाको १३६ (४८.०६ प्रतिशत) रहेको छ । अपाङ्गताको विवरण तलको तालिका र चित्र बाट स्पष्ट पार्न सकिन्छ ।




## ७.८ खानेपानी तथा सरसफाई




चित्र नं. १० : बरेङ गाउँपालिकामा रहेको खानेपानी योजना सम्बन्धी जानकारी

गाउँपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्यूनीकरण गर्न सकिन्छ । बरेङ गाउँपालिकाको खानेपानीको स्थिति बुझ्न तल नगरबासीहरुले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ । यस गाउँपालिकामा रहेका खानेपानी आयोजना सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६५ : खानेपानी आयोजना सम्बन्धी विवरण

| क्र.सं. | योजनाको नाम | स्थान | धारा संख्या | वडा नं. | अध्यक्ष | सचिव |
|---|---|---|---|---|---|---|
| १ | थाप्ले डाँडाकटेरी खानेपानी आयोजना | थाप्ले, डाँडा कटेरी | १४ | २ | चेत बहादुर थापा | चुडामणि शर्मा |
| २ | भेडीखोर खानेपानी आयोजना | भेडीखोर | ४ | २ | हेमराज शर्मा | मेखराज शर्मा |
| ३ | हाँडी पोखरी खानेपानी आयोजना | हाँडीपोखरी | ५ | २ | | |
| ४ | गेरुठुङ्गा आत्मनिर्भर खानेपानी आयोजना | मैदाना, गेरुढुंगा | ११ | २ | | |
| ५ | गुरुङधारा खानेपानी आयोजना | गुरुङधारा | ९ | २ | | |
| ६ | सिग्धारा सुदला घट्ट खानेपानी आयोजना | सिग्धारा सुदाला घट्ट | ६४ | २ | नारायण दत्त शर्मा | देवि काला पुन |
| ७ | मड्किना भेडाखर्क खानेपानी आयोजना | मड्किना भेडाखर्क | १७ | २ | लाल बहादुर श्रेष्ठ | केशर ब. बर्मा |
| ८ | काल्ले खोरिया भमरा खानेपानी आयोजना | काल्ले खोरिया, भमरा | १६ | २ | जयराम शर्मा | दविदत्त शर्मा |
| ९ | सानोदलेङ खानेपानी आयोजना | सानोदलेङ | ६ | २ | पूर्ण बहादुर नेपाली | यम ब. थापा |
| १० | तंग्राम खानेपानी आयोजना | तंग्राम | ४ | २ | पिसे कामी | उजेली सुनार |
| ११ | भालेस्वारा थुम्का खानेपानी आयोजना | भालेस्वारा थुम्का | ७ | २ | निर्मला भण्डारी | ओम ब. पुन |
| १२ | पोखराचौर छरछरे खानेपानी आयोजना | पोखराचौर, चौतारा | ८ | २ | बलराम क्षेत्री | केशवराज क्षेत्री |
| १३ | काँडे सिग्दी खानेपानी आयोजना | सिग्दी | ९ | २ | धन बहादुर पुन | टुक बहादुर पुन |
| १४ | फुलेखोला बरेङ खानेपानी आयोजना | बरेङ बजार | ४७ | २ | ललित पाध्या | मोति प्रसाद पाध्या |
| १५ | गरगरे बरेङ सक्नेरी खानेपानी आयोजना | बरेङ बजार | ११४ | २ | टिका बहादुर थापा | पूर्ण पुन |
| १६ | भण्डारखोला खानेपानी आयोजना | भण्डारखोला | १४ | २ | | |
| १७ | बराहकोट खानेपानी योजना | भण्डारखोला | २८ | २ | पदम जंगी श्रीस | दिपु श्रीस |
| १८ | खाल्टेपानी रोहोटे खोला खा.पा. योजना | | | ३ | | |
| १९ | कुडहरा खानेपानी | कुडहरा मलायचौर | | ३ | | |
| २० | दाउन्ने खानेपानी आयोजना | नयाँबजार | | ३ | | |

| क्र.सं. | योजनाको नाम | स्थान | धारा संख्या | वडा नं. | अध्यक्ष | सचिव |
|---|---|---|---|---|---|---|
| २१ | किसिमकोट मजुवा वास्कोट खानेपानी आयोजना | यिदिखर्क, मजुवा | | ३ | | |
| २२ | पुरानपानी खानेपानी आयोजना | | | ३ | | |
| २३ | गुरासे खानेपानी आयोजना | बाद्दखर्क | | ३ | | |
| २४ | तामखोला खानेपानी आयोजना | | १३० | ४ | | |
| २५ | कमेरी खानेपानी आयोजना | | ५५ | ४ | | |
| २६ | हिले खोला खानेपानी | | ३२ | ४ | | |
| २७ | ठूला पधेरा खाने पानी आयोजना | | २२ | ४ | | |
| २८ | तुसारे खानेपानी आयोजना | | १३ | ४ | | |
| २९ | वुर्धम्पु खानेपानी लिफ्टिङ कार्य योजना | | | ५ | | |
| ३० | खोलाखर्क कमरको पुछार खानेपानी योजना | | | ५ | | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*


## ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६६ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७६२ | ० | १ | २ | १० | ० | ० | ४ | ७७९ |
| २ | ९०२ | ० | ० | १२ | १४ | १ | ० | ४ | ९३३ |
| ३ | ८४० | १ | ७ | १० | १ | ७ | ० | ३ | ८६९ |
| ४ | ३८५ | ० | १ | ५ | १ | १ | ० | ० | ३९३ |
| ५ | १८५ | ० | ० | ५ | ७६ | ० | ० | ० | २६६ |
| जम्मा | ३,०७४ | १ | ९ | ३४ | १०२ | ९ | ० | ११ | ३,२४० |
| प्रतिशत | ९४.८८ | ०.०३ | ०.२८ | १.०५ | ३.१५ | ०.२८ | ०.०० | ०.३४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

बरेङ गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत धारा/पाइपको प्रयोग गर्ने घरधुरी संख्या ३,०७४ (९४.८८ प्रतिशत) परिवारहरुले प्रयोग गरेको पाइएको छ। दोस्रोमा मूल/धाराको पानी प्रयोग गर्ने घरधुरी संख्या १०२ ( ३.१५ प्रतिशत) रहेको देखिन्छ। त्यस्तै खुल्ला इनार तथा कुवाको खानेपानी प्रयोग गर्ने परिवार ३४ (१.०५ प्रतिशत), ढाकिएको इनार/कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ९ (०.२८ प्रतिशत) र नदि/खोला को खानेपानी प्रयोग गर्ने घरधुरी संख्या ९ (०.२८ प्रतिशत), ट्युबवेल/हाते पम्पको प्रयोग गर्ने घरधुरी संख्या १ (०.०३ प्रतिशत) रहेको छ। यस गाउँपालिका उल्लेख नगरिएको स्रोतहरुको प्रयोग गर्ने को संख्या ११ (०.३४ प्रतिशत) रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। जसमा खानेपानीको मुख्य स्रोत सबै वडाहरुमा धारा/पाइपको प्रयोग गर्ने घरधुरी नै बढि रहेको पाइन्छ। जसलाई तलको स्तम्भ चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।





## ७.८.२ शौचालयको विवरण

तालिका नं. ६७ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ६७ | १२९९ | १५२३ | ३४० | ११ | ३,२४० |
| **प्रतिशत** | २.०७ | ४०.०९ | ४७.०१ | १०.४९ | ०.३४ | १००.०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा बरेङ गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ । सबैभन्दा धेरै साधारण शौचालय प्रयोग गर्नेको संख्या १,५२३ (४७.०१ प्रतिशत) रहेको छ । दोस्रोमा फ्लस भएको (सेप्टि ट्याङ्की) आधुनिक शौचालयको प्रयोग गर्नेको संख्या १२९९ (४०.०९ प्रतिशत) र फ्लस भएको ( सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ६७ (२.०७ प्रतिशत) देखिएको छ। यसैगरी केहि घरमा शौचालय नभएको पाइएको छ जुन जम्मा घरपरिवार संख्याको १०.४९ प्रतिशत अर्थात् ३४० घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। यसलाई तलको स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




## ७.८.३ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६८ : वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २२ | ४५७ | १६८ | १२८ | ४ | ७७९ |
| २ | ३ | ४४३ | ४०९ | ७४ | ४ | ९३३ |
| ३ | ४१ | २०२ | ५०५ | ११८ | ३ | ८६९ |
| ४ | १ | १३८ | २३४ | २० | ० | ३९३ |
| ५ | ० | ५९ | २०७ | ० | ० | २६६ |
| **जम्मा** | ६७ | १,२९९ | १,५२३ | ३४० | ११ | ३,२४० |
| **प्रतिशत** | २.०७ | ४०.९० | ४७.०१ | १०.४९ | ०.३४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सेप्टिक ट्याङ्क भएको शौचालय र साधारण शौचालय प्रयोग गर्नेको संख्या बढेको छ। प्रयोग गर्नेहरुमा सबै वडाहरुमा सबैभन्दा बढी साधारण शौचालय प्रयोग गरेको पाईयो भने दोस्रोमा फ्लस भएको (सेफ्टि ट्याङ्की) को प्रयोग भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यद्यपी २०६८ को जनगणनामा शौचालय नभएका घरधुरी संख्या देखिए तापनि हाल यसलाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिसकिएको छ।

### ७.८.४ खुल्ला दिशामुक्त क्षेत्र



चित्र नं. ११ : बरेङ गाउँपालिकामा रहेको सार्वजनिक शौचालय

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ । यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो । तर हालका वर्षहरुमा सञ्चार माध्यमहरुको सकारात्मक भूमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायद्वारा आफ्नो स्थानलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। पछिल्लो राष्ट्रिय जनगणना २०६८, अनुसार बरेङ गाउँपालिका १०.४९ प्रतिशत घरहरुमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यक्रमहरुले गाउँपालिका खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भएको छ ।

## ७.९ फोहोर मैला व्यवस्थापन

पहाडी ग्रामिण वस्तीहरुमा बाक्लो बस्ती र मानविय कृयाकलाप समेत कम हुने भएकोले शहरमा जस्तो फोहोर व्यवस्थापनको जटिल समस्या रहेको हुँदैन । तथापी मानव बस्ती रहेको इलाकाहरुमा गाउँ सरसफाइलाई त्यति प्राथमिकता दिएको पाइँदैन। यसले गर्दा यदाकदा दुषित पानी र सरसफाईको कमीले हुने संक्रामक रोग (आउँ र झाडापखाला) लाग्ने गर्दछ । तसर्थ त्यसको निदानको लागि गाउँस्तरमा व्यक्तिगत र सामुदायिक सरसफाईमा जागरण फैलाउनुपर्ने देखिन्छ। यो तथ्य बरेङ गाउँपालिकामा समेत लागू हुन्छ।

## ७.१० शवदाह/ चिहानहरुको विवरण

विभिन्न धर्म र चालचलन अनुसार मानिसको मृत्यु भइसकेपछि अन्तिम संस्कार गर्ने फरक फरक चलन रहँदै आएको छ। हिन्दु धर्म मान्ने मानिसहरुको मृत्युपछि अन्तिम संस्कार नदीको किनारमा घाटमा जलाएर गर्ने गर्छन् भने बौद्ध धर्मावलम्बीहरुले चिहानडाँडामा लगेर जलाएर नै अन्तिम संस्कार गर्ने गरेको पाइन्छ। क्रिस्चियन धर्मावलम्बीहरुले लासलाई कफिनभित्र राखेर जमिनमुनी गाडी अन्तिम संस्कार गर्दछन्। बरेङ गाउँपालिकामा भएका शवदाहहरुको विस्तृत विवरण तलको तालिका उल्लेख गरिएको छ।


तालिका नं. ६९ : शवदाह स्थलहरुको विवरण

| क.सं. | विवरण | वडा नं. |
|---|---|---|
| १ | दोबिल्ला घाट | १ |
| २ | लुर्छाघाट | १ |
| ३ | जिमिरेघाट | १ |
| ४ | धरमशाला दाउन्ने घाट | ३ |
| ५ | दोबिल्ला घाट | ४ |
| ६ | नौरुङ्गे घाट | ४ |
| ७ | मुला घाट | २ |
| ८ | मसान घाट | २ |
| ९ | ठूलढुंगा घाट | ५ |

*श्रोत: बरेङ गाउँ कार्यापालिकाको कार्यालय, २०७४*

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती




नक्सा नं. १४ : गाउँपालिकाको वनजंगल क्षेत्र

नेपालको प्रदेश नं ४ को पहाडी जिल्ला बागलुङ वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। बरेङ गाउँपालिकाको कुल क्षेत्रफल ७५.२८ वर्ग कि.मि. मध्ये ५२.२२ प्रतिशत वन क्षेत्रको रुपमा रहि आएको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।




**चित्र नं. १२ :** गाउँपालिकाको ईलाका वन कार्यालय

यस गाउँमा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा खन्यू, दुधिलो, गेडुलो, कुटमिरो, पैयूँ, खर्सु, कटुस, साल, साज, सल्लो, लाँकुरी, चिलाउने, फदेलो, गाय, खिर्रो, काउलो, सिम काउलो, लोप्रे, झाँक्रे, आँप, पिपल, सुन्तला, निवुवा, कागती, ज्यामिर, नास्पाती, आरु, अंगुर, किम्बु, काफल, हाडे काफल, केरा, मेवा, अमला, सतुवा, जटामसी, पाँचऔंले, विखमारी, तेजपात, निमपत्ता, चिराइतो, भूईँचाँबो, ऐंदी लहरो, कुरीलो, अम्रिसो, निगालो, लेमास, बाँस, बकाइनो, गरुल, धाइरो, तरवारे, चितु, सिउँडी, लेमनग्रास आदि वनस्पति तथा वनपैदावार पाईन्छ। हर्रो, बर्रो, पाँचऔंले, बोझो घ्यू कुमारी, तुलसी, पुदिना, निम, असुरो, तितेपाती, बाहोरी, गुर्जो, ऐसेलु, चुत्रो, जस्ता धेरै प्रकारका जडिवुटीहरु पनि यस गाउँपालिकामा पाइन्छ। यसै गरी चितुवा, बाघ, चरीबाघ, मृग, दुम्सी, बाँदर, भालु, स्याल, वन विरालो, मलसाप्रो, ढेडु, सेतो बाँदर, घोरल, खरायो आदि पशु तथा कोइली, डाँग्रे, काग, ढुकुर, जुरेली, फिस्टा, वन कुखुरा, (कालिज), कोकले, गिद्ध, चील, वाज, हुचिल, उल्लु, चमेरो, लाटोकोसेरो, भँगरो गौथली, चिवे, कल्चौडो, धोवी आदि पंक्षी यस गाउँपालिकामा पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

बरेङ गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँमा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस गाउँपालिकामा समशितोष्ण प्रदेशीय जलवायु भएको कारण साल, सल्लो अमला, हर्रो, बर्रो, खयर, सिमल आदि जातका विरुवाहरू पाइन्छन्। जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका हर्रो, बर्रो, पाँचऔंले, बोझो, घ्यू कुमारी, तुलसी, पुदिना, निम, असुरो, तितेपाती, बाबरी, गुर्जो, ऐसेलु, चुत्रो आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, हर्रो, बर्रो, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरुले चितुवा, बाघ, चरीबाघ, मृग, दुम्सी, बाँदर, भालु, स्याल, वन विरालो, मलसाप्रो, ढेडु, सेतो बाँदर, घोरल, खरायो आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, डाँग्रे, काग, ढुकुर, जुरेली, फिस्टा, वन कुखुरा, (कालिज), कोकले, गिद्ध, चील, वाज, हुचिल, उल्लु, चमेरो, लाटोकोसेरो, भँगेरो, गौंथली, चिवे, कल्चौडो, धोवी तथा विभिन्न घिस्रने जन्तुहरू छेपारो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भू-भागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

गाउँपालिकाको हावापानीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि वातावरण सन्तुलन र जैविक विविधता संरक्षण सम्बन्धी ठोस योजना नहुँदा जैविक विविधता संरक्षणमा उल्लेख्य सफलता हाँसिल हुन सकेको छैन । स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु जस्तै : भूमेस्थान, सत्यवती मन्दिर, खड्क देवी मन्दिर, बराह मन्दिर, भित्रीवन, ठूलडाँडा, काली लेक, बाँसकोट, कौडेको लेक, तङग्राम लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

यस गाउँपालिकामा मुख्य रुपमा पाइने खन्यू, दुधिलो, गेडुलो, कुटमिरो, पैयूँ, खर्सु, कटुस, साल, साज, सल्लो, लाँकुरी, चिलाउने, फदेलो, गाय, खिर्रो, काउलो, सिम काउलो, लोप्रे, झाँक्रे, आँप, पिपल, सुन्तला, निवुवा, कागती, ज्यामिर, नास्पाती, आरु, अंगुर, किम्बु, काफल, हाडे काफल, केरा, मेवा, अमला, सतुवा, जटामसी, पाँचऔले, विखमारी, तेजपात, निमपत्ता, चिराइतो, भूइँचाँबो, ऐँदी लहरो, कुरीलो, अम्रिसो, निगालो, लेमास, बाँस, बकाइनो, गरुल, धाइरो, तरवारे, चितु, सिउँडी, लेमनग्रास आदि हुन भने हर्रो, बर्रो, पाँचऔंले, मोभ्रो घ्यू कुमारी, तुलसी, पुदिना, निम, असुरो, तितेपाती, बाहोरी, गुर्जो, ऐसेलु, चुत्रो, जस्ता धेरै प्रकारका जडिवुटीहरु पनि यस गाउँपालिकामा पाइन्छन् ।

## ८.४ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा चितुवा, बाघ, चरीबाघ, मृग, दुम्सी, बाँदर, भालु, स्याल, वन विरालो, मलसाप्रो, ढेडु, सेतो बाँदर, घोरल, खरायो आदि छन्।

### (ख) चराचुरुङ्गी

गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, डाँग्रे, काग, ढुकुर, जुरेली, फिस्टा, वन कुखुरा, (कालिज), कोकले, गिद्ध, चील, वाज, हुचिल, उल्लु, चमेरो, लाटोकोसेरो, भँगरो गौथली, चिवे, कल्चौडो, धोवी आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा भित्ती, हरेउ,सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) कीरा फट्याङ्ग्राहरु

मौरी, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्ग्राहरु आदि ।

## ८.५ वनजंगल

बरेङ गाउँपालिका समुन्द्र सतहबाट १०७१ मिटरको उचाईदेखि शुरु भएर २७७३ मिटरसम्म गएर अन्त्य भएको छ । यो गाउँपालिकामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्रभित्र जैविक विविधता पनि प्रशस्त रहेको छ। यस गाउँपालिका बाहिरका अन्य गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप हुने अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन रहेको छ। यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलानालाको अभिन्न सम्बन्ध रहेको छ।



चित्र नं. १३ : गाउँपालिकामा रहेको वनजंगल

वन क्षेत्र होचो भू-भागदेखि मध्य पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ। सम-शितोष्ण तथा शितोष्ण प्रदेशीय हावापानी भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, हार्डउड, खयर सिसौं, चिरपाईन (खोटे सल्लो), मिश्रित वन र झाडी बुट्यान रहेका छन्।

## ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ ।

गाउँपालिकामा आ.व. २०७१/७२ सम्ममा २८ सामुदायिक वनहरुलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ । विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप विनासको अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा वृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ ।

### तालिका नं. ७० : सामुदायिक वन सम्बन्धी विवरण

| क्र.सं | सामुदायिक वनको नाम | वडा नं. | क्षेत्रफल (हेक्टरमा) | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|
| १ | न्यूरेन सामुदायिक वन, झुले | १ | | |
| २ | गोइम सामुदायिक वन, लिउँवा | १ | | |
| ३ | कालीलेख सामुदायिक वन, ओखरेनी | १ | | |
| ४ | दार्शनिक सामुदायिक वन, उर्लेनी | १ | | |
| ५ | देउराली सामुदायिक वन | २ | ५.२ | २१ |
| ६ | हरियाली सामुदायिक वन | २ | ८.१९ | ४१ |
| ७ | जुरेढुंगा सामुदायिक वन | २ | ४.३९ | ३३ |
| ८ | मैदान नेटा सामुदायिक वन | २ | ३.९ | ८८ |
| ९ | पहरेडाँडा सामुदायिक वन | २ | ४.७ | |
| १० | छहराखोला सामुदायिक वन | २ | ३.६९ | ४४ |
| ११ | किचेढुङ्गा सामुदायिक वन | २ | ४.९६ | २७ |
| १२ | ठुलडाँडा खोल्टेपानी सामुदायिक वन | २ | ५ | ५२ |
| १३ | खोलाखर्क सामुदायिक वन | २ | ३.९१ | ६५ |
| १४ | भैरवथान सामुदायिक वन | २ | ७९.९९ | १०५ |
| १५ | चिसापानि सामुदायिक वन | २ | २०६ | ९० |
| १६ | सिद्धवावा सामुदायिक वन | २ | ९७.५ | ७९ |
| १७ | सल्लेरी सामुदायिक वन | २ | १४.६ | ७२ |
| १८ | मंगलापुर सामुदायिक वन | २ | | |
| १९ | अन्सार सामुदायिक वन | ३ | | |
| २० | भलविट सामुदायिक वन | ३ | | |
| २१ | रातोभिर सामुदायिक वन | ३ | | |
| २२ | किसिमकोट सामुदायिक वन | ३ | | |
| २३ | तिनखण्डे सामुदायिक वन | ३ | | |
| २४ | रिपाट सामुदायिक वन | ३ | | |
| २५ | नागेन सामुदायिक वन | ३ | | |
| २६ | चिनाटे सामुदायिक वन | ३ | | |
| २७ | ठाडो पाखो सल्लेरी सामुदायिक वन | ४ | ४ | |
| २८ | भिरजरा सामुदायिक वन | ५ | | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

### ८.५.२ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ।

## ८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा पिपल, सुन्तला, निवुवा, कागती, ज्यामिर, नास्पाती, आरु, अंगुर, किम्बु, काफल, हाडे काफल, आँप, केरा, मेवा आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, सल्ला, सिसौ, सिमल, साँज, लाँकुरी, चिलाउने, उत्तिस, गुराँस, कटुस, टाँकी, जामुन, सिमल आदि रहेका छन्।

## ८.७ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, तितेपाती, असुरो, कुरीलो, खिर्रो, भोगटे, पानीअमला, अर्चल, दुवो, आइटीनफार, तुलसी, पारीजात, घ्युँकुमारी, निम, बोफो, वाकलपाते, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, हलेदो, सिउँडी, वेल, अमला, बर, पिपल, अम्बा, हर्रो, बर्रो, चिप्ले वहरो, धोवी, सिमली, काकुली जरा, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.८ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता आवश्यक देखिन्छ। गाउँपालिकामा उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास

कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ। वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने।
- ✓ पर्यापर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने।
- ✓ जैविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने।

## ८.९ खनिज

भू-गर्भ बनावट अनुसार बागलुङ जिल्लामा तामा, फलाम, सिसा, सुन र अभ्रक जस्ता खनिज पदार्थको प्रशस्त सम्भावना रहे तापनि अध्ययन अनुसन्धानको कमीले यस जिल्लामा कुन कुन खानी, कहाँ र के-कति मात्रामा पाईन्छन् त्यसको एकीन गर्न गाह्रो रहेको छ। यस बरेङ गाउँपालिकामा भएका खनिज पदार्थहरुको खोजी कार्य हुन नसकेको कारण कुन खनिज कति मात्रमा यहाँ पाइन्छ भन्न सक्ने अवस्था भने छैन।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकाङ्कको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार बागलुङ जिल्लाको मानव विकास सूचकाङ्क ०.४७८ (नेपालको ०.४९०) रहेको छ। अर्थात् बागलुङ जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ । पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने बागलुङ जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६८.८३ वर्ष र यसको सूचक ०.७३०, प्रौढ साक्षरता दर (Adult literacy) ६५.५४ प्रतिशत र यसको सूचक ०.६५५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.९१ वर्ष र यसको सूचक ०.२६१ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capita income) ८६८ अमेरिकी डलर र यसको सूचक ०.३६१ रहेको देखिन्छ। यसको विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ७२ : मानव विकास सूचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| बागलुङ | ६८.८३ | ०.७३० | ६५.५४ | ०.६५५ | ३.९१ | ०.२६१ | ८६८ | ०.३६१ | ०.४७८ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्या प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा बागलुङ जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिदैन। बागलुङ जिल्लाको मानव गरीबी सूचकाङ्क मान २७.३३ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा बागलुङ जिल्लाको प्रौढ निरक्षरता दर (Adult illitracy rate) ३४.४६ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40 ) ८.५२ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ११.१२ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४२.९० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार बागलुङ जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। साविकका ७५ जिल्लाहरू मध्ये यो जिल्ला २८ औं स्थानमा रहेको छ र गरीबीको दर २२.९४ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या ६१,१६३ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७३ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| २८ | २२.९४ (३.९५) | ५.२९ (१.१७) | १.८१ (०.४७) | ६१,१६३ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगार सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सीपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न सीपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार १४,४९२ जनताको बसोबास भएको यस गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले सम-समुन्नत गाउँको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानवविकास सूचकाङ्क, लैंगिक समता सूचकाङ्क, जनताको बाँच्ने औषत आयु, औषत ग्राहस्थ उत्पादन, औषत साक्षरतादर र औषत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकी स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा धारा/पाइपको पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ९४.८८ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा मूल धाराको पानी प्रयोग गर्नेको संख्या ३.१५ प्रतिशत देखिन्छ। यसरी समग्रमा हेर्दा सफा खानेपानीको अभाव रहेको देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका केही अगाडि रहेको देखिन्छ। समग्र देशको तुलनामा पनि यो गाउँपालिका अगाडि नै देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७२.५१ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८१.२६ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६६.३१ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग १४.९६ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाँउबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कूल जाने उमेरका केही बालबालिकाहरुले स्कूल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कूलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्का तिर माध्यामिक शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिक स्तरको शिक्षालाई व्यवसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

# बरेङ गाउँपालिका

प्रदेश नं. ४, बागलुङ

बरेङ गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | सम्पर्क नम्बर | फोटो |
|---|---|---|---|---|
| १ | बैकुण्ठ पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५७६३२३२८ |  |
| २ | कृष्णा थापा | इन्जिनियर | ९८६७६००१२० |  |
| ३ | राजन कार्की | सूचना प्रबिधि अधिकृत | ९८४७६५९३२७ |  |
| ४ | तम बहादुर खत्री | ना.सु | ९७५६७००५२६ |  |
| ५ | पदम बहादुर थापा मगर | लेखापाल | ९८४७६२४९२५ |  |
| ६ | पदम बहादुर पुन | स्वास्थ्य संयोजक | ९८६५०६१८१० | |
| ७ | येज्ञ प्रसाद न्यौपाने | श्रोत व्यक्ति, शिक्षा | ९८४७७१९४२७ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | मिलन श्रीस राना | खरिदार | ९८४७७४०५०५ |  |
| ९ | नेत्र प्रसाद शर्मा | प्रा.स, पशु सेवा | ९८५७६२३२०७ | |
| १० | चन्द्रकान्ता कुमार भुज | प्रा.स, कृषी सेवा | ९८६७८५७५६७ | |
| ११ | अनाकलाल शर्मा | सब-इन्जिनियर | ९८५५०८२४२१ |  |
| १२ | नारायण प्रसाद सुबेदी | प्राबिधिक सहायक | ९८४७६५८४९० | |
| १३ | रुपादेवी शर्मा | ना.प्रा.स, कृषी | ९८४७६५६७९३ | |
| १४ | तुलसीदेवी शर्मा | ना.प्रा.स, कृषी | ९८४७७५७३०२ | |
| १५ | नारायण पौडेल | ना.प्रा.से.प्रा, पशु सेवा | | |
| १६ | कमला कोइराला | ना.प्रा.से.प्रा, पशु सेवा | ९८६०६४५२५६ | |
| १७ | दिलिपा पुन | सामाजिक परिचालक | ९८४७७१०९२८ | |
| १८ | चन्द्र कुमारी थापा | कार्यालय सहयोगीत्र | | |
| १९ | दिपा शर्मा | कार्यालय सहयोगी | | |
| २० | मेघनाथ शर्मा | कार्यालय सहयोगी | | |
| २१ | चन्द्रकाला थापा | कार्यालय सहयोगी | ९८६७७४३४४२ | |
| २२ | प्रेम बहादुर नेपाली | कार्यालय सहयोगी | ९८५७६२५५४२ | |
| २३ | किसान खत्री | कार्यालय सहयोगी | ९८६७७७००२६ | |
| २४ | वविता पुर्जा | कार्यालय सहयोगी | ९८६१४३०२७९ | |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*

# बरेङ गाउँपालिका

प्रदेश नं. ४, बागलुङ

बरेङ गाउँपालिकामा गाउँसभाका सदस्यहरु : २०७४



**नाम : कृष्ण प्रसाद शर्मा**
**पद : अध्यक्ष**
**सम्पर्क : ९८५७६२२५५१**



**नाम : दिल कुमारी पुन**
**पद : उपाध्यक्ष**
**सम्पर्क : ९८४७६८३०६०**

| | | | |
|---|---|---|---|
|  | नाम : नरसेङ पुन<br>पद : वडा अध्यक्ष<br>वडा नं. : १<br>सम्पर्क : ९८०५१७१७३८ |  | नाम : गुप्त प्रसाद काला थापा<br>पद : वडा अध्यक्ष<br>वडा नं. : २<br>सम्पर्क : ९८४९६८३३११ |
|  | नाम : पूर्ण बहादुर खनाल<br>पद : वडा अध्यक्ष<br>वडा नं. : ३<br>सम्पर्क : ९७४७०२०१३४ |  | नाम : लिल बहादुर खत्री<br>पद : वडा अध्यक्ष<br>वडा नं. : ४<br>सम्पर्क : ९८६७०१८८३२ |
|  | नाम : अमर बहादुर शेरबुजा<br>पद : वडा अध्यक्ष<br>वडा नं. : ५<br>सम्पर्क : ९८६७७७६२८ |  | नाम : नर बहादुर सुनार<br>पद : दलित वा अल्पसंख्यक सदस्य<br>सम्पर्क : ९७४४७७६३८० |

| | |
|---|---|
|  | नाम : देव बहादुर सुनार<br>पद : दलित वा अल्पसंख्यक सदस्य<br>सम्पर्क : ९८६७४१२१२९ |
|  | नाम : गंगा क्षेत्री सुनार<br>पद : दलित महिला सदस्य<br>वडा नं. : १<br>सम्पर्क : ९८०६१७१४५५ |
|  | नाम : मनदेवी खत्री<br>पद : महिला सदस्य<br>वडा नं. : २<br>सम्पर्क : ९८४०५०२०८१ |
|  | नाम : मेख बहादुर छन्त्याल आले<br>पद : वडा सदस्य<br>वडा नं. : २<br>सम्पर्क :९८४६०६४८७० |
|  | नाम : दुर्गा कार्की थापा क्षेत्री<br>पद : महिला सदस्य<br>वडा नं. : ३<br>सम्पर्क : ९८६७६२३१७२ |
|  | नाम : धनपति शर्मा<br>पद : वडा सदस्य<br>वडा नं. : ३<br>सम्पर्क : ९८६८३३७३१८ |

| | |
|---|---|
|  | नाम : बिष्णुमाया मगर्नी<br>पद : महिला सदस्य<br>वडा नं. : १<br>सम्पर्क : ९८०५१७३४६६ |
|  | नाम : छत्र बहादुर थापा<br>पद : वडा सदस्य<br>वडा नं. : १<br>सम्पर्क : ९८६९०६६२२२ |
|  | नाम : अमृता परिवार<br>पद : दलित महिला सदस्य<br>वडा नं. : २<br>सम्पर्क : ९८४६६१३६२२ |
|  | नाम : रन बहादुर क्षेत्री पौडेल<br>पद : वडा सदस्य<br>वडा नं. : २<br>सम्पर्क : ९८४७५४०८४८ |
|  | नाम : दिपा सुनार<br>पद : दलित महिला सदस्य<br>वडा नं : ३<br>सम्पर्क : ९८४३५१४६८४ |
|  | नाम : पृथ्वी बहादुर पुन<br>पद : वडा सदस्य<br>वडा नं. : ३<br>सम्पर्क : ९८४४७४७१२० |

| | |
|---|---|
|  | नाम : राज कुमारी खत्री<br>पद : महिला सदस्य<br>वडा नं. : ४<br>सम्पर्क : ९८६६८५९१४९ |
|  | नाम : अमृत गौतम<br>पद : वडा सदस्य<br>वडा नं. : ४<br>सम्पर्क : ९८४७५८७२६१ |
|  | नाम : पवित्रा पुन<br>पद : महिला सदस्य<br>वडा नं. : ५<br>सम्पर्क : ९७४५०३४५६२ |
| | नाम : इन्द्र बहादुर खत्री<br>पद : वडा सदस्य<br>वडा नं. : ५<br>सम्पर्क : ९८२७११९४११ |

| | |
|---|---|
|  | नाम : गंगा देवी बिक थापा<br>पद : दलित महिला सदस्य<br>वडा नं. : ४<br>सम्पर्क : ९८६७७६५५३९ |
|  | नाम : जन बहादुर खत्री<br>पद : वडा सदस्य<br>वडा नं. : ४<br>सम्पर्क : |
| | नाम : भुमा सर्किनी<br>पद : दलित महिला सदस्य<br>वडा नं. : ५<br>सम्पर्क : ९८६७२६३४६८ |
| | नाम : बिष्न बहादुर सुनार<br>पद : वडा सदस्य<br>वडा नं. : ५<br>सम्पर्क : ९८६७४६२४८४ |

*स्रोत : बरेङ गाउँपालिकाको कार्यालय, २०७४*